# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

स्रष्टाहरूको रचनाले नै साहित्यको विकास हुन्छ । स्रष्टाको जीवनी र कृतित्वबाट उसको सांस्कृतिक र राजनैतिक परिवेश बुझ्न सकिन्छ । यस शोधपत्रमा चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ३ निवासी साहित्यकार मदनमोहन जोशी (१९९३-२०६५) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

वि.सं. १९९३ सालमा तनहुँ जिल्ला बन्दीपुरको नरायणटोलमा जन्मेका मदनमोहन जोशीले आफ्नो कर्मथलो भने चितवनलाई बनाए । आफ्ना पिताले २०११ सालदेखि चितवनको नारायणगढमा व्यापार व्यवसाय सञ्चालन गरेका कारण मदनमोहन जोशी २०१३ सालमा चितवनको नारायणगढमा बसाइँ सरे । चितवनमा बसेर नै मदनमोहन जोशीले बहुमुखी व्यक्तित्वका रूपमा स्थापित हुने अवसर प्राप्त गरे ।

मदनमोहन जोशी चितवनका अग्रणी साहित्यकार हुन् । उनले नेपाली साहित्य, समाज र राजनीतिमा उल्लेख्य योगदान गरेका छन् । २०१० सालदेखि नै कविता लेख्न सुरु गरेका मदनमोहन जोशीले साहित्यिक र साहित्येतर गरी १५ वटा पुस्तकहरू प्रकाशित गरेका छन् । उनका साहित्यिक कृतिहरूमा **म मर्दिन** कवितासङ्ग्रह र **भरियाको कथा** कथासङ्ग्रह रहेका छन् । उनले आफ्ना साहित्यिक कृतिमार्फत सामाजिक विकृति र विसङ्गतिहरूको उजागर गर्दै देश र जनताका पक्षमा आवाज उठाएका छन् । विभिन्न समयमा लेखिएका रचनाहरूलाई सङ्कलन गरी मदनमोहनले **म मर्दिन** कवितासङ्ग्रह र **भरियाको कथा** कथासङ्ग्रह प्रकाशित गरी साहित्यकारको रूपमा स्थापित भए भने साहित्येतर कृतिहरूले उनलाई राजनीतिक व्यक्तित्वका रूपमा चिनाएका छन् ।

मदनमोहन जोशीलाई साहित्य मात्र नभएर राजनीतिको पनि ज्ञान थियो । उनका अधिकांश कृतिहरू साहित्येतर छन् । विशेष गरी कम्युनिष्ट नेताहरूको जीवनीलेखन र अनुवाद गर्नुमा उनी अगाडि छन् । उनले खोज र अनुसन्धान गरी जोशी वंशावली पनि

प्रकाशित गरेका छन् । उनका साहित्येतर कृतिहरूमा **पेकिङ स्वास्थ्य निवास** (२०१९) **मेरो एउटा प्रेमपत्र** (२०२६), **कम्युनिष्ट पार्टीको घोषणा-पत्र** (२०२६), **स्तालिनबारे** (२०२८), **जनताको सेवा गर** (२०३०), **हो चि मिन्ह** (२०३२), **कम्युनिष्ट के चाहन्छन्** (२०३६), **संविधानप्रतिको मोहभङ्ग** (२०४७), **अतिबुद्धिवादीपना बराबर बेइमानीपना** (सहलेखन-२०४६), **भरियाको कथा** (२०४८), **प्रतिक्रियावादी संविधानको खैलाबैला** (२०४८), **महिला मुक्ति आन्दोलन** (२०४९), **जोशी वंशावली** (२०६१) रहेका छन् । साहित्येतर कृतिमार्फत मदनमोहन जोशीले राजनीतिक चेतना विस्तार गर्ने कार्यमा ठूलो योगदान दिएको देखिन्छ ।

सामाजिक क्षेत्रमा पनि मदनमोहन जोशीले महत्त्वपूर्ण योगदान गरेका छन् । विद्यालयहरू खोल्ने, शिक्षण गर्ने, साहित्यिक संस्था गठन गर्ने लगायतका कामहरूका कारण उनी चितवनका अग्रणी समाजसेवीको रूपमा चिनिन्छन् । उनले गरेको योगदानका कारण उनलाई बहुमुखी प्रतिभाका धनी भन्न सकिन्छ ।

उनका बारेमा पत्रपत्रिकाहरूमा चर्चा-परिचर्चा, भए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वमाथि भने व्यवस्थित अध्ययन र अनुसन्धान हुन सकेको छैन । समाजको लागि विशिष्ट योगदान गरेका प्रतिभावान् व्यक्तिको रचनात्मक योगदानको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता भएको हुनाले यो शोधपत्र मदनमोहन जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन तथा विश्लेषणमा आधारित रहेको छ । मदनमोहन जोशी बहुमुखी व्यक्तितवका धनी हुन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा शोधपत्र तयार गर्नको लागि उनीसमक्ष जाँदा उनी निकै उत्साहित भएका थिए । शोधप्रस्ताव तयार गर्नको लागि उनीसँग विभिन्न छलफल गरी जानकारी लिने काम भएको थियो तर शोधपत्र तयार गर्दाकै अवस्थामा बाँकी छलफल उपचार गरी फर्केपछि गरौंला भनेर उपचारको काममा भारतको दिल्ली गएका थिए । उपचारकै क्रममा २०६५ कार्तिक २८ गते उनको दुःखद निधन भयो । उनी मरे पनि उनको योगदानको कदर गर्नुपर्छ, उनको योगदान सबैको लागि प्रेरणादायी बन्छ भन्ने मान्यताले मृत्युपश्चात् प्रस्ताव स्वीकृत गरी शोधपत्र तयार गरिएको छ ।

यो शोधपत्र उनका साहित्यिक कृति **भरियाको कथा** कथासङ्ग्रह र **म मर्दिन** कवितासङ्ग्रहको अध्ययन विश्लेषणमा आधारित छ भने उनका साहित्येतर कृतिहरूको सामान्य चर्चा गरिएको छ । यस्ता कृतिकारको जीवनी र व्यक्तित्व पनि कृतित्वसँगै प्रस्तुत हुनु आवश्यक देखिएकोले यस शोधपत्रका लागि **साहित्यकार मदनमोहन जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयक शीर्षक राखिएको छ ।

## १.२ समस्याकथन

साहित्यिक सर्जकको व्यक्तित्वको खोजी नभएसम्म ती सर्जकहरूको योगदानको मूल्याङ्कन हुन सक्दैन । साहित्य लगायत समाजको क्षेत्रमा पनि उल्लेख्य योगदान गरेका **साहित्यकार मदनमोहन जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा निम्नलिखित समस्या रहेका छन् -

क) साहित्यकार मदनमोहन जोशीको जीवनी कस्तो छ ?

ख) उनको व्यक्तित्व के-कस्तो रहेको छ ?

ग) नेपाली साहित्यमा उनको आगमन र साहित्य यात्रा कस्तो छ ?

घ) उनका साहित्यिक रचनामा के-कस्तो प्रवृत्ति पाइन्छ ?

यिनै समस्याहरूको अध्ययन गरी यो शोधपत्रमा साहित्यकार मदनमोहन जोशीको मूल्याङ्कन गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

साहित्यकारहरूको सिर्जनामा देशको वास्तविकता झल्किन्छ । देशको सभ्यता र संस्कृतिलाई जीवन्त राख्न साहित्यकारहरूको महत्त्वपूर्ण देन रहेको हुन्छ । त्यसैले साहित्यको विकास गर्न साहित्य सर्जकहरूको योगदानको अध्ययन-अनुसन्धान हुनु आवश्यक हुन्छ । यसै क्रममा लामो समयदेखि नेपाली साहित्यमा कलम चलाएका साहित्यकार मदनमोहन जोशीको योगदानको अन्वेषण र मूल्याङ्कन गर्ने उद्देश्यले नै यो शोधपत्र तयार पारिदिएको छ । यसका लागि समस्या कथनसँग मेल खाने निम्नलिखित मुख्य उद्देश्य रहेका छन् -

क) साहित्यकार मदनमोहन जोशीको जीवनीको अध्ययन गर्नु ।

ख) उनका साहित्यिक र साहित्येतर व्यक्तित्वको अध्ययन गर्नु ।

ग) नेपाली साहित्यमा उनको योगदान र साहित्ययात्राको अध्ययन गर्नु ।

घ) उनका साहित्यिक कृतिहरूमा पाइने प्रवृत्तिको अध्ययन गर्नु ।

यिनै उद्देश्यहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार मदनमोहन जोशीका बारेमा विभिन्न समयमा विभिन्न लेखकहरूले सामान्य रूपमा चर्चा परिचर्चा गरेको पाइए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई

समेट्ने गरी विस्तृत अध्ययन हुन सकेको छैन । जे-जति चर्चा-परिचर्चा गरिएको छ र त्यसको कालक्रमिक विवरण यसप्रकार छ-

क) **नौलो राँको** (अङ्क-४, २०२८) चितवन अङ्कको रूपमा प्रकाशित भएको छ । लेखकको नाम उल्लेख नभएको सोमनाथ घिमिरेद्वारा सम्पादित *चितवनको साहित्य अति सङ्क्षिप्त परिचय* लेखमा मदनमोहन जोशी कविता, लेख, निबन्ध र समीक्षा लेख्ने सुपरिचित अग्रज हुन्[१] भनेर चित्रण गरिएको छ । समाजको सानोभन्दा सानो खराबीप्रति पनि उनको रचनामा चर्को प्रहार भएको पाइन्छ ।[२]

ख) लक्ष्मणप्रसाद गौतमद्वारा लिखित **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण** (२०५२) मा मदनमोहन जोशीको **भरियाको कथा** कथासङ्ग्रह र **म मर्दिन** कवितासङ्ग्रहको विषयमा चर्चा गरिएको छ । प्रस्तुत कृतिमा मदनमोहन जोशीको **भरियाको कथा**ले शोषणयुक्त सामाजिक अवस्था, सामन्तहरूको थिचोमिचो र पञ्चायतकालीन कुकृत्यलाई प्रकाश पार्दै जनतामा जागरण ल्याएको छ ।[३] यसैगरी सोही कृतिमा मदनमोहन जोशीको **म मर्दिन** कवितासङ्ग्रह प्रगतिवादी भावधारामा लेखिएको र दार्शनिक पृष्ठभूमिमा अन्याय र अत्याचारको विरोध गरिएको विषयलाई चित्रण गरिएको छ ।[४]

ग) अनामिका प्रकाशन समूह गैंडाकोट नवलपरासीको **सौगात अनामिका** (वर्ष-२, अङ्क-२, २०५९) मा नरेश थापाले मदनमोहन जोशीको अन्तर्वार्ता लिएका छन् । प्रस्तुत अन्तरवार्तामा नरेश थापाले मदनमोहन जोशीलाई प्रगतिवादी साहित्य रचनामा अविच्छिन्न कलम चलाउने व्यक्तिका रूपमा प्रस्तुत गरेका छन् ।[५]

घ) चितवन माध्यमिक विद्यालयको स्वर्ण जयन्तीको अवसरमा प्रकाशित **वेणी स्वर्ण स्मारिका**मा विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष कृष्णराज न्यौपानेले विद्यालयको प्रतिवेदन प्रस्तुत गरेका छन् । प्रतिवेदनमा

---

[१] सोमनाथ घिमिरे (सम्पा.), *चितवनको साहित्य अति सङ्क्षिप्त परिचय,* **नौलो राँको,** अङ्क-४, चितवन : नौलो राँको प्रकाशन, २०२८, पृ. १२ ।

[२] ऐजन ।

[३] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ. ७८-७९ ।

[४] पूर्ववत्, पृ. ५२ ।

[५] नरेश थापा, **अनामिका,** नवलपरासी : अनामिका प्रकाशन समूह, (वर्ष-२, अङ्क-२, २०५९) पृ. ७ ।

विद्यालयको स्थापना गर्नमा मदनमोहन जोशीको ठूलो योगदान रहेको छ भन्दै विद्यालयको संस्थापकका रूपमा चिनाइएको छ ।[६] यसै गरी यसै स्मारिकामा विद्यालयको स्थापना र विकासमा मदनमोहन जोशीको महत्त्वपूर्ण योगदान रहेको उल्लेख छ ।[७] यसरी नै **वेणी स्वर्ण स्मारिका**मा नै साहित्यिक लेख प्रकाशित गरी लक्ष्मणप्रसाद गौतमले मदनमोहन जोशीको **भरियाको कथा**ले वर्तमानको असमानता विकृति र विसङ्गति चिरफार गरेर चेतना प्रवाह गरेको उल्लेख गरेका छन् ।[८]

ङ) **चितवन पोष्ट** दैनिकको २०६२ साल भदौ ११ गतेको अङ्कमा इन्द्रप्रसाद रेग्मीले *चोलानाथ अर्थात् मदनमोहन जोशी* शीर्षकको लेख प्रकाशित गरेका छन् । लेखमा मदनमोहन जोशी बन्दीपुरमा जन्मे तापनि कर्मभूमि चितवनलाई बनाएर चितवनको साहित्य, सामाजिक क्षेत्र र राजनीतिक क्षेत्रमा पनि उल्लेख्य योगदान गरेर बहुमुखी व्यक्तित्वको रूपमा स्थापित भएको उल्लेख छ ।[९]

च) **नवयुग** मासिक पत्रिकामा विजय सुवेदीले *चितवनको कम्युनिष्ट आन्दोलन* शीर्षकमा लेख प्रकाशित गरेका छन् । लेखमा मदनमोहन जोशीले प्रतिकूल परिस्थितिमा पनि कम्युनिष्ट सम्बन्धी चेतना विस्तार गरी चितवनमा कम्युनिष्ट पार्टीको स्थापना गर्नमा उल्लेखनीय योगदान गरेको उल्लेख छ ।[१०]

छ) सञ्जीवनी साहित्य सदन, पदमपुरको त्रैमासिक पत्रिका **सञ्जीवनी** (२०६३) मा मदनमोहन जोशीको अन्तर्वार्ता प्रकाशित भएको छ । पत्रिकाका प्रधानसम्पादक भेषराज पौडेलले लिएको अन्तरवार्तामा जोशीलाई चितवनका

---

[६] कृष्णराज न्यौपाने, *अध्यक्षको प्रतिवेदन,* **वेणी स्वर्ण स्मारिका,** चितवन : चितवन माध्यमिक विद्यालय, २०६०, पृ. १६९ ।

[७] हरिराज पौडेल, *प्रधानाध्यापकको प्रतिवेदन,* **वेणी स्वर्ण स्मारिका,** चितवन : चितवन माध्यमिक विद्यालय, २०६०, पृ. २८४ ।

[८] लक्ष्मणप्रसाद गौतम, *प्रजातन्त्र पुनर्स्थापनापछिको चितवनको साहित्य,* **वेणी स्वर्ण स्मारिका,** चितवन : चितवन माध्यमिक विद्यालय, २०६०, पृ. १६९ ।

[९] इन्द्रप्रसाद रेग्मी, *चोलानाथ अर्थात् मदनमोहन जोशी,* **चितवन पोष्ट** दैनिक (वर्ष-८,अङ्क-११७, २०६२) पृ. २ ।

[१०] विजय सुवेदी, *चितवनको कम्युनिष्ट आन्दोलन,* **नवयुग** मासिक, काठमाडौं : केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, नेकपा एमाले (अङ्क-२, २०६२), पृ. ३३ ।

प्रगतिशील तथा वरिष्ठ साहित्यकारका रूपमा चित्रण गर्दै नेपाली साहित्यको क्षेत्रमा विशेष योगदान भएका व्यक्ति भनेर उल्लेख गरेका छन् ।[११]

ज) त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभाग, स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्र प्रयोजनका लागि शोधार्थी श्रीचन्द्र वाग्लेले तयार पारेको **चितवनका साहित्यिक सङ्घ संस्थाहरूको सर्वेक्षण** शोधपत्र-२०६३ मा २०४४ सालमा साहित्य सङ्गम चितवन स्थापना गर्नको लागि मदनमोहन जोशीको ठूलो योगदान रहेको चर्चा गर्दै जोशी नै २०४७ सालमा भएको प्रथम अधिवेशनबाट संस्थापक अध्यक्ष बनेर चितवनको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान गरेको उल्लेख छ ।[१२]

झ) **चितवन पोष्ट** दैनिकको वर्ष-९, अङ्क-१०, २०६३ मा प्रकाशित अङ्कमा मदनमोहन जोशीको अन्तर्वार्ता प्रकाशित भएको छ । रुकु भट्टले लिएको अन्तर्वार्तामा मदनमोहन जोशीलाई चितवनको साहित्य र पत्रकारिताको विकासमा उल्लेख्य योगदान गरेका व्यक्ति भनेर चित्रण गरिएको छ ।[१३]

ञ) **नेपाल साप्ताहिक** २०६३ चैत्र ८ गते आइतबार प्रकाशित अङ्कमा **जोशीको जोश** भन्ने शीर्षकमा जनकराज सापकोटाले समाचार प्रकाशित गरेका छन् । समाचारमा मदनमोहन जोशी उमेरले पाका भए पनि अध्ययनमा युवा जोश भएका व्यक्ति र पत्रकारिता, साहित्य, समाजसेवा र शिक्षाका अग्रज व्यक्तित्व हुन् भनेर चिनाइएको छ ।[१४]

ट) **नयाँ अग्रगमन** मासिक वर्ष-२, पूर्णाङ्क-१७ मा *ताम्सालिङ क्षेत्रका कवि र कविताहरू* शीर्षकको लेख प्रकाशित भएको छ । लेखमा अनिल शर्माले मदनमोहन जोशी चितवनका अग्रणी स्रष्टा हुन् भन्दै जोशीको **म मर्दिन**

---

[११] भेषराज पौडेल, *मानिसको हृदय स्पन्दन नै साहित्य हो,* अन्तर्वार्ता, **सञ्जीवनी** त्रैमासिक पत्रिका, चितवन : सञ्जीवनी साहित्य सदन (वर्ष-१, अङ्क-१, २०६३) पृ. २९ ।

[१२] श्रीचन्द्र वाग्ले, **चितवनका साहित्यिक सङ्घ संस्थाहरूको सर्वेक्षण** शोधपत्र, स्नातकोत्तर तह, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६३ ।

[१३] रुकु भट्ट, *साहित्यको सिर्जना पाउनको लागि नभएर दिनको लागि गरिन्छ,* अन्तर्वार्ता, **चितवन पोष्ट** दैनिक, वर्ष-९, अङ्क-१०, २०६३, पृ. २ ।

[१४] जनकराज सापकोटा, *जोशीको जोश,* **नेपाल साप्ताहिक,** कान्तिपुर पब्लिकेशन प्रा.लि., २०६३ भदौ १८, पृ. ८ ।

कवितासङ्ग्रहले शोषित पीडित जनताको आवाज मुखरित गरेको उल्लेख गरेका छन् ।[१५]

ठ) साहित्य सङ्गम चितवनद्वारा २०६४ सालमा साहित्य सङ्गम चितवनको विगत र वर्तमान शीर्षकको पुस्तक प्रकाशित भएको छ । पुस्तकका लेखक डी.आर. पोखरेलले साहित्य सङ्गम चितवनको स्थापना गर्न मदनमोहन जोशीको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्दै जोशीले २०४७ सालमा अध्यक्ष भए र त्यसपछि सल्लाहकारका रूपमा रहेको उल्लेख गरेका छन् ।[१६]

ड) **पारदर्शी** दैनिकको वर्ष-१३, अङ्क-१७५ मा *भरियाको कथा नुनबिनाको तिहुन* शीर्षकमा समीक्षात्मक लेख प्रकाशित भएको छ । डी.आर. पोखरेलद्वारा लेखिएको लेखमा **भरियाको कथा** कथासङ्ग्रहमा प्रकाशित कथाहरूले सामाजिक विकृति र विसङ्गतिहरूको विरुद्धमा आवाज उठाएको उल्लेख छ । लेखमा **भरियाको कथा** कथासङ्ग्रह विचारको दृष्टिकोणले उच्च रहे पनि कलात्मक प्रस्तुतीमा कमी रहेको भनिएको छ ।[१७]

ढ) **चितवन पोष्ट** दैनिकको २०६५ कार्तिक ३० गते शनिबार प्रकाशित अङ्कमा *मदनमोहन जोशीको निधन* शीर्षकमा समाचार प्रकाशित भएको छ । लेखकको नाम उल्लेख नभएको फोटोसहितको समाचारमा पत्रकारिता, साहित्य र राजनीतिमा उल्लेख्य योगदान गरेका मदनमोहन जोशीको उपचारको क्रममा दिल्लीको राजिव गान्धी हस्पिटलमा २०६५ साल कार्तिक २८ गते निधन भएको उल्लेख छ ।[१८]

ण) **पारदर्शी** दैनिकको २०६५ कार्तिक २० गतेको अङ्कमा *अग्रज पत्रकार मदनमोहन जोशीको निधन* शीर्षकमा समाचार प्रकाशित भएको छ । चितवन पत्रकारिताको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका अग्रज पत्रकार मदनमोहन जोशीको उपचारको क्रममा भारतको नयाँ दिल्लीस्थित राजीव

---

[१५] अनिल शर्मा, *ताम्सालिङ क्षेत्रका कवि र कविताहरू,* **नयाँ अग्रगमन** मासिक, वर्ष-२, पूर्णाङ्क-१७, २०६५, पृ. ३१ ।

[१६] डी.आर. पोखरेल, **साहित्य सङ्गम चितवनको विगत र वर्तमान,** चितवन : साहित्य सङ्गम चितवन, २०६४, पृ. ५-७ ।

[१७] डी.आर. पोखरेल, *भरियाको कथा नुन बिनाको तिहुन,* **पारदर्शी** दैनिक, वर्ष-१३, अङ्क-१७५, २०६५, पृ. २ ।

[१८] धर्मराज अर्याल (सम्पा.), *मदनमोहन जोशीको निधन,* **चितवन पोष्ट** दैनिक, २०६५ कार्तिक ३०, पृ. १ ।

गान्धी हस्पिटलमा २०६५ साल कार्तिक २८ गते दुःखद् निधन भएको चर्चा गरिएको छ ।[१९]

त) **चितवन पोष्ट** दैनिकको २०६५ मंसिर १ गते आइतबार प्रकाशित अङ्कमा *स्वर्गीय मदनमोहनको देवघाटमा अन्त्येष्टि* शीर्षकको समाचार प्रकाशित भएको छ । प्रकाशित समाचारमा चितवनको साहित्य, राजनीति, पत्रकारिता र शिक्षाको विकासमा मदनमोहन जोशीको महत्त्वपूर्ण योगदान रहेको चर्चा गरिएको छ ।[२०]

थ) **पारदर्शी** दैनिकको २०६५ मङ्सिर १ गते प्रकाशित अङ्कमा नारायण सापकोटाले *केवल सम्झनामैरहे मदनमोहन जोशी* शीर्षकको लेख प्रकाशित गरेका छन् । लेखमा चितवनको शैक्षिक, सामाजिक, राजनीतिक, साहितियक र पत्रकारिता क्षेत्रमा स्वर्गीय मदनमोहन जोशीको योगदान उच्च रहेको उल्लेख गरिएको छ ।[२१]

द) **चितवन पोष्ट** दैनिकको २०६५ मङ्सिर ३ गते प्रकाशित अङ्कमा *ढल्यो चितवनको जिउँदो इतिहास* शीर्षकमा लेख प्रकाशित भएको छ । जनकराज सापकोटाले लेखेको लेखमा मदनमोहन जोशीलाई चितवनको राजनीति, साहित्य, शिक्षा आदिको विषयमा जानकारी दिन सक्ने, जिउँदो इतिहासको रूपमा चित्रण गर्दै उहाँको निधनले सबैलाई दुःखित बनाएको उल्लेख गरिएको छ ।[२२]

ध) **चितवन पोष्ट** दैनिकको २०६५ मङ्सिर १० गतेको अङ्कमा *मदन दाइको चितासँगै जल्यो मेरो मनको भकारी* शीर्षकमा संस्मरण प्रकाशित भएको छ । संस्मरणात्मक लेखमा रणेन्द्र बरालीले जोशीले साहित्य, राजनीति, शिक्षा र समाजको विकासमा गरेको योगदानको चर्चा गर्दै अनुकरणीय र बहुमुखी प्रतिभाका धनी व्यक्तित्व भनेर चर्चा गरेका छन् ।[२३]

---

[१९] जनक अर्याल (सम्पा.), *अग्रज पत्रकार मदनमोहन जोशीको निधन,* **पारदर्शी** दैनिक, २०६५, कार्तिक ३०, पृ.१ ।

[२०] धर्मराज अर्याल (सम्पा.), *स्वर्गीय मदनमोहन जोशीको देवघाटमा अन्त्येष्टि,* **चितवन पोष्ट** दैनिक, २०६५ मंसिर १, पृ. १ ।

[२१] नारायण सापकोटा, *केवल सम्झनामै रहे मदनमोहन जोशी,* **पारदर्शी** दैनिक, २०६५ मङ्सिर १, पृ. २ ।

[२२] जनकराज सापकोटा, *ढल्यो एउटा चितवनको जिउँदो इतिहास,* **चितवन पोष्ट** दैनिक, २०६५ मङ्सिर ३, पृ. २ ।

[२३] रणेन्द्र बराली, *मदनदाइको चितासँगै जल्यो मेरो मनको भकारी,* **चितवन पोष्ट** दैनिक, २०६५ मङ्सिर १०, पृ. १० ।

न) **चितवन पोष्ट** दैनिकको २०६५ मङ्सिर ११ गते प्रकाशित अङ्कमा *मदनमोहन जोशी दाइ अलबिदा !!* शीर्षकमा लेख प्रकाशित भएको छ । तितेपातीले लेखेको लेखमा पत्रकारिता, राजनीति, शिक्षा, साहित्य लगायतका क्षेत्रमा महत्त्वपूर्ण काम गरेका मदनमोहन जोशी सबैका लागि अनुकरणीय व्यक्ति हुन् भनेर चर्चा गरिएको छ ।[२४]

प) साहित्य सङ्गम चितवनले २०६६ सालमा **नौलो राँको**को नवौं अङ्क मदनमोहन जोशी विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ । साहित्य सङ्गमको स्थापनाकालदेखि नै आबद्ध भएर चितवनको प्रगतिवादी साहित्यमा पुऱ्याएको अविस्मरणीय योगदानको उच्च मूल्याङ्कन गर्दै **नौलो राँको**को नवौं अङ्क मदनमोहन जोशीमा समर्पित छ[२५] भनेर विशेषाङ्कमा उल्लेख छ । विशेषाङ्कमा मदनमोहन जोशीको व्यक्तित्व सम्बन्धी ३४ जना साहित्यकारहरूले लेख रचना लेखेका छन् । १३६ पृष्ठको विशेषाङ्कको पृष्ठ १ देखि १३ सम्म मदनमोहन जोशीले लेखेको हस्तलिखित सामग्री प्रकाशित गरिएको छ भन्ने पृष्ठ १४ देखि १२० सम्म जोशीको व्यक्तित्व सम्बन्धमा ३४ जनाले लेख रचना प्रकाशित गरेका छन् । रचनाहरूमा मदनमोहन जोशी साहित्य, समाज, राजनीति, शिक्षा क्षेत्रका अग्रणी र अनुकरणीय व्यक्तित्वका रूपमा चर्चा गरिएको छ भने साहित्य, शिक्षा र राजनीतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान भएर पनि मदनमोहन जोशी व्यक्तिगत स्वार्थको लागि लोभको भाँडो उभिण्डो भने जसरी व्यवहार गर्ने सामान्य मर्यादा पालन नगर्ने व्यक्ति भनेर पनि चित्रण गरिएको छ ।[२६]

फ) नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी संघ जिल्ला शाखा चितवनद्वारा प्रकाशित **अभियान** स्मारिका २०६८ मा द्वारिका नेपालले *भरियाको कथाको भारी बिसाउँदा* शीर्षकमा समीक्षात्मक लेख प्रकाशित गरेका छन् । मदनमोहन जोशीद्वारा लिखित **भरियाको कथा** कथासङ्ग्रहको समीक्षा

---

[२४] तितेपाती, *मदनमोहन जोशी दाइ ! अलबिदा !!*, **चितवन पोष्ट** दैनिक, २०६५ मङ्सिर १०, पृ. १० ।

[२५] भवनाथ सडौला (प्र.सम्पा.), **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य सङ्गम चितवन, २०६६, सम्पादकीय खण्ड, पृ. घ ।

[२६] जगतबहादुर श्रेष्ठ, **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य सङ्गम चितवन, २०६६, पृ. ९० ।

गरिएको लेखमा **भरियाको कथाले** सामाजिक, राजनीतिक विषयलाई विषयवस्तु बनाएर लेखिएको कथासङ्ग्रहले वर्ग सङ्घर्षलाई चित्रण गर्दै शोषित, पीडित जनताको पक्षमा आवाज उठाएको प्रसङ्ग उल्लेख छ ।[२७]

यसरी साहित्यकार मदनमोहन जोशीका बारेमा विभिन्न लेखक तथा समालोचकहरूले सामान्य चर्चा-परिचर्चा गरे तापनि विस्तृत अध्ययन-अनुसन्धान हुन सकेको छैन । उनलाई कवि, कथाकार, समाजसेवी आदिका विषयमा सामान्य रूपमा चिनाइएको भए पनि जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन भएको छैन । चितवनलाई कर्मभूमि बनाएर चितवनको साहित्य, शिक्षा, समाज र राजनीतिको विकासमा उल्लेख्य योगदान गरेका व्यक्तिको अध्ययन अनुसन्धान हुनुपर्ने आवश्यकता छ । उनी यस संसारमा नरहे पनि उनका अनुकरणीय कार्यले उनी अमर छन् । उनै अनुकरणीय व्यक्तित्व मदनमोहन जोशी मरेर गए पनि उनको योगदानको उच्च मूल्याङ्कन गर्दै जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको हुनाले उनको मृत्युपश्चात् पनि यो शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

साहित्यकार मदनमोहन जोशीको बारेमा विभिन्न समालोचक तथा समीक्षकहरूले गरेका टिप्पणीले मात्र उनको अध्ययन पूर्ण भएको पाइँदैन । लामो समयदेखि साहित्य सिर्जनामा निरन्तर लागिरहेकोले उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिनु औचित्यपूर्ण भएको छ । साहित्य, शिक्षा, समाज लगायतका क्षेत्रमा उल्लेख्य योगदान गरेका यस्ता सङ्घर्षशील व्यक्तिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समवर्ती र उत्तरवर्ती प्रतिभाहरूको लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने साहित्यानुरागी, पाठक तथा अनुसन्धानकर्ताहरू यस शोधपत्रबाट लाभान्वित हुने भएकोले यसको महत्त्व रहेको छ । यस शोधपत्रबाट जिल्ला र राष्ट्रको अभिलेख राख्न सहयोग पुग्ने र पुस्तकालीय अध्ययनमा समेत सहयोग पुग्ने भएको हुनाले यसको औचित्य, महत्त्व र उपयोगिता स्पष्ट भएको छ ।

---

[२७] द्वारिका नेपाल, *भरियाको कथाको भारी बिसाउँदा,* **अभियान** स्मारिका, चितवन : पुस्तक तथा स्टेशनरी व्यवसायी संघ, २०६८, पृ. १६३ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र साहित्यकार मदनमोहन जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित रहेको छ । उनको जीवनका विभिन्न पाटाहरूका साथै उनको जीवनकालमा प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गर्नु शोधकार्यको क्षेत्र रहेको छ । उनले २०४६ सालमा प्रकाशित गरेको **म मर्दिन** कवितासङ्ग्रह र २०४८ सालमा प्रकाशित **भरियाको कथा** कथासङ्ग्रहलाई मात्र अध्ययन विश्लेषण गरिएको छ भने अन्य साहित्येतर कृतिहरूको सामान्य परिचय मात्र दिइएको छ । शोधपत्रमा विभिन्न पत्रपत्रिका तथा पुस्तकमा प्रकाशित मदनमोहनका रचनाहरूको कालक्रमिक विवरण दिइएको छ । तर समकालीन साहित्यकारहरूसँग उनको तुलनात्मक अध्ययन एवं उनका सबल र दुर्बल पक्षहरूको पूर्ण विश्लेषण गरिएको छैन ।

## १.७ अध्ययन पद्धति

शोधपत्र तयारीका क्रममा सर्वप्रथम त साहित्यकार मदनमोहन जोशीका प्रकाशित कृतिहरूको सङ्कलन गरी अध्ययन र विश्लेषण गरिएको छ । शोधप्रस्ताव तयारी गर्ने अवधिमा नै शोधनायकको निधन भएकोले शोधनायकसँग लिनुपर्ने बाँकी विषयहरू शोधनायकका परिवारजन, विभिन्न विद्वान् एवं साहित्यकारहरूसँग मौखिक अन्तर्वार्ता लिइएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

शोधपत्र तयारीका लागि शोधनायकले प्रकाशित गरेका साहित्यिक पुस्तकहरूको सैद्धान्तिक विषयवस्तुको अध्ययन गरिएको छ । साथै शोधनायकको बारेमा विभिन्न पुस्तकहरू तथा पत्रपत्रिकाहरूमा लेखिएका लेखरचनाहरूको अध्ययन पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरण गर्ने क्रममा मदनमोहन जोशीको जीवनी र व्यक्तित्वको अध्ययन जीवनीपरक समालोचना विधि र कृतिपक्षको अध्ययनका लागि प्रभावपरक समालोचना विधि अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नको लागि निम्नलिखित रूपरेखामा विभाजन गरिएको छ :

**अध्याय एक : शोधपत्रको परिचय**

यस अध्यायमा शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, समग्री सङ्कलन पद्धति, सामग्री सङ्कलन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय दुई : साहित्यकार मदनमोहन जोशीको जीवनी**

यस अध्यायमा साहित्यकार मदनमोहन जोशीको जीवनीसँग सम्बन्धित पृष्ठभूमि, वंश परम्परा र बसाइँ-सराइँ, बाल्यकाल र शिक्षा-दीक्षा, दाम्पत्य जीवन र पारिवारिक स्थिति, बसोबास र आजीविका, आर्थिक अवस्था र पेसा, साहित्यिक क्षेत्रमा प्रवेश र कार्य, सामाजिक क्षेत्रमा संलग्नता, रुचि र भ्रमण, दुर्घटना उपचार, अविस्मरणीय घटना, सम्मान तथा पुरस्कार, जीवनदर्शनका विषयमा प्रकाश पारिएको छ ।

**अध्याय तीन : साहित्यकार मदनमोहन जोशीको व्यक्तित्व**

यस अध्यायमा साहित्यकार मदनमोहन जोशीको व्यक्तित्वलाई स्पष्ट पार्ने, पृष्ठभूमि, व्यक्तित्व, मदनमोहन जोशीका विषयमा विभिन्न साहित्यकारहरूको भनाइ लगायतका विषयहरू समावेश गरिएको छ ।

**अध्याय चार : नेपाली साहित्यमा जोशीको आगमन र साहित्य यात्रा**

यस अध्यायमा नेपाली साहित्यमा मदनमोहन जोशीको आगमन, नेपाली साहित्यमा उनको योगदान र साहित्य यात्राको चरण विभाजनलाई विश्लेषण गरिएको छ ।

**अध्याय पाँच : साहित्यकार मदनमोहन जोशीका प्रकाशित कृतिहरूको अध्ययन**

यस अध्यायमा मदनमोहन जोशीका साहित्यिक कृतिहरू **म मर्दिन** कवितासङ्ग्रह र **भरियाको कथा** कथासङ्ग्रहलाई अध्ययन विश्लेषण गरिएको छ भने साहित्येतर कृतिहरूको बारेमा सामान्य परिचय दिइएको छ ।

**अध्याय छ : उपसंहार**

यस अध्यायमा प्रत्येक अध्यायको सारांश र समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिशिष्ट खण्ड**

**परिशिष्ट एक :** यस परिशिष्टमा मदनमोहन जोशीको सम्मानमा साहित्य सङ्गम चितवनले प्रकाशित गरेको **नौलो राँको** अङ्क ९, मदनमोहन जोशी विशेषाङ्कको सामान्य परिचय दिइएको छ ।

**परिशिष्ट दुई :** यस परिशिष्टमा मदनमोहन जोशीले विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका फुटकर रचनाहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**परिशिष्ट तीन :** यस परिशिष्टमा साहित्यकार मदनमोहन जोशीको छायाचित्र प्रस्तुत गरिएको छ ।

**परिशिष्ट चार :** यस परिशिष्टमा मौखिक अन्तर्वार्ता लिइएका व्यक्तिहरूको स्रोत विवरण प्रस्तुत गरिएको छ ।

**परिशिष्ट पाँच :** यस परिशिष्टमा विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली प्रस्तुत गरिएको छ ।

**परिशिष्ट छ :** यस परिशिष्टमा मदनमोहन जोशीले प्राप्त गरेका सम्मान-पत्रको प्रतिलिपिहरू प्रस्तुत गरिएको छ ।

**परिशिष्ट सात :** यस परिशिष्टमा साहित्यकार मदनमोहन जोशीका अप्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ ।

# अध्याय दुई
# साहित्यकार मदनमोहन जोशीको जीवनी

## २.१ पृष्ठभूमि

संसारमा मानिस जन्मने र मर्ने क्रम चलिरहेको हुन्छ । कसैले लामो समयसम्म जिउन पाएका हुन्छन् भने कतिपयको अल्पकालमा नै जीवन समाप्त भएको हुन्छ । जीवन जिउने क्रममा कसैले सार्थक जीवन जिउने गर्छन् भने कसैले निरर्थक । जीवन यात्राका क्रममा अनुकरणीय काम गरेर कतिपय मानिसहरू मरेपछि पनि बाँचेका हुन्छन् । जीवनलाई सङ्घर्षको रूपमा लिएर निरन्तर आफ्नो लक्ष्यमा अगाडि बढ्नेहरूले सफलताको सिंढी चढेका हुन्छन् भने जीवनलाई बुझ्न नसक्नेहरूले समाजको विभिन्न आलोचना मात्र खेप्नु परिरहेको हुन्छ । मानिसको जीवन सुख र दुःखको सम्मिश्रणमा बितेको हुन्छ । दुःखमा नआत्तिने र सुखमा नमात्तिने मानिसको जीवन नै सबैको लागि अनुकरणीय रहेको हुन्छ ।

जीवनभरको काम-कुराको क्रमबद्ध विवरण वा कथनलाई जीवनी भनिन्छ ।[1] जीवनमा भएका घटनाहरूले मानिसको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । जीवनमा भएका विविध सुखद वा दुःखद घटनाहरूलाई अनुभव गर्दै व्यक्तिले आफ्नो जीवनयात्रा पूरा गरेको हुन्छ ।

शोधप्रस्ताव तयार गर्ने अवस्थासम्म मदनमोहन जोशी जीवित तै थिए । शोध प्रस्ताव तयार पार्ने क्रममा उनीसँग उनको जीवनी र साहित्यिक कृतिहरूका विषयमा छलफल भएको थियो । थप छलफल उपचार गरेर फर्केपछि गरौंला समेत भनेका थिए । उपचार गर्न जानुभन्दा एक हप्ता अगाडिसम्म उनीसँग भेट भएको थियो । २०६५ साल कार्तिक १८ गते अप्रेशनको मिति तय भएकोले त्यसको दुई दिन अगाडि नै उनी आफ्नो जेठा छोरा गौरवमोहन र साहिला छोरा दिव्यमोहनका साथ भारतको दिल्लीस्थित राजीव गान्धी क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर पुगेर पेटको ट्युमरको अप्रेशन पनि गरे । अप्रेशन पश्चात् उनको स्वास्थ्यमा विभिन्न समस्याहरू देखिए । रक्तस्राव बढी भयो,

---

[1] वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्द सागर**, काठमाडौं: भाभा पुस्तक भण्डार, २०५८, पृ. ५१९ ।

फोक्सोमा पानी जम्यो, पिसाब बन्द भयो, उनको शरीर निकै कमजोर भइसकेको थियो । चिकित्सकहरूले जति नै प्रयास गरे पनि उनको उपचार सम्भव भएन । अन्ततः २०६५ साल कार्तिक २८ गते दिउँसो ४ बजे उनले यस संसारबाट सदाका लागि बिदा लिए ।

आफ्नो जीवनयात्रामा अनुकरणीय कामहरू गरेर प्रेरक व्यक्तित्व बन्न सफल व्यक्तित्वहरू मध्ये मदनमोहन जोशी पनि एक हुन् । उनी आज हामी माझ नभए तापनि उनले गरेका अनुकरणीय कार्यहरूले सदैव हामीलाई प्रेरणा दिइरहेको छ । उनै साहित्यकार मदनमोहन जोशीको व्यक्तिगत जीवनका विभिन्न उतारचढावलाई केलाई आन्तरिक र बाह्य चरित्रका महत्त्वपूर्ण पक्षको बारेमा प्रस्तुत शीर्षकमा चर्चा गरिएको छ ।

## २.२ वंश-परम्परा र बसाइँ-सराइँ

कुनै पनि व्यक्तिको जीवनीको बारेमा चर्चा गर्दा त्यस व्यक्तिको पूर्वज तथा पुर्खाहरूको बारेमा पनि चर्चा गर्नुपर्ने आवश्यकता हुन्छ । जोशीहरूको पुर्खौली थलो भारतको सिमरौनगढमा रहेको पाइन्छ ।[२] जोशीहरूले आफ्नो इष्ट देवी तलेजु भवानी र आफ्नो सुरक्षाको खोजीमा भक्तपुर आएका हुन् ।[३] जोशीहरूले नै तलेजु भवानीलाई भक्तपुरमा ल्याई स्थापना गरेका हुन् । तलेजु भवानीलाई भक्तपुरमा ल्याउने प्रमुख व्यक्ति शशिदेव जोशी हुन् । भक्तपुर र भक्तपुरबाट बाहिर छरिएका सबै भारद्वाज गोत्रका नेवार जोशीहरू शशिदेवका सन्तान हुन् ।[४] शशिदेवकै सन्तानहरूमध्ये भक्तपुरबाट बन्दीपुर बसाइँ सरी आएका मूल पुरुष मणिसुन्दर जोशी हुन् । मदनमोहन जोशीको वंश भारतबाट भक्तपुर हुँदै बन्दीपुर आएको मानिन्छ । शशिदेव कहिले भक्तपुर आए । त्यसपछि मणिसुन्दर जोशी भक्तपुरबाट बन्दीपुर कहिले आएका हुन् त्यसको तिथिमितिको खोजी हुन सकेको छैन । नेपालका नेवार जोशीहरू भारतको सिम्रौनगढबाट नेपालको भक्तपुर प्रवेश गरेका हुँदा भक्तपुरलाई नै नेवार जोशीहरूको आदि थलो मानिन्छ ।

आफ्ना पिता गणेशमान जोशीले २०१२ सालतिर दोस्रो विवाह गरी नारायणगढ आएर व्यापार गर्न सुरु गरेपछि मदनमोहन जोशी पनि २०१३ सालमा बन्दीपुरबाट चितवनको नारायणगढमा बसाइँ सरेका हुन् । चितवन आएपछि चितवनको शैक्षिक, राजनीतिक र सामाजिक विकासमा उनी सक्रीय भएर लागेका थिए ।

[२] मदनमोहन जोशी, **जोशी वंशावली**, चितवनः जोशिलो प्रकाशन, २०६१, पृ. ५ ।
[३] ऐजन ।
[४] ऐजन ।

## २.३ जन्म र जन्मस्थान

पिता गणेशमान जोशी र माता पुतलीमाया जोशीका ६ सन्तानमध्येका जेठा छोरा मदनमोहन जोशी १९९३ साल भदौ २१ गते तनहुँ जिल्लाको बन्दीपुरमा रहेको नारायणटोलमा जन्मेका हुन् ।[५] आफ्ना पिताले व्यापार व्यवसाय सञ्चालन गर्दै बन्दीपुरको नारायणटोलमा बसेको हुनाले मदनमोहनले पनि त्यहीँ नै जन्मेर बन्दीपुरमा नै बाल्यकाल बिताएका थिए ।

## २.४ बाल्यकाल र शिक्षा-दीक्षा

गणेशमान जोशी र पुतलीमाया जोशीका छ सन्तानमध्ये जेठा मदनमोहन जोशीको बाल्यकाल बन्दीपुरको प्राकृतिक रमणीयतामै बितेको हो ।[६] मदनमोहनका पिता बन्दीपुरका व्यापारी भएको कारणले व्यापारतर्फ पनि उनको रुचि बाल्यकालदेखि नै भएको पाइन्छ ।[७] पढाइमा अत्यन्त रुचि राख्ने मदनमोहनले कक्षा ३ सम्मको शिक्षा भानु हाइ स्कुल बन्दीपुरबाट प्राप्त गरेका हुन् ।[८] आफ्ना मामासँग भारतको नरकटियामा गएर पढ्ने इच्छा राखेर नरकटियामा पुगेका मदनमोहनलाई पढ्ने व्यवस्था मिलेन र घर फर्किए । पढ्नकै लागि उनी काठमाडौं पुगे र शान्ति विद्या गृह ठमेलमा कक्षा ३ मा नै भर्ना भए । काठमाडौंमा बसेर कक्षा ८ उत्तीर्ण गरेपछि थप अध्ययनको लागि उनी गोरखपुर गएका थिए । आफ्ना बुबा गणेशमान जोशी गोरखपुर भएको कारणले पनि उनी गोरखपुरमा नै पढ्ने रुचि देखाएका हुन् ।[९] अध्ययनमा रुचि भएका मदनमोहनले ई.स. १९५४ (२०११) मा उत्तरप्रदेश शिक्षा बोर्डबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे । त्यसरी नै सन १९६५ (२०२२) मा त्रिभुवन विश्व विद्यालयबाट आइ.ए. तथा सन् १९७० (वि.सं. २०२७) मा बि.ए. परीक्षा उत्तीर्ण गरेको गरेका थिए ।[१०] पढाइप्रति अत्यन्तै लगाव राख्ने मदनमोहनको उच्च शिक्षा प्राप्त गर्ने इच्छा झन जागेर गएको हुनाले उनले करिब ७० वर्षको उमेरमा प्राइभेट परीक्षा दिएर राजनीति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका थिए । त्यति मात्र नभएर उनमा पी.एच.डी. गर्ने धोको भए पनि उक्त धोको पूरा हुन सकेन ।[११]

---

[५] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[६] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[७] पूर्ववत् ।
[८] पूर्ववत् ।
[९] पूर्ववत् ।
[१०] शोधनायकले तयार पारेको व्यक्तिगत विवरणबाट प्राप्त जानकारीअनुसार ।
[११] रामहरी श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

आफ्ना माता-पिताका ६ सन्तानमध्ये जेष्ठ सुपुत्र मदनमोहन जोशीको विवाह चितवन, भरतपुर-१० निवासी स्वर्गीय रघुवीर श्रेष्ठ र खैकुमारी श्रेष्ठकी छोरी पूर्णिमा श्रेष्ठसँग वि.सं. २०२५ मा आफ्नै परम्पराअनुसार नै भएको हो ।[१२] करिब ३२ वर्षमा विवाह गरेका मदनमोहन जोशीका चार छोरा र १ छोरी छन् । जेठा छोरा गौरवमोहन जोशीले २०६२ सालमा स्याङ्जाकी विद्या जोशीसँग विवाह गरी हाल काठमाडौंमा जागिरे रहेका छन् । उनकी छोरी मिजला जोशीले भरतपुर ५ यज्ञपुरीमा युवराज भट्टराईसँग २०४७ सालमा नै प्रेम विवाह गरेको पाइन्छ उनी हाल अष्ट्रेलियामा छिन् ।[१३] उनका माइला छोरा सौरभमोहन जोशीको हालसम्म विवाह भएको छैन र उनी काठमाडौंमा एम. फिल गर्दै छन् ।[१४] उनका साइँला छोरा दिव्यमोहन जोशीले भरतपुरकी सरला जोशीसँग विवाह गरी आफ्ना बुबाले थालनी गरेको जोशी फर्निचर व्यवसाय चलाएर बसेका छन् भने कान्छा छोरा धवलमोहन जोशीले कीर्तिपुरकी सङ्गीता शाहसँग विवाह गरी हाल अष्ट्रेलियामा रहेका छन् ।[१५] आफ्ना छोराछोरीलाई पढ्नतर्फ प्रोत्साहित गर्न मदनमोहनले आफूले जागिर एवं व्यापार गरेर छोराछोरीलाई शिक्षित बनाउन जीवनको अन्तिम समयसम्म पनि लागिपरेका थिए ।

मदनमोहनका माहिला भाइ अम्बिकामोहन जोशी, कान्छा भाइ मुरारीमोहन जोशी आ-आफ्ना परिवारसहित काठमाडौंमा बस्छन् भने दिदी दिव्यश्वरी, बहिनी विष्णुदेवी र बहिनी विद्यादेवी आ-आफ्ना परिवारसहित नारायणगढमा नै विभिन्न व्यवसाय गरी बसेका छन् ।

उनका सौतेनी आमापट्टिका भाइहरू भानुप्रकाश जोशी, केशवप्रकाश जोशी, निरञ्जन प्रकाश जोशीले नारायणगढमा विभिन्न व्यवसाय सञ्चालन गरेका छन् भने बहिनीहरु, सुशीला जोशीले विवाह गरी बुटबलमा बस्छिन् भने उमा गुरुङ्ग पनि विवाह गरी हालै परिवारसित लण्डनमा बस्छिन् ।

---

[१२] पूर्णिमा जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।

## २.६ बसोबास र आजीविका

मदनमोहन जोशीको पुर्खौली थलो भारतको सिमरौनगढमा रहेको पाइन्छ ।[१६] सिमरौनगढबाट भक्तपुर हुँदै तनहुँको बन्दीपुरमा जोशीहरू पुगेको हुन् ।[१७] उनीहरू कति सालमा आए भन्ने कुराको जानकारी भएको छैन ।

मदनमोहन जोशीको बाल्यकाल बन्दीपुरमा नै बितेको थियो । कक्षा ३ सम्मको अध्ययन बन्दीपुरमा नै पूरा गरेका मदनमोहनले कक्षा ७ सम्मको अध्ययन काठमाडौंमा गरे र थप अध्ययनको लागि गोरखपुर गएका थिए । आफ्ना पिता गणेशमान जोशी व्यापारको सिलसिलामा गोरखपुरमा नै बसेको हुनाले मदनमोहनले कक्षा १० सम्म अर्थात म्याट्रिक सम्मको अध्ययन गोरखपुरबाट नै गरेका हुन् ।

म्याट्रिक पास गरेपछि उनलाई पाइलट पढ्ने धोको थियो तर आमाले पाइलट पढ्ने कुरामा सहमति नदिएपछि २०११ सालमा बन्दीपुर फर्के ।[१८] बन्दीपुर आएपछि २०११ सालदेखि नै मदनमोहनले भानु हाइ स्कुल बन्दीपुरमा अध्यापन गराउन सुरु गरेको पाइन्छ ।[१९] आफ्ना पिताले दोस्रो विवाह गरी गोरखपुरबाट सिधै नारायणगढमा आएपछि मदनमोहन जोशी पनि २०१३ सालमा अध्यापन कार्य छोडी नारायणगढमा आएको पाइन्छ ।[२०] नारायणगढ बसाइँ सरेपछि मदनमोहन जोशी चितवनको शैक्षिक र सामाजिक विकासमा निरन्तर लागेको पाइन्छ । बन्दीपुरबाट अध्यापन कार्य छोडेर आएका मदनमोहनले नारायणगढमा पनि विद्यार्थीहरूलाई ट्युसन पढाउने कार्य पनि गरेको पाइन्छ ।[२१] अध्यापनमा अत्यन्तै रुचि राख्ने मदनमोहनले २०२७ सालमा जनता माध्यमिक विद्यालय डण्डा नवलपरासीमा प्रधानाध्यापक भएर काम गरेका थिए । करिब तीन वर्ष अध्यापन गरेपछि मदनमोहन जोशी नारायणगढको मेनरोडस्थित घरमा पुस्तक पसल एवं फर्निचर व्यवसाय गरेर बसेको पाइन्छ । त्यही बसेर चितवनको शैक्षिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा मदनमोहन जोशी क्रियाशील हुन थाले । उपचारको लागि भारत जाने बेलासम्म अर्थात् २०६५ साल कार्तिक १५ गतेसम्म उनी आफ्नै घरमा रहेको फर्निचर पसलमा नै बसेर काम

[१६] मदनमोहन जोशी, **जोशी वंशावली**, चितवन : जोशिलो प्रकाशन, २०६१ , पृ. ५ ।
[१७] ऐजन ।
[१८] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१९] ऐजन ।
[२०] ऐजन ।
[२१] ऐजन ।

गरेका थिए ।[२२] उपचार गर्न भारत गएपछि मदनमोहन जीवित अवस्थामा घर फर्कन पाएनन् । केवल उनको पार्थिव शरीर मात्र घरमा आइपुगेको थियो ।[२३]

## २.७ आर्थिक अवस्था र पेसा

मदनमोहन जोशीका बुबा गणेशमान जोशी बन्दीपुरका व्यापारी थिए । बुबा व्यापारी र व्यापारबाट राम्रो आम्दानी भएकाले मदनमोहनले आर्थिक सङ्कट भोग्नु परेको देखिदैन ।[२४] गोरखपुरमा रहँदा आफ्ना व्यावसायिक मित्रले व्यापारमा धोका दिएपछि गणेशमानको कारोवार बिग्रिएको पाइन्छ । आफ्नो व्यापारमा घाटा भएपछि गणेशमानमा आर्थिक सङ्कट आएको पाइन्छ ।[२५] आफ्नो आर्थिक अवस्थामा सुधार गर्नको लागि गणेशमान जोशी २०१३ सालमा चितवनको नारायणगढमा आएर व्यवसाय सञ्चालन गरेका थिए ।

आफ्ना पिता गणेशमान जोशीले २०११ सालमा दोस्रो विवाह गरेपछि केही समय मदनमोहनको परिवारले आर्थिक सङ्कट भोग्नुपरेको देखिन्छ ।[२६] गणेशमान जोशीले दोस्रो विवाह गरेपछि बुवाले वास्ता नगर्दा घर व्यवहार चलाउनको लागि मदनमोहन जोशीलाई कठिन परेको थियो । परिवारको जेठो छोरा भएको हुनाले भाइबैनीको पढाइको खर्च र घरव्यवहार चलाउनको लागि मदनमोहनले ट्युसन पढाउने, स्कुलमा पढाउने, ठेक्काको काम गर्ने जस्ता कामहरू गरेको पाइन्छ ।[२७] मदनमोहनले सङ्घर्ष गरेर धेरै क्षेत्रमा काम गर्न थालेपछि आर्थिक अवस्थामा सुधार आएको देखिन्छ । कर्ममा विश्वास गर्ने मदनमोहनले आर्थिक अवस्था सुधार्नको लागि गरेका विभिन्न कार्यहरूलाई हेर्दा उनी एक परिश्रमी व्यक्ति हुन् भन्न सकिन्छ ।[२८]

## २.८ साहित्यिक क्षेत्रमा प्रवेश र कार्य

बाल्य अवस्थादेखि नै अध्ययन र लेखनमा रुचि राख्ने, लेखेका लेख र रचनाहरू सुरक्षित छैनन् । लेखनमा अत्यन्तै रुचि रहे पनि आफ्ना लेख र रचनाहरुलाई सुरक्षित

[२२] पूर्णिमा जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२३] दिव्यमोहन जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२४] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२५] ऐजन ।
[२६] रामहरि श्रेष्ठ, *मदनमोहन जोशीको सङ्क्षिप्त परिचय,* **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य सङ्गम, २०६६, पृ. १५ ।
[२७] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२८] ऐजन ।

गर्नतर्फ उनको त्यति ध्यान पुगेको देखिँदैन । देशको प्रतिकुल परिस्थितिमा पनि उनले प्रकाशित गरेका कृतिहरू, लेख रचनाहरूलाई मूल्याङ्कन गर्दा उनमा साहित्यक मोह भने अवश्य नै रहेको पाइन्छ ।

२०१० सालतिर बन्दीपुरबाट प्रकाशित भएको **मूलबाटो** नामक मासिक पत्रिकामा *फोहोर* शीर्षकको कविता छपाएर साहित्यिक यात्रा सुरु गरेका मदनमोहनको साहित्यिक भन्दा साहित्येतर व्यक्तित्व सबल रहको छ ।[२९] उनले प्रकाशित गरेका अधिकांश कृतिहरूले साहित्यलाई भन्दा पनि राजनीतिक र सामाजिक भावलाई समातेको पाइन्छ । मदनमोहन आफैले आफूलाई श्रमजीवी एवम् समाजसेवी भन्न रुचाउने भएका कारणले पनि उनको साहित्यभन्दा साहित्येतर व्यक्तित्व नै मौलाएको देखिन्छ ।[३०] तत्कालीन सामाजिक परिवेशका कारण दुःखित पीडितहरूको पक्षमा आवाज उठाउने कार्यमा नै मदनमोहनले साहित्य सिर्जना गरेको पाइन्छ । साहित्यमा लाग्ने प्रेरणा नै उनका लागि तत्कालीन सामाजिक असमानता, थिचोमिचो सामाजिक विकृति र विसङ्गतिहरू नै हुन् ।[३१] मदनमोहनले मौलिक र अनुदित गरी पन्ध्रवटा कृतिहरू प्रकाशित गरेका छन् । उनका मौलिक कृतिहरूमा **मेरो एउटा प्रेमपत्र** (२०२६), **होची मिन्ह** (२०३२), **अति बुद्धिवादीपना बराबर बेइमानीपन** (सहलेखन-२०४५), **म मर्दिन** (२०४६), **संविधानप्रतिको मोह भङ्ग** (२०४७), **प्रतिक्रियावादी संविधानको खैलाबैला** (२०४८) र **भरियाको कथा** (२०४८) **जोशी वंशावली** (२०६१) रहेका छन् । २०१० सालतिरबाट साहित्य यात्रा सुरु गरेका मदनमोहनले विभिन्न फुटकर रचनाहरू प्रकाशित गर्दै २०२६ सालमा आएर पहिलो मौलिक कृति प्रकाशित गरेको पाइन्छ ।

अनुवादको क्षेत्रमा पनि मदनमोहन जोशीको कलम चलेको पाइन्छ । उनले हिन्दी र अङ्ग्रेजीमा प्रकाशित कृतिहरूको अनुवाद गरेर सातवटा कृतिहरू प्रकाशित गरेका छन् । उनले प्रकाशित गरेका कृतिहरूले साहित्यभन्दा पनि राजनीतिक भाव व्यक्त गरेको पाइन्छ । उनले अनुवाद गरेका कृतिहरूमा **पेकिङ्ग स्वास्थ्य निवास** (२०१९), **कम्युनिष्ट पार्टीको घोषणापत्र** (२०२६), **स्तालिनबारे** (२०२८), **कम्युनिष्ट के चाहन्छन्** (२०३६), **जनताको सेवा गर** (२०३०), **प्रारम्भिक कम्युनिष्ट शिक्षा** (२०४७) र **महिला मुक्ति आन्दोलन** (२०४९) रहेका छन् ।

---

[२९] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३०] ऐजन ।
[३१] डी.आर पोखरेलसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

फुटकर लेख र रचनातर्फ पनि मदनमोहनको कलम चलेको पाइन्छ । उनका विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूले तत्कालीन सामाजिक परिस्थितिको चित्रण गरेका छन् ।[३२] उनका जनधारणा, पारदर्शी, चितवन पोष्ट, आदर्श समाज, नौलो राँको लगायत विभिन्न दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिकामा लेखहरू प्रकाशित भएका छन् । उनका फुटकर लेख वि.सं. २०६५ साउन महिनासम्म प्रकाशित हुँदै थिए ।

## २.९ सामाजिक क्षेत्रमा संलग्नता

आफूलाई श्रमजीवी र समाजसेवी भन्न रुचाउने मदनमोहन जोशी सानैदेखि सामाजिक कार्यतर्फ उन्मुख देखिन्छन् ।[३३] बन्दीपुरमा नै आफ्ना साथीहरूको समूह बनाएर सामाजिक कार्य गर्ने उनमा बाल्यकालदेखि नै रुचि रहेको थियो । विभिन्न सामाजिक सङ्घ संस्थाहरूमा लागेर काम गरेका मदनमोहनलाई चितवनका अग्रणी समाजसेवीको रूपमा लिन सकिन्छ । २०१३ सालमा नारायणगढ बजार विकास समितिको सचिव भएर सामाजिक क्षेत्रमा स्थापित भएका जोशीले २०१४ सालमा आफ्नै नेतृत्वमा नारायणगढमा युवक सङ्घ गठन गरेका थिए । आफ्नै नेतृतवमा गठन गरेको युवक सङ्घले तत्कालीन प्रतिकूल परिस्थितिमा पनि समाजमा भएका विकृति र विसङ्गतिका विरुद्धमा आवाज उठाएर जनतालाई चेतनशील बनाएको पाइन्छ ।[३४] वि.सं. २०१६ सालमा भरतपुर टाउन प्लानिङ कमिटिको सचिव भएका जोशी वि.सं. २०१९ सालमा भरतपुर गाउँ पञ्चायतको पहिलो निर्वाचित प्रधानपञ्च भएर सामाजिक विकासमा अग्रणी भूमिका खेलेका थिए । उनी २०२० सालमा देवघाट विकास समितिको सचिव भएर उनले सामाजिक क्षेत्रमा आफ्नो पहिचान कायम गराएका छन् ।[३५]

मदनमोहनले गरेका सामाजिक कार्यहरूको उच्च मूल्याङ्कन गर्दै नेपाल पत्रकार महासङ्घ, चितवन, बन्दीपुर हाइ स्कुल, चितवन मा.वि. भरतपुर, वीरेन्द्र बहुमुखी क्याम्पस, बालकुमारी कन्या मा.वि., साहित्य सङ्गम चितवन लगायतका संस्थाहरूले गरेको सम्मानबाट उनको सामाजिक व्यक्तित्वलाई स्पष्ट पार्दछ ।

---

[३२] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३३] ऐजन ।
[३४] मदनमोहन जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३५] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

साहित्य सङ्गम चितवनले त मदन मोहन जोशीले गरेका समग्र सामाजिक कार्यहरूको उच्च मूल्याङ्कन गर्दै रु १,१०,०००।- को अक्षय कोष स्थापना गरी त्यसबाट प्राप्त व्याजले वार्षिक रूपमा मदनमोहन जोशी स्मृति पुरस्कार प्रदान गर्दै आएको छ ।[३६] उनले गरेको सामाजिक कार्यहरूको मूल्याङ्कन गर्दा उनी चितवनका अग्रणी समाजसेवी थिए भन्न सकिन्छ ।

## २.१० जेल जीवन

पञ्चायतकालीन अवस्थामा जनपक्षीय आवाज उठाउन सजिलो थिएन । देश र जनताको पक्षमा आवाज उठाउने र पञ्चायती व्यवस्थाको विरोध गर्नेहरूलाई पक्राउ गरी थुनामा राखिन्थ्यो । मदनमोहन जोशी पनि देश र जनताको पक्षमा आवाज उठाउने, निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गर्ने भएको हुनाले पटक-पटक जेल जीवन पनि बिताउनु पऱ्यो ।[३७] परिस्थिति अनुकूल भएको र पटक-पटक थुनामा पर्नुपरे पनि विचलित नभइ उनले साहित्य र राजनीति मार्फत् निरङ्कुश व्यवस्थाको विरोध गरेको पाइन्छ ।

वि.सं. २०१८ सालमा वीरगञ्जबाट नारायणगढ आउँदा सेनाले खानतलासी गर्दा एउटा चिठी फेला परेको कारणले भक्तलाल प्रधान र उनलाई भीमफेदी व्यारेकमा लगेर एक महिनासम्म थुनामा बस्नु परेको थियो ।[३८] यसै गरी वि.सं. २०२६ सालमा **कम्युनिष्ट पार्टीको घोषणा-पत्र** नामक पुस्तक काठमाडौंबाट छापेर ल्याउँदा खानीखोला चौकीले पक्राउ गरी काठमाडौं लगेर एस.पी. कार्यालयमा लगेर बुझाएको थियो । त्यहाँ पनि केही दिन बन्दी भएर बस्नुपरेको थियो ।[३९]

जनताको पक्षमा आवाज उठाउने विशेष गरी कम्युनिष्ट विचार समेटिएका पुस्तकहरू बिक्री गर्ने कारणले उनी वि.सं. २०२८ सालमा पक्राउ परेर वीरगञ्ज जेलमा बस्नुपरेको थियो । त्यतिबेला आनन्ददेव भट्ट, शैलेन्द्र पिया, रुद्रकुमार प्रधान, जगन्नाथ श्रेष्ठ, यमप्रसाद मल्ल, रामचन्द्र, साधुराम खनाल लगायतका साथीहरूसहित उनले खराब खानाको विरोध गरी भोक हड्ताल गरेका थिए ।[४०] वि.सं. २०२८ सालमा रूपलाल विश्वकर्माले लेखेको **समाजको विकास** नामक पुस्तक प्रकाशन गर्दा पक्राउ परेका र सम्पूर्ण पुस्तक

---

[३६] द्वारिका नेपालसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३७] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३८] शोधनायकले तयार पारेको व्यक्तिगत विवरणबाट प्राप्त जानकारीअनुसार ।
[३९] ऐजन ।
[४०] ऐजन ।

जफत गरी बयान लिएर छाडिएको थियो ।[४१] यसै गरी वि.सं. २०४५ सालमा पञ्चायती व्यवस्थाको विरोध गरेको भन्दै अमीक शेरचन, चित्रबहादुर गुरुङ्ग, चित्रबहादुर श्रेष्ठ, शैलेन्द्र पिया लगायतका व्यक्तिहरूसहित उनी पनि पक्राउ परे र जिल्ला प्रहरी कार्यालयमा केही दिन हिरासतमा बस्नुपरेको थियो ।[४२] तत्कालीन प्रतिकुल अवस्थामा जतिसुकै अवरोध आए पनि उनी आफ्नो विचारमा अडिक भएर अगाडि बढेका थिए ।

## २.११ रुचि र भ्रमण

अध्ययन अध्यापनमा अत्यन्त रुचि राख्ने मदनमोहन जोशी दुःखी गरिबहरूको सेवा गर्न निकै मन पराउने गरेको र मासु कम खाने, धूम्रपान र मद्यपान नगर्ने मदनमोहनले रोटी, दाल र हरियो तरकारी मन पराउँथे ।[४३] सर्ट पाइन्टमा भन्दा चट्ट मिलाएर कुर्ता सुरुवाल लगाउनु उनको रुचिको विषय हो । रङमा भने उनलाई सेतो र रातो रङ नै मन पर्छ ।[४४] मदनमोहनको खेल एवं गीत सङ्गीततर्फ पनि रुचि रहेको पाइन्छ । खेलमा व्याडमिन्टन र फुटबल उनको मन पर्ने खेल हो ।[४५] कोठामा रेडियोबाट समाचार र गीतहरू सुन्नमा रुचि राख्दथे ।[४६] बिहानै उठ्ने रेडियो बजाउँदै हिड्ने उनको दैनिकी नै थियो । बिहानै घुम्ने र नुवाई-धुवाई गरी पत्रपत्रिका पढ्ने उनको बानी थियो । विभिन्न नाटकहरूमा अभिनय गर्नेमा उनको रुचि रहेको पाइन्छ ।[४७]

मदनमोहन बहुमुखी प्रतिभाका धनी हुन् । समाजमा हुने गरेका विकृति र विसङ्गतिका कारण उनमा सामाजिक र राजनीतिक चेतना विस्तार भएको थियो । यसै कारणले उनमा सामाजिक एवम् राजनीतिक कार्यमा रुचि थियो ।[४८] गाउँ गाउँमा पुगेर राजनीतिक चेतना विस्तार गर्नमा पनि मदनमोहन सक्रीय भएको पाइन्छ ।[४९] राजनीतिक चेतना विस्तार, व्यापार व्यवसाय एवम् अध्ययनको सिलसिलामा भारतका विभिन्न ठाउँ र नेपालका अधिकांश जिल्लाहरूको भ्रमण गरेको पाइन्छ ।[५०]

---

[४१] ऐजन ।
[४२] ऐजन ।
[४३] ऐजन ।
[४४] पूर्णिमा जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[४५] ऐजन ।
[४६] ऐजन ।
[४७] ऐजन ।
[४८] दिव्यमोहन जोशीसँगको मौखिक अन्तर्वाताअनुसार ।
[४९] विद्या श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[५०] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

विभिन्न ठाउँको भ्रमणले साहित्यकारहरूलाई मोहित एवम् प्रभावित पार्ने भएको हुनाले विभिन्न स्थानको भ्रमणले उनको साहित्यिक स्तर माथि उठाएको पाइन्छ ।[५१] विभिन्न ठाउँको स्थलगत भ्रमणको कारणले उनका साहित्यिक कृतिहरुमा ग्रामीण अशिक्षित जनताका पीडा र व्यथा समावेश भएको छ । विभिन्न ठाउँको भ्रमण गरेर मदनमोहन जोशीले सामाजिक, राजनीतिक र आर्थिक अवस्थाबारे जानकारी लिने अवसर पाएका थिए ।

## २.१२ दुर्घटना र उपचार

शैक्षिक, राजनीतिक र सामाजिक कार्यको लागि विभिन्न ठाउँमा जाने कार्यमा मदनमोहन जोशी सक्रिय रहेको पाइन्छ । एकातिर सामाजिक काम अर्कोतिर व्यापार व्यवसायका कारणले पनि मदनमोहन जोशी देशको विभिन्न ठाउँमा जाने आउने गरेतापनि दुर्घटना भएर चोटपटक लागेन ।[५२] २०१२ सालतिर नारायणगढमा आफ्नो गोरु हराएर खोज्न साइकलमा जाँदै गर्दा नहरमा खसे तर ठूलो चोट लागेन । बाहिरी रूपमा कुनै चोटपटक नलागे पनि मदनमोहन जोशी बेलाबेलामा बिरामी भने परे । कक्षा ३ मा पढ्दा ठूलो बिरामी परे र उपचारको लागि भारतको नरकटियामा लानु परेको थियो ।[५३] खानापान र सरसफाइमा ध्यान पुऱ्याउने मदनमोहन युवावस्थामा बिरामी परेको पाइदैन । वि.सं. २०५९ सालतिर पिसाब बन्द भएपछि शल्यक्रिया गरेर ठीक भएका मदनमोहनलाई २०६४ सालतिर क्यान्सर भएको थाहा पाएपछि उपचारको लागि भारतसम्म लगियो ।[५४] उपचारपछि स्वस्थ्य भइन्छ भन्ने दृढ विश्वासका साथ राजीव गान्धी क्यान्सर अस्पताल तथा रिसर्च सेन्टरमा पुगेर अप्रेशन गरेपछि उनको होस खुलेन र स्वास्थ्यमा विभिन्न समस्याहरू देखिँदै गयो र २०६५ साल कार्तिक २८ गते दिउसो ४ बजे सदाकालका लागि उनी यस संसारबाट बिदा भए ।

## २.१३ अविस्मरणीय घटना

मदनमोहन जोशी देशमा भएका विभिन्न राजनीतिक परिवर्तनहरूमा सक्रीय भूमिका निर्वाह गरेका हुनाले विभिन्न प्रकारका आन्दोलनका घटनाहरूलाई बिर्सेका छैनन् । वि.सं. २०१२ सालतरि बन्दीपुरमा सुकुम्बासी परिवारलाई बसोबासको लागि आन्दोलन चलाउँदा

---

[५१] ऐजन ।
[५२] दिव्यश्वरी जोशीसँगको मौखिक अनतर्वार्ताअनुसार ।
[५३] ऐजन ।
[५४] ऐजन ।

उनलाई सेनाले घेरामा पारे । सेनाको घेरा बाहिर जनताले घेरा हाली उनलाई छोड्न दबाब दिएपछि सेनाले सम्मानसाथ छोडेको घटना उनलाई अविस्मरणीय लागेको थियो ।[५५] त्यसैगरी वि.सं. २००७ सालको जनआन्दोलनको समयमा आफ्नो साथी धर्मध्वज गुरुङ सेनाको गोली लागेर छट्पटिदै दौडेर धनसुन्दर श्रेष्ठको घरमा पुगी सहिद भएको घटना उनलाई अविस्मरणीय रहेको छ ।[५६]

सामाजिक र शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान गरेका मदनमोहनलाई बन्दीपुर हाई स्कुल, चितवन मा.वि. भरतपुर, बालकुमारी कन्या मा.वि. वीरेन्द्र बहुमुखी क्याम्पस लगायत विभिन्न सङ्घ संस्थाहरूले गरेका सम्मान पनि उनको लागि अविस्मरणीय रहेको छ ।[५७] देश र जनताको पक्षमा आवाज उठाएर साहित्य सिर्जना, सामाजिक कार्य र राजनीतिक कार्य गर्दा भएका महत्त्वपूर्ण घटनाहरूले उनको जीवनमा हौसला मिलेको पाइन्छ ।

## २.१४ सम्मान तथा पुरस्कार

पढाइमा लगनशील मदनमोहनले विद्यालयमा नै विभिन्न पुरस्कार पाएको पाइन्छ । विद्यालयमा प्रथम, द्वितीय पुरस्कार पाउने मदनमोहनले म्याट्रिक पास गरेपछि पाइलट पढ्ने छात्रवृत्ति पाएका थिए ।[५८] तर आफ्नी आमाले पाइलट पढ्ने कुरामा अस्वीकार गरेको हुनाले पाइलट पढ्न पाएनन् । पाइलट पढ्न नपाएपछि आफ्नो व्यापार व्यवसाय समाल्दै पढाइलाई निरन्तरता दिँदै गए । पढाइमा निकै रुचि राख्ने मदनमोहनले विभिन्न कविता प्रतियोगितामा पनि प्रथम भएर मदनमोहनले पुरस्कार पाउने गर्थे ।[५९]

शैक्षिक एवं सामाजिक क्षेत्रमा निरन्तर सक्रीय भएर काम गरेको हुनाले मदनमोहनलाई भानु हाई स्कुल बन्दीपुर, बालकुमारी कन्या मा.वि., चितवन मा.वि. भरतपुर, वीरेन्द्र बहुमुखी क्याम्पसले लगायतका सङ्घ संस्थाहरूले जीवितै अवस्थामा सम्मान गरेका छन् भने पत्रकारिता क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान गरेको हुनाले नेपाल पत्रकार महासङ्घ चितवन शाखाले पनि मरणोपरान्त सम्मान गरेको छ । यतिमात्र होइन साहित्य सङ्गम चितवनले त अक्षयकोष खडा गरी उनको सम्मानमा स्मृति पुरस्कार नै स्थापना गरेको छ ।

---

[५५] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[५६] ऐजन ।
[५७] ऐजन ।
[५८] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[५९] ऐजन ।

तालिका नं.-१

| क्र.सं. | सम्मान | सम्मान गर्ने संस्था | सम्मान गरेको साल |
|---|---|---|---|
| १. | कदर-पत्र | बालकुमारी कन्या मा.वि., नारायणगढ | २०४७ |
| २. | सम्मान-पत्र | चितवन मा.वि., भरतपुर | २०६० |
| ३. | सम्मान-पत्र | साहित्य सङ्गम चितवन | २०६० |
| ४. | प्रशंसा-पत्र | यथार्थ कुरा पाक्षिक | २०६१ |
| ५. | सम्मान-पत्र | जनता उच्च मा.वि., डण्डा, नवलपरासी | २०६२ |
| ६. | सम्मान-पत्र | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | २०६४ |
| ७. | सम्मान-पत्र (मरणोपरान्त) | नेपाल पत्रकार महासंघ, चितवन | २०६७ |

विभिन्न सामाजिक सङ्घ-संस्थाहरूले सम्मान गर्दा उनी असल समाजसेवीका रूपमा स्थापित भएका छन् ।

## २.१५ जीवन-दर्शन

आफूलाई श्रमजीवी र समाजसेवी भन्न मन पराउने मदनमोहन जोशीलाई जीवित अवस्थामा चितवनको जिउँदो इतिहास मान्दथे ।[६०] अध्ययन र लेखनमा अधिकांश समय बिताउने मदनमोहनले साहित्य, राजनीति, दर्शन आदि क्षेत्रमा राम्रो ज्ञान आर्जन गरेका थिए । जीवन सफल बनाउन सकारात्मक सोच लिएर अगाडि बढ्नु पर्छ भन्ने उनको मान्यता रहेको थियो ।[६१] सकारात्मक सोच भएको व्यक्तिले नै समाज र देशको लागि योगदान गर्न सक्छ भन्ने मान्यता बारम्बार अभिव्यक्त गर्थे ।[६२] आफूसँगै भेटघाट गर्न आउनेहरूलाई मदनमोहनले मानवीय जीवनको उद्देश्य स्पष्ट पार्ने गर्थे । वैदेशिक मोहलाई त्यागेर देशमा नै रगत र पसिना बगाउनु पर्छ देशको लागि मर्न तयार हुनु पर्छ भन्ने मान्यता उनी राख्दथे । आफू बाँचुन्जेल प्रत्येक पल क्रान्ति र परिवर्तनको निम्ति, शोषित पीडित जनसमूहको मुक्तिको लागि सहयोग गरिरहनु पर्छ भन्ने मान्यता राख्ने मदनमोहन जोशी वर्गसङ्घर्षका एक निष्ठावान योद्धा पनि हुन् भन्न सकिन्छ ।[६३] उनको विभिन्न

[६०] जनकराज सापकोटा, *ढल्यो चितवनको जिउँदो इतिहास,* **चितवन पोष्ट** दैनिक, अङ्क १००, २०६५ ।

[६१] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[६२] नारायण सापकोटा, *मदनमोहन जोशी : व्यक्ति एक व्यक्तित्व अनेक,* **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य संगम, अङ्क ९, २०६५, पृ. ।

[६३] कपिल अज्ञात, *वर्गीय चरित्र मूर्धन्य व्यक्ति : मदनमोहन जोशी,* **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य संगम, अङ्क ९, २०६५, पृ. ।

विचारहरूले मानिस जन्मेपछि देश र जनताको लागि केही गर्नुपर्छ भन्ने भावना जागृत गराएको छ ।

## २.१६ निष्कर्ष

गणेशमान जोशी र पुतलीमाया जोशीका जेठा छोरा मदनमोहन जोशी (वि.सं. १९९३-२०६५) तनहुँ जिल्लाको बन्दीपुरमा जन्मेका हुन् । कक्षा ७ सम्म भानु हाइ स्कुल बन्दीपुरमा नै अध्ययन गरेका मदनमोहनले कक्षा ८, ९ र १० गोरखपुरमा गएर अध्ययन गरेका हुन् । म्याट्रिक पास गरेपछि उनको रुचि पाइलट पढ्ने थियो त्यसको लागि उनलाई छात्रवृत्ति पनि प्राप्त भएको थियो तर आफ्नी आमाले पाइलट पढ्नमा सहमति नदिएपछि उनको जीवन सामाजिक कार्यतर्फ बढी उन्मुख भएको पाइन्छ । गोरखपुरबाट म्याट्रिक पास गरी नारायणगढ आएका मदनमोहनले चितवनको शैक्षिक, सामाजिक र राजनीतिक विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । शैक्षिक, राजनीतिक र सामाजिक कार्यमा उनले नेपालका विभिन्न ठाउँहरूको भ्रमण गर्दै जनतालाई जागरुक गराउने कार्यमा लागेको पाइन्छ । वामपन्थी विचारबाट प्रभावित मदनमोहनले राजनीतिक चेतना विस्तार गर्ने कार्य गरे तर कम्युनिष्ट पार्टीहरूको फुट र गुठबाट असन्तुष्ट बन्दै आफ्ना स्पष्ट धारणा राख्दथे । राजनीतिक पार्टीहरूमा मौलाएको विकृति र विसङ्गतिका कारण राजनीति भन्दा शिक्षा, साहित्य र समाजप्रति नै उनको जीवन समर्पित भएको पाइन्छ । २०२५ सालमा पूर्णिमा जोशीसँग विवाह गरेका मदनमोहनका ४ छोरा र एक छोरी छन् । उनी जीवनको अन्तिम समयसम्म पनि नारायणगढ पुतलीबजारमा जोशी फर्निचर रहेको पुरानो घरमा नै बस्दै आएका थिए । हाल उनको घरमा उनकी श्रीमती र छोरा बुहारीहरू बसेर फर्निचर व्यवसाय सञ्चालन गरिरहेका छन् । अध्ययनमा अत्यन्त रुचि राख्ने मदनमोहनले मौलिक र अनुदित गरी १५ वटा कृतिहरू प्रकाशित गरेका छन् भने बेलाबेलामा राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा गरी प्रशस्तै फुटकर लेख रचनाहरू प्रकाशित गरेर आफ्नो बौद्धिकताको उचाइ प्राप्त गर्न सफल छन् । सामाजिक, राजनीतिक, शैक्षिक क्षेत्रमा लाग्नेहरूले मदनमोहनलाई एक अनुकरणीय व्यक्तिका रूपमा लिने गर्दछन् ।

# अध्याय तीन
# साहित्यकार मदनमोहन जोशीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिमा हुने निजी विशेषता वा गुणलाई व्यक्तित्व भनिन्छ ।[1] व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ । कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्ति विशेषको निजीपनले व्यक्तित्वको परिचय दिने भएको हुनाले उसको व्यक्तित्वका पाटाहरूलाई नियाल्नुपर्ने हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नको लागि उसको जीवनका विविध परिस्थितिमा भोगेका सुखदुःखका उकाली ओरालीहरू र बाँचेको सामाजिक वातावरण र सिकेका अनुभवहरूलाई पनि बुझ्नुपर्ने हुन्छ ।[2] यसकै आधारमा मानिसले सम्बन्धित क्षेत्रमा विशिष्टता प्राप्त गर्दछ । एउटै व्यक्तिको विभिन्न क्षेत्रमा संलग्नता हुन सक्ने भएकोले मूल रूपमा व्यक्तिको प्रतिभा, रुचि क्षेत्र र उसको लगनशीलता नै व्यक्तित्वका निर्धारक तत्त्वहरू हुन् । हरेक व्यक्तिमा फरक-फरक प्रतिभा वा चरित्रमा अनेकता पाइने हुनाले निजीपनका आधारमा उसको व्यक्तित्वका पाटाहरूलाई निहाल्नुपर्ने हुन्छ । हरेक व्यक्तिमा आन्तरिक र बाह्य गरी व्यक्तित्वका दुई पाटा हुन्छन् । बाहिरी रूपमा मूल्याङ्कन गर्न सकिने स्वरूपलाई बाह्य व्यक्तित्व र आन्तरिक रूपमा निर्मित व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व भनिन्छ ।

कुनै पनि व्यक्तिले कुनै खास विषयमा मात्र विशिष्टता प्राप्त गरे तापनि ऊ अनेकौं व्यक्तित्वको धनी हुन सक्छ । यस्ता व्यक्तिहरू नै विशिष्ट व्यक्ति कहलाउँछन् । मदनमोहन जोशी यिनै विशिष्ट व्यक्तिहरूमध्येका एक हुन् ।

---

[1] वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर**, दो.स., काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८, पृ. १२३१ ।

[2] रामजी भट्टराई, **साहित्यकार रामबाबु घिमिरेको जीवनी व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६२, पृ. २४ ।


## ३.२ बाह्य व्यक्तित्व

बाहिरबाट हेर्दा स्पष्ट देखिने शरीरिक बनावटलाई नै बाह्य व्यक्तित्व भनिन्छ । ५ फिट ३ इन्च उचाइँ, पातलो तर फुर्तिलो शरीर, गहुँगोरो र चम्किलो मुहार, खुलेको चौडा निधार, अलि चुच्चो नाक, मिलेका दाँत नै मदनमोहन जोशीको बाह्य व्यक्तित्व हो ।

कुनै पनि विषयलाई नलुकाइ स्पष्ट रूपले प्रस्तुत गर्ने उनको बानी भएका कारण पनि उनीसँग भेटघाट हुने जो कोही पनि प्रभावित हुन्थे ।[३] अत्यन्त सरल स्वभाव, दयालु भावना, फुर्तिलो शरीर मदनमोहन जोशीको प्रभावशाली व्यक्तित्व हो । तडकभडक मन नपराउने मदनमोहन जोशीको समाजका सबै मानिससँग मिल्न सक्ने व्यवहारले नै सबैका प्रिय बनेका थिए ।

## ३.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वले व्यक्तिको मनभित्र अन्तर्निहित आन्तरिक क्षमता, गुण र प्रतिभालाई स्पष्ट पार्दछ । समग्रमा भन्दा मदनमोहन जोशी बहुमुखी व्यक्तित्वका धनी हुन् । व्यक्तिको पारिवारिक वातावरण, सामाजिक, आर्थिक परिवेश तथा अध्ययन अध्यापन विषयले पनि व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएको हुनाले मदनमोहन जोशीको बहुमुखी व्यक्तित्व निर्माणमा उल्लिखित वातावरण अनुकूल रहेको पाइन्छ । समाजका हरेक क्षेत्रसँग नजिक रहेर काम गरेका मदनमोहन जोशीको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




[३] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

विद्यालय पढ्दादेखि नै कविता लेखेर विभिन्न प्रतियोगितामा वाचन गर्ने मदनमोहनका बाल्यकालमा रचनाहरू सङ्ग्रह गरिएको पाइदैन । बाल्यकालमा अर्थात् विद्यालयमा अध्ययन गर्दा लेखिएका कविताहरू मदनमोहन जोशीका स्मृतिमा छैनन् ।[४] कहिले बन्दीपुर, कहिले गोरखपुर, कहिले चितवन आवत-जावत गर्ने कार्यले पनि प्रारम्भिक चरणका रचनाहरू सङ्ग्रह गर्न नसकिएको कुरा जोशी स्वयं स्वीकार्छन् । २०१० सालतिर बन्दीपुरबाट प्रकाशित हुने **मूलबाटो** मासिक पत्रिकामा *फोहोर* शीर्षकको कविता छपाएर मदनमोहनले औपचारिक रूपमा साहित्ययात्रा सुरु गरेका हुन् ।[५] २०११ साल माघ २२ गते मदनमोहनले रचना गरेको *म हुँ* शीर्षकको कविता **म मर्दिन** कवितासङ्ग्रहमा प्रकाशित भएको छ । तत्कालीन सामाजिक र राजनीतिक वस्तुस्थितिलाई चित्रण गर्दै कविता रचना गर्ने मदनमोहन जोशीका कविताहरू मातृभूमि, लालीगुराँस जस्ता पत्रिकाहरूमा प्रकाशित भएका छन् ।[६] विभिन्न फुटकर रचनाहरू लेख्ने मदनमोहन जोशीले विभिन्न समयमा लेखेका फुटकर कविताहरूलाई एकत्रित गरी **म मर्दिन** कवितासङ्ग्रह २०४६ सालमा प्रकाशित गरेका छन् । यसैगरी मदनमोहनले विभिन्न समयमा लेखेका कथाहरूको सङ्गालो **भरियाको कथा** २०४८ सालमा प्रकाशित भएको छ । अनुवादको क्षेत्रमा पनि कलम चलाएका मदनमोहनले समालोचना र अनुसन्धनात्मक कार्यमा पनि कलम चलाएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई यसप्रकार चर्चा गर्न सकिन्छ ।

#### ३.३.१.१ स्रष्टा व्यक्तित्व

सृष्टि वा रचना गर्ने व्यक्तिलाई स्रष्टा भनिन्छ ।[७] साहित्य आफै लेखिँदैन, त्यसको रचना गर्नु पर्छ । साहित्य लेखन गर्नु पनि सृष्टि नै हो । केही साहित्यकारहरूले एउटै क्षेत्रमा कलम चलाएका हुन्छन् भने कतिले विभिन्न विधामा कलम चलाएका हुन्छन् । मदनमोहन जोशीले सिर्जना गरेका साहित्यिक रचनाहरूलाई मूल्याङ्कन गर्ने हो भने कवि व्यक्तित्व र कथाकार व्यक्तित्वको रूपमा अध्ययन गर्न सकिन्छ ।

---

[४] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[५] ऐजन ।

[६] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[७] बालकृष्ण पोखरेल (निर्देशक), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं: ने.रा.प्र.प्र. २०५०, पृ. ४९७ ।

## क) कवि व्यक्तित्व

विद्यालयमा अध्ययन गर्दादेखि नै विभिन्न कविताहरू रचना गर्ने र कार्यक्रमहरूमा वाचन गर्ने मदनमोहनको प्रथम प्रकाशित कविता *फोहोर* हो । यो कविता २०१० सालतिर बन्दीपुरबाट प्रकाशित हुने **मूलबाटो** पत्रिकामा प्रकाशित भएको हो ।[८] उक्त पत्रिका हाल प्राप्त छैन । प्रशस्त कविता लेख्ने तर व्यवस्थित रूपमा सङ्ग्रह गर्दा नसक्ने बानीले गर्न मदनमोहनले रचना गरेका कवितालाई सुरक्षित राख्न सकेका छैनन् ।[९] २०११ सालदेखि २०२५ सालसम्म लेखेका २३ वटा कविताहरूलाई समावेश गरी **म मर्दिन** नामक कविता सङ्ग्रह प्रकाशित भएपछि मात्र उनी कविको रूपमा स्थापित भएका हुन् । १८ देखि ३० वर्षको युवावस्थामा लेखिएको कविताहरू समावेश गरिएको **म मर्दिन** कवितासङ्ग्रहमा मदनमोहन जोशीको विचारको भेल उर्लिएको पाइन्छ भने कवितालाई काव्यिक शिल्प र कलात्मकतर्फ लानभन्दा यथार्थ विचार कवितामा स्पष्ट भएका छन् । गद्यमा कविता लेख्ने मदनमोहन जोशीका कविताहरूमा गोपालप्रसाद रिमालको प्रभाव पाइन्छ । कवि रिमालझैं कवि जोशी पनि कवितामा तेजस्वी, वीर र क्रान्तिपुरुष जन्माउनु पर्ने कुरा व्यक्त गर्छन् ।[१०]

## ख) कथाकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी मदनमोहन जोशीले २०४८ सालमा **भरियाको कथा** कथासङ्ग्रह प्रकाशित गरी आफूलाई कथाकारको रूपमा स्थापित गराएका छन् । २०१८ सालदेखि २०४७ सालसम्म करिब तिन दशकभित्र लेखिएका आठवटा कथाहरू समेटेर लेखिएको भरियाको कथाले तत्कालीन सामाजिक परिवेशको चित्रण गरेका छन् । विद्यार्थी जीवनदेखि नै कथा लेख्न रुचि राख्ने मदनमोहनले विभिन्न पत्रपत्रिकामा कथा प्रकाशित गरेको पाइन्छ । २०२६ सालमा **मातृभूमि** साप्ताहिक पत्रिकामा छापिएका *आज भनी गएका छौं* कथाले वर्ग सङ्घर्षको उत्कृष्ट नमूना प्रस्तुत गरेको छ ।[११] २०२४ सालमा वीरेन्द्र इन्टर कलेज भरतपुरको जन्म जयन्तीको अवसरमा आयोजित साहित्य गोष्ठीमा सुनाइको रङ्ग भङ्ग कथाले

[८] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[९] दिव्यमोहन जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[१०] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य, सर्वेक्षण र विश्लेषण**, पूर्ववत्, पृ. ५२ ।

[११] डी.आर. पोखरेल, *भरियाको कथाको कथ्यगत संसार,* **नौलो राँको**, पूर्ववत्, पृ. ४३ ।

२०२३ साल मङ्सिर ४ गते वीरेन्द्र इन्टर कलेजका प्राध्यापक घनश्याम बहादुर श्रेष्ठको टाइगर टपमा पिकनिक जाँदा डुङ्गा डुबेर मृत्यु भएको घटनालाई चित्रण गरिएको छ ।[१२] २०४७ साल कार्तिक २० गते लुम्बिनी दैनिकमा प्रकाशित भएको *खोरिया फाड्नेको हुन्छ* कथाले २०४६ सालको आन्दोलनलाई चित्रण गरेको छ ।[१३] विभिन्न सामाजिक परिवेशलाई चित्रण गरेर लेखिएका कथाकार मदनमोहन जोशीका कथाहरूले जीवन सङ्घर्षमा आशावादी भएर अगाडि बढ्ने सन्देश प्रवाह गर्नुका साथै विचार र दर्शनको खुराकसहित यथार्थवादी, क्रान्तिकारी साहित्यिक धाराको प्रतिनिधित्व गरेका छन् ।

**ग) जीवनी लेखक व्यक्तित्व**

जीवनी लेखको कार्यमा पनि मदनमोहन जोशीको कलम सशक्त नै देखिन्छ । विशेष गरी राष्ट्रिय भन्दा पनि अन्तर्राष्ट्रिय छवि भएका कम्युनिष्ट नेताहरूको जीवनी लेख्न र अनुवाद गर्ने मदनमोहनले २०२८ सालमा स्तालिनको जीवनी अनुवाद गरे भने २०३२ सालमा होची मिन्हको जीवनी लेखे । वर्ग सङ्घर्ष राजनीतिक चेतनालाई केन्द्रमा राखेर जीवनी लेख्ने मदनमोहनले शोषित पीडित जनताको मुक्तिको लागि स्तालिन र होची मिन्हले गरेका सङ्घर्ष र त्यसको परिणामलाई जीवनीमा समावेश गरेको छन् । मार्क्सवादी सिद्धान्तबाट प्रभावित भएर जीवनी लेख्ने मदनमोहनका जीवनीमा पनि मार्क्सवादी दृष्टिकोण पाइन्छ । शोषित पीडित जनताका पक्षमा आवाज उठाउनु पर्छ भनेर चेतना विस्तार गर्ने मदनमोहन राजनीतिक योगदान भएका व्यक्तिको जीवनी लेखेर जीवनीकारको रूपमा स्थापित भएका छन् ।[१४]

## ३.३.१.२ द्रष्टा व्यक्तित्व

कुनै पनि वस्तुलाई हेर्ने, देख्ने वा देखाउन सक्ने व्यक्तिलाई द्रष्टा भनिन्छ ।[१५] स्रष्टाले गरेका कार्यलाई अवलोकन गर्दा कस्तो प्रभाव पर्दछ ? त्यसलाई प्रभावकारी ढङ्गबाट पाठकसमक्ष पुऱ्याई स्रष्टालाई सचेत गराउने काम द्रष्टाले गरेको हुन्छ ।

[१२] डी.आर. पोखरेल, *भरियाको कथाको कथ्यगत संसार,* **नौलो राँको**, पूर्ववत्, पृ. ४२ ।
[१३] इन्द्रप्रसाद रेग्मी, *चोलानाथ अर्थात् मदनमोहन जोशी,* **नौलो राँको**, पूर्ववत्, पृ. ५४ ।
[१४] डी.आर. पोखरेल, *भरियाको कथाको कथ्यगत संसार,* **नौलो राँको**, पूर्ववत्, पृ. ४७ ।
[१५] बालकृष्ण पोखरेल (निर्देशक) **नेपाली बृहत शब्दकोश**, काठमाडौंः ने.रा.प्र.प्र., २०५० पृ. १२४५ ।

मदनमोहन जोशी स्रष्टा मात्र नभएर द्रष्टा पनि हुन । उनको द्रष्टा व्यक्तित्वलाई यसरी देखाउन सकिन्छ ।

**क) समीक्षक व्यक्तित्व**

कुनै कृतिबारे गुण-दोष छुट्याई निष्पक्षता र गम्भीरतापूर्वक गरिने विवेचना नै समीक्षा हो ।[१६] लेखनको क्षेत्र मात्र नभएर समीक्षा गर्ने कार्य पनि मदनमोहन जोशीको रुचिको क्षेत्र हो । **भानु-किरण** वर्ष ११ अङ्क २१, २०३० सालमा पाठक प्रतिक्रिया लेखेर विभिन्न लेखहरूको समीक्षा गरेका छन् । भानु पत्रिकाकै कवि गोकुल जोशी स्मृति अङ्कमा प्रकाशित लेखहरूका बारेमा समीक्षा तयार पारी भानु पत्रिकामै प्रकाशित गरेका मदनमोहनले भानु पत्रिकामा नै नाटककार बालकृष्ण समको भक्त भानुभक्तः एक विचार शीर्षकको समालोचना प्रकाशित गरेका छन् । मदनमोहन जोशीले समीक्षात्मक कृति प्रकाशित त गरेका छैनन् तर उनका समीक्षात्मक लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा पाइन्छन् ।

**ख) खोज अन्वेषक व्यक्तित्व**

बहुमुखी प्रतिभाका धनी मदनमोहन जोशीले खोज र अन्वेषण कार्यमा पनि कलम चलाएका छन् । उनले जोशीहरूको वंशावली तयार पारेर खोज अनवेषक व्यक्तित्वको रूपमा स्थापित भएका छन् । जोशी वंशावलीमा जोशीहरूको नेपालमा आगमन र विभिन्न क्षेत्रमा विस्तार भएको तथ्यलाई प्रकाशित गरे जोशीहरूको वास्तविक अवस्थाको चित्रण गरेका छन् । २०६१ साल जेठ १२ गते प्रकाशित भएको जोशी वंशावलीले जोशीहरूका पुर्खाहरूको बारेमा यथार्थ विवरण पेश गरेको छ ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यकार मदनमोहन जोशीको साहित्येतर व्यक्तित्व पनि उच्च नै रहेको देखिन्छ । आफूलाई श्रमजीवी र समाजसेवीको रूपमा परिचय दिन रुचाउने मदनमोहनले सामाजिक, राजनीतिक लगायत विविध क्षेत्रमा संलग्न भएर काम गरेका पाइन्छ ।[१७] उनका साहित्येतर व्यक्तित्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

[१६] बालकृष्ण पोखरेल (निर्देशक), **नेपाली बृहत शब्दकोश**, पूर्ववत्, पृ. १३०८ ।
[१७] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

**क) सामाजिक व्यक्तित्व**

विभिन्न सामाजिक सङ्घ संस्थाहरूसँग आवद्ध भएर समाजसेवीको रूपमा स्थापित भएका मदनमोहनले विभिन्न क्लबहरूमा रहेर विद्यार्थीकालदेखि काम गरेका पाइन्छ ।[१८] नारायणगढ बजारलाई व्यवस्थित गर्न २०१३ सालमा गठन भएको नारायणगढ बजार विकास समितिको सचिव भएर मदनमोहन जोशी औपचारिक रूपमा समाजसेवामा प्रवेश गरेका हुन् ।[१९] २०१४ सालमा रापती दूत विकास समितिमा रहेर काम गरेका मदनमोहन जोशीले २०१५ सालमा बालकुमारी स्कुल ( हालको बालकुमारी कन्या मा.वि. नारायणगढको भवन निर्माण समितिको सचिव भएर काम गरेको पाइन्छ ।[२०] २०१६ सालमा भरतपुर-नारायणगढ बजार योजना समितिको सचिव भएर नारायणगढ र भरतपुरको बजार व्यवस्थापन र सडक व्यवस्थित बनाउने कार्यमा पनि मदनमोहनले सक्रिय भएर काम गरे । तत्कालीन अवस्थामा उनले गरेका सामाजिक कार्यबाट मदनमोहन लोकप्रिय हुँदै गए ।[२१] फलस्वरूप २०१९ सालमा भरतपुर नारायणगढ गाउँ पञ्चायतको पहिलो निर्वाचित प्रधानपञ्च भएर उनले २ वर्षसम्म काम गरेको पाइन्छ ।[२२] साहित्य सङ्गम चितवनका संस्थापक अध्यक्ष बनेका मदनमोहन जोशी प्र.ले.स. चितवन, रेडक्रस, परिवार नियोजन संस्थाहरूमा आवद्ध भएर असल समाजसेवीको रूपमा स्थापित हुन सफल भएका छन् ।[२३]

**ख) राजनीतिक व्यक्तित्व**

बहुमुखी व्यक्तित्वका धनी मदनमोहन जोशीको राजनीतिक व्यक्तित्व निकै उच्च रहेको छ । विद्यार्थी जीवनदेखि नै विशेष गरी कम्युनिष्ट राजनीतिमा चासो राख्ने मदनमोहन जोशीको औपचारिक राजनीतिक जीवन बन्दीपुरबाट सुरु भएको हो ।[२४] २०११ सालमा कम्युनिष्ट पार्टी बन्दीपुरको सचिव भएर काम गरेका उनले २०१४ सालमा चितवनमा युवक सङ्घको गठन गरी त्यसको सचिव भएर काम

[१८] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१९] शोधनायकले तयार पारेको व्यक्तिगत विवरणअनुसार ।
[२०] ऐजन ।
[२१] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२२] नारायण सापकोटा, **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य संगम, अङ्क ९, २०६५, पृ. २९ ।
[२३] विद्यादेवी श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२४] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

गरेर राजनीतिक चेतना विस्तार गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।[२५] २०१४ सालमा कम्युनिष्ट पार्टी चितवनको स्थापना गरी पार्टी कमिटिमा बसेर काम गरेको मदनमोहन २०१७ सालमा असमान गण्डक सम्झौता विरोध समितिको सचिव भएर काम गरेका थिए ।[२६] २०१४ सालमा युवक सङ्गठन चितवनको सचिव भएका मदनमोहन राजनीतिक रूपमा सक्रिय हुँदै २०२२ साल कार्तिक २९ गते नेपाल युवक सङ्गठन चितवनको अध्यक्षमा निर्वाचित भएका थिए ।[२७] चितवनमा उनलाई कम्युनिष्ट शिक्षा र सिद्धान्तका अग्रज र प्रचारकको रूपमा लिन सकिन्छ ।[२८] उनले जोशी पुस्तक पसल सञ्चालन गरी राजनीतिक पुस्तकहरू बिक्री वितरण गर्ने कार्य गरेको पाइन्छ । युवक सङ्गठनमा काम गर्दै उनी नेपाल कम्युनिष्ट पार्टीको सदस्य भएका थिए ।  तत्कालीन अवस्थामा त्यो पार्टी रायमाझी समूह र पुष्पलाल समूहमा विभाजित भएपछि उनी पुष्पलाल समूहमा लागेका थिए ।[२९] कम्युनिष्ट पार्टीहरूमा हुने टुटफुटका कारण उनी असन्तुष्ट हुन्थे । त्यसै बीचमा २०४३ सालमा रूपलाल विश्वकर्माले नेतृत्व गरेको सर्वाहारावादी श्रमिक सङ्गठनमा लागेर काम गरे । पार्टीमा हुने गुट, उपगुट र टुटफुटको विरोध गर्दै कम्युनिष्ट पार्टी एउटै हुनुपर्छ भनेर उनले आवाज उठाउथे ।[३०] विभिन्न ठाउँमा गएर राजनीतिक प्रशिक्षण दिने सङ्गठन विस्तार गर्ने कार्यमा उनी निकै सक्रिय रहेका थिए । पछिल्लो समयमा उनी राजनीतिमा त्यति सक्रिय रहेको पाइदैन । तर जीवनको अन्तिम अवस्थासम्म पनि उनी नेपाल कम्युनिष्ट पार्टी एकताकेन्द्र मसालको पार्टी सदस्य रहेका थिए ।[३१] विशेष गरी कम्युनिष्ट राजनीतिको प्रचार-प्रसारमा उनको भूमिका महत्त्वपूर्ण रहेको थियो ।

### ग) शैक्षिक व्यक्तित्व

मदनमोहन जोशी शिक्षाप्रेमी व्यक्ति हुन् । चितवनको मात्र नभएर तनहुँ र नवलपरासीको शैक्षिक विकासमा उनको योगदान रहेको छ । वि.सं. २०१५ सालतिर

---

[२५] विजय सुवेदी, *चितवनको कम्युनिष्ट आन्दोलन,* **नवयुग**, वर्ष १६, अङ्क २, २०६२, पृ. ३३ ।
[२६] शोधनायकले तयार गरेको बायोडाटाअनुसार ।
[२७] रामहरी श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[२८] ऐजन ।
[२९] रामहरि श्रेष्ठ, *क. मदनमोहन जोशीको सङ्क्षिप्त परिचय,* **नौलो राँको**, पूर्ववत्, पृ. १९ ।
[३०] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वर्ताअनुसार ।
[३१] ऐजन ।

नारायणगढमा सहकारी प्राथमिक विद्यालय गठन गरी त्यसमा केही समय अध्यापन पनि गरे । त्यही स्कुल वि.सं. २०२१ सालमा भरतपुर सरेर चितवन मा.वि. गठन भयो ।[३२] माडीमा जनजागृति प्राथमिक विद्यालय गिर्दो अवस्था सुधार गर्न बाबुराम पाण्डे र अम्बिकामोहन जोशीलाई २०२२ सालतिर पठाएर त्यहाँको शैक्षिक सुधार गरे । हाल त्यो विद्यालय माडी माध्यमिक विद्यालयको नामले चिनिन्छ । वीरेन्द्र इन्टरकलेजको स्थापना र विकास गर्नमा ठूलो योगदान रहेको छ । त्यतिमात्र नभएर बालकुमारी कन्या मा.वि. को विकास गर्नमा पनि सक्रिय रहे । अध्यापनको सिलसिलामा नवलपरासीको डण्डामा रहेको जनता मा.वि.मा कार्यरत भए र त्यहाँको शैक्षिक विकासमा ठूलो योगदान गरेको पाइन्छ ।[घघ] यसरी शिक्षाको विकास नगरी देशको विकास गर्न सकिँदैन भन्ने मान्यता राख्ने मदनमोहन जोशीलाई शिक्षाप्रेमी व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

### ग) व्यापारिक व्यक्तित्व

आफ्ना बाबु व्यापारी भएको कारणले पनि मदनमोहन जोशीको व्यापारको क्षेत्रमा बाल्यकालदेखि नै रुचि रहेको पाइन्छ । चितवनको सन्दर्भमा हेर्ने हो भने उनले जोशी पुस्तक पसल स्थापना गरेर पुस्तक व्यावसायीको रूपमा स्थापित भएको पाइन्छ । २०१५ सालमा स्थापित जोशी पुस्तक पसललाई राजनैतिक पुस्तक र पत्रपत्रिका बिक्री गर्ने पहिलो पुस्तक पसल मानिन्छ । त्यसका सञ्चालक मदनमोहन जोशीले विशेषगरी कम्युनिष्ट विचारधाराका पुस्तकहरू र पत्रपत्रिकाहरू बिक्री गरेका थिए ।[३४] बाल्यकालमा बन्दीपुरमा रहँदा आफ्नै कपडा पसलमा काम गरेका मदनमोहनले नारायणगढमा २०१३ देखि २०१५ सालसम्म नून, तोरी, धान, मकैको खरिद बिक्री अर्थात् गल्लाको व्यापार गरेको पाइन्छ ।[३५] फर्निचर व्यवसाय पनि सञ्चालन गरेका मदनमोहन २०४० सालमा फर्निचर व्यवसायी सङ्घ चितवनको उपाध्यक्ष पनि भएको पाइन्छ । व्यवसायकै क्रममा मदनमोहन जोशीले २०३६ सालतिर सडक निर्माण गर्ने, देवघाटमा डुङ्गा तार्ने ठेक्का लिएर काम गरेका

---

[३२] बाबुराम पाण्डेसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[३३] ऐजन ।

[३४] रामहरि श्रेष्ठ, *क. मदनमोहन जोशीको सङ्क्षिप्त परिचय,* **नौलो राँको**, पूर्ववत्, पृ. १८

[३५] मदनमोहनले तयार पारेको बायोडाटा अनुसार ।

थिए ।[३६] आफ्नो पुर्खाको पेशा नै व्यवसाय भएको हुनाले मदनमोहन जोशी पनि सफल व्यवसायीमा नै चिनिन्थे । जीवनको अन्तिम समयसम्म अर्थात् उपचारको लागि दिल्ली जाने बेलासम्म जोशी फर्निचर उद्योगमा काम गरिरहेका थिए ।

### घ) सम्पादक/प्रकाशक व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी मदनमोहन जोशीले सम्पादनको क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । जोशिलो प्रकाशनबाट २०४७ सालमा प्रकाशित राजनैतिक मूल्याङ्कन पुस्तकको सम्पादन गरेका छन् । यसैगरी साहित्यिक चौमासिक पत्रिका स्रष्टाको प्रधान सम्पादक भएर वि.सं. २०६० देखि २०६५ सम्म काम गरेको देखिन्छ ।

### ङ) अध्यापक व्यक्तित्व

साहित्यकार मदनमोहन जोशीका प्रमुख व्यक्तित्वमध्ये अध्यापन व्यक्तित्वले पनि महत्त्वपूर्ण स्थान लिएको छ । भारतबाट म्याट्रिक पास गरी बन्दीपुर आएपछि उनले २०११ सालदेखि बन्दीपुर स्कुलमा ३ वर्षसम्म अध्यापन कार्य गरेको पाइन्छ । बन्दीपुरमा ३ वर्षसम्म अध्यापन गरेका मदनमोहनले २०२७ सालमा जनता माध्यमिक विद्यालय डण्डाको प्रधानाध्यापक भएर काम गरे ।[३७] शिक्षाको विकास नभई समाजको विकास हुँदैन भन्ने मान्यता राख्ने मदनमोहनले आफ्ना भाइबहिनी मात्र नभएर आफ्ना वरपरका विद्यार्थीहरूलाई पढ्नतर्फ प्रोत्साहन गर्ने र ट्युशन पनि पढाउने गर्थे ।[३८] अध्यापन अवधिमा उनले गरेका कार्यको उच्च मूल्याङ्कन गर्दै बन्दीपुर हाई स्कूल र जनता मा.वि. डण्डाले सम्मान समेत गरेको पाइन्छ ।[३९] राजनीति साहित्यको क्षेत्रमा काम गरी चर्चित बनेका मदनमोहनले अध्यापन गरी अध्यापक व्यक्तित्वको रूपमा पनि परिचित भएका छन् ।

### च) पत्रकार व्यक्तित्व

वि.सं. २०२० सालमा राष्ट्रिय समाचार समितिको चितवन जिल्लाको प्रतिनिधि भई काम गरेका मदनमोहन जोशी चितवनका पुराना पत्रकार हुन् । २०१७

---

[३६] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[३७] दिव्यश्वरी जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[३८] पूर्णिमा जोशीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[३९] दिव्यश्वरीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

सालदेखि नै विभिन्न पत्रपत्रिकामा लेखहरू प्रकाशित गर्ने मदनमोहन जोशीलाई चितवनको पहिलो पत्रकारका रूपमा लिइन्छ । उनले **मातृभूमि, जनधारणा, चितवन पोष्ट, पारदर्शी, आदर्श समाज, वर्गीकृत दैनिक, लुम्बिनी दैनिक** आदि पत्रिकाहरूमा प्रकाशित लेखहरूले पनि पत्रकारको रूपमा स्थापित गराएका छन् । उनका विभिन्न लेखहरू विकृति र विसङ्गतिहरूको विरोध गर्दै देश र जनताको पक्षमा आवाज उठाएको पाइन्छ । चितवनको पत्रकारिता क्षेत्रमा मदनमोहन जोशीलाई आदरणीय र अग्रज व्यक्तिका रूपमा लिने गर्छन् । विभिन्न कार्यक्रमहरूमा उनलाई प्रमुख अतिथि बनाएर कार्यक्रमहरू गर्ने र प्रेस स्वतन्त्रता र पत्रकारहरूका आचारसंहिताका कुराहरू सोध्ने गरिन्थ्यो ।[४०] कुनै पनि विषयमा आफ्नो विचार स्पष्ट राख्ने समय परिस्थितिको सही विश्लेषण गर्ने बानीले उनी पत्रकारहरूका आदरणीय व्यक्ति भन्न सफल भएका हुन् । जीवनको अन्तिम समयसम्म पनि उनी नेपाल पत्रकार महासङ्घ चितवनको सदस्य रहेका थिए ।[४१] नेपाल पत्रकार महासङ्घ चितवन शाखाको स्थापना गर्न पनि मदनमोहन जोशीको ठुलो योगदान रहेको छ । २०४७ सालमा स्थापना भएको तत्कालीन नेपाल पत्रकार सङ्घ गोपाल थपलियाको अध्यक्षतामा गठन भएको थियो । मदनमोहन जोशी त्यसका उपाध्यक्ष र गोविन्दराज विनोदी सचिव थिए ।

## ३.४ साहित्यकारहरूका दृष्टिमा मदनमोहन जोशी

साहित्यकार मदनमोहन जोशीका व्यक्तित्वका सम्बन्धमा विभिन्न व्यक्तिहरूबाट अभिव्यक्त भएका दृष्टिकोणहरू निम्नलिखित छन् ।

क) साहित्यकार मदनमोहन विचारप्रधान साहित्य सिर्जना गर्ने सर्जक हुन् । विषयवस्तुलाई गहन विष्लेषण गर्नतर्फ भन्दा आफ्नो मनमा लागेका विचार प्रस्तुत गर्ने प्रवृत्ति मदनमोहनको हो । धेरै विषयवस्तु उठान गरेर समस्या छताछुल्ल पारे पनि समाधानको उपाय खोज्नतर्फ उनको ध्यान गएको पाइँदैन ।[४२] उनी समाजसेवी व्यक्ति हुन् तर उनको समाजसेवालाई राजनीतिले दबाएको छ । उनले समाजका धेरै क्षेत्रमा हात हाले पनि

[४०] पत्रकार जनक अर्यालसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[४१] पत्रकार विष्णु छिमेकीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[४२] भागवतशरण न्यौपानेसँग्को मौखिक अन्तर्वार्ताअनुसार ।

सफलता हात पार्न भने सकेको पाइँदैन । उनले सिर्जना गरेको साहित्यमा होस् वा समाजसेवाको कार्यमा होस् त्यहाँ राजनीतिक गन्ध पाइन्छ । त्यसैले वहाँको समाजसेवा राजनीतिबाट दबिएको पाइन्छ ।[४३] उनको राजनीतिक व्यक्तित्वलाई मूल्याङ्कन गर्ने हो भने उनी विचारक हुन् तर सङ्गठक होइनन् । सङ्गठन गर्ने क्षमता कमी भएको कारणले नै उनी राजनीतिमा सक्रिय भएर अगाडि देखिन सकेनन् । उनी कुशल वक्ता पनि होइनन् तर चिन्तन पक्ष भने उनको राम्रो हो ।[४४]

ख) मदनमोहन जोशी स्पष्ट धारणा राख्ने निडर साहित्यकार हुन् । कुनै पनि विषयको सबल र दुर्बल पक्षको मूल्याङ्कन गरी आफ्ना विचार राख्ने मदनमोहन जोशी यथार्थ विश्लेषक हुन् ।[४५] चितवनको साहित्य, शिक्षा, राजनीति र सामाजिक विकासका साथै पत्रकारिताको विकास गर्नमा पनि मदनमोहन जोशीको महत्त्वपूर्ण योगदान रहेको छ ।[४६] देशको प्रतिकूल परिस्थितिमा पनि निडर भएर आफ्ना विचार स्पष्ट राख्ने मदनमोहनको स्वभावका कारण उनीसँग धेरै साहित्यकार लगायत राजनीतिज्ञहरूको भेटघाट हुन्थ्यो । निस्वार्थी भावनाले साहित्य, समाज र राजनीतिक क्षेत्रमा इमान्दारीपूर्वक काम गर्ने मदनमोहन जोशी कर्मशील, अध्ययनशील, स्पष्टवक्ता र निडर साहित्यकार हुन् ।[४७]

ग) साहित्यकारले आफ्ना सिर्जनामा जनपक्षीय विचार नै दिनुपर्छ अनि त्यस विचारले समाजलाई गतिदिनु पर्छ भन्ने मान्यता राख्ने व्यक्तित्व हुन् ।[४८]

घ) मदनमोहन जोशी चितवनलाई कर्मक्षेत्र बनाएर साहित्य, राजनीति, शिक्षा, व्यापार-व्यवसाय आदि क्षेत्रमा लागिपरेका एक कर्मठ व्यक्तित्व हुन् ।[४९]

---

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] गोविन्दराज विनोदीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ. ५२ ।

[४९] नारायणप्रसाद खनाल, *आफूले कम सङ्गत गरेका गम्भीर व्यक्ति मदनमोहन जोशी*, **नौलो राँको**, पूर्ववत्, २०६६ पृ. ६० ।

ङ)	साहित्यकार मदनमोहन जोशी भौतिवादी दर्शनमा दृढ आस्था र विश्वास राख्ने कम्युनिष्ट व्यक्तित्व हुन् ।[५०]

च)	मार्क्सवादप्रति आस्थावान मदनमोहन जोशी अन्धविश्वास र सामाजिक रुढीवादीको विपक्षमा उभिने व्यक्तित्व हुन् ।[५१]

छ)	सबैमा स्नेह र सद्भाव राख्ने मदनमोहन जोशी कोमलभाषी र मृदु व्यवहारका धनी भएका कारण राजनीतिक, सामाजिक, साहित्यिक लगायत सबै प्रकारका परिवृतमा उत्तिकै प्रिय व्यक्तित्व हुन् ।[५२]

ज)	साहित्यको माध्यमबाट चेतनाको विकास गरी समाज परिवर्तनमा सहयोग पुऱ्याउने साहित्यिक व्यक्तित्व हुन् ।[५३]

झ)	भूगोल, इतिहास, विश्व राजनीति परिवेश एवम् विभिन्न देशका सत्ता सङ्घर्ष, विश्वयुद्ध बारे गहिरिएर अध्ययन गर्ने अध्यनशील व्यक्तित्व हुन मदनमोहन जोशी ।[५४]

ञ)	मदनमोहन जोशी चितवनको शैक्षिक, राजनीतिक, सामाजिक र साहित्यिक क्षेत्रमा उल्लेख्य योगदान गरेका जोशी चितवनको इतिहास जान्न चाहनेहरूका लागि स्रोत व्यक्ति हुन् ।[५५]

ट)	आफूलाई कुनै पदीय महत्त्वकाङ्क्षा नभएको, साँचो बोल्ने, अध्ययनलाई व्यवहारमा उतार्ने, निरन्तर शोषित पीडितहरूको सेवामा जुटिरहने र उनीहरूकै मुक्तिमा लाग्ने सङ्घर्षशील व्यक्ति हुन मदनमोहन जोशी ।[५६]

ठ)	मदनमोहन जोशी कर्ममा विश्वास गर्ने कर्मशील व्यक्तित्व हुन् ।[५७]

ड)	मातृभूमि नेपालको माया र ममतामा द्रवीभूत भएर विस्तारवादी भारतले सुस्ता, महेशपुर, मानेभञ्ज्याङ लगायत देशका विभिन्न भागमा गरेको अतिक्रमणको विरोधमा आवाज उठाउने मदनमोहन जोशीको कार्य

---

[५०] हरिहर सबिता, *म मर्दिन भन्ने पनि मऱ्यो बा !,* **नौलो राँको**, पूर्ववत्, पृ. ५६ ।
[५१] रविकिरण निर्जीव, *मरेर बाँचेका मदन दाइ,* **नौलो राँको**, पूर्ववत्, पृ. ७४ ।
[५२] सरिता तिवारी, *स्मृतिबिम्बमा जोशीज्यू,* **नौलो राँको**, पूर्ववत्, पृ. ८४ ।
[५३] धनेश्वर भट्टराई, *हो चि मिन्हभित्रका मदनमोहन जोशी,* **नौलो राँको**, पूर्ववत्, पृ. ८६ ।
[५४] रणेन्द्र बराली, *मार्क्सवाद, मदनमोहन जोशी,* **नौलो राँको**, पूर्ववत्, पृ. ९५ ।
[५५] नारायण सापकोटा, *मदनमोहन जोशी व्यक्ति एक व्यक्तित्व अनेक,* **नौलो राँको**, पूर्ववत्, पृ. २८ ।
[५६] इन्द्रप्रसाद रेग्मी, *चोलानाथ अर्थात् मदनमोहन जोशी,* **नौलो राँको**, पूर्ववत्, पृ. ५५ ।
[५७] बाबुराम पाण्डे, *कर्मयोगी मदनमोहन जोशीप्रतिका सम्झनाहरू,* **नौलो राँको**, पूर्ववत्, पृ. ९७ ।

चितवनका जनताले विर्सेका छैनन् ।[५८] निःस्वार्थी भावनाले साहित्य, समाज र राजनीतिक क्षेत्रमा इमान्दारीपूर्वक काम गर्ने मदनमोहन जोशी कर्मशील, अध्ययनशील, स्पष्टवक्ता र निडर साहित्यकार हुन् । मदनमोहन जोशी विचार र सिद्धान्तका एकलव्य हुन् । उनी स्पष्ट विचार राख्ने निर्भिक व्यक्तित्व हुन् ।[५९] पञ्चायतकालीन प्रतिकूल परिस्थितिमा पनि राजनीतिसम्बन्धी विचार बोकेका पुस्तकह विक्री वितरण गरी विचारको प्रवाह गर्नमा मदनमोहन जोशीको महत्वपूर्ण भूमिका रहेको छ । विशेष गरी चितवनको सन्दर्भमा हेर्ने हो भने उनलाई कम्युनिष्ट विचारका संवाहकका रूपमा लिन सकिन्छ ।[६०]

ढ) मदनमोहन जोशी सामाजिक व्यक्तित्व हुन् भन्ने कुरा **नौलो राँको**को मदनमोहन जोशी स्मृति विशेषाङ्क पढेपछि मात्र थाहा भयो । दाजुभाइको नाता भए तापनि उनको बारेमा जान्नको लागि किताब पढ्नुपर्ने भएकोले हामीबीचको सम्बन्ध राम्रो थिएन भन्न सकिन्छ । शिक्षामा, समाजको विकासमा, राजनीतिमा लागेका व्यक्तिले हामीलाई पनि सल्लाह सुझाव दिएर अगाडि बढाउने वातावरण तयार पारेको भए हुन्थ्यो तर त्यस्तो वातावरण तयार भएन ।[६१]

ण) सुरुदेखि नै वामपन्थी विचार प्रवाह गर्ने मदनमोहन जोशीको ठूलाठूला नेताहरूसँग सम्पर्क हुने गर्थ्यो । विशेष गरी कम्युनिष्ट सम्बन्धी विचार प्रवाह गर्न मदनमोहन जोशीको ठूलो योगदान रहेको छ । साहित्यतर्फको कुरा गर्ने हो जोशीलो प्रकाशन मार्फत विभिन्न पुस्तकहरू छाप्ने काम गरे । **नौलो राँको** साहित्यिक पत्रिका प्रकाशन गर्नुका साथै साहित्य सङ्गम चितवन गठन गरी चितवनको साहित्यको विकास गर्न मदनमोहनको ठूलो योगदान रहेको छ ।[६२] सामाजिक क्षेत्रतर्फ हेर्ने हो भने नारायणगढ बजारलाई व्यवस्थित गर्न र विभिन्न शैक्षिक संस्थामा काम गरेर सामाजिक व्यक्तित्वलाई उच्च राखेको पाइन्छ ।[६३]

---

[५८] कृष्णप्रसाद पण्डित, *मदनमोहन जोशीलाई सम्झँदा*, **नौलो राँको**, पूर्ववत्, पृ. १०६ ।
[५९] प्रेमविनोद नन्दनसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[६०] पोषराज पौडेलसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[६१] निरञ्जनप्रकाश जोशीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।
[६२] बाबुराम पाण्डेसँगको मौखिक अन्तर्वाताअनुसार ।
[६३] ऐजन ।

बहुमुखी प्रतिभाका धनी मदनमोहन जोशीले नेपाली साहित्य, समाज र राजनीतिको क्षेत्रमा विशिष्ट योगदान गरेको हुनाले उनका व्यक्तित्वको अनुकरणीय रहेको छ ।

## ३.५ निष्कर्ष

व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । जीवनका विभिन्न पाटाहरू, समाज र विभिन्न सङ्घसंस्थाहरूको सम्बन्धमा आधारमा व्यक्तित्वको निर्माण हुन्छ । एक व्यक्ति पनि अनेक व्यक्तित्वहरू हुन सक्छन् । कुनैपनि व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको रूपमा अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यकार मदनमोहन जोशीको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वका रूपमा हेर्दा ५ फिट ३ इन्च उचाई, पातलो त फूर्तिलो शरीर, गहुँगोरो वर्ण, चौडा खुलेको निधार चुच्चो नाक र मिलेका दाँत, सरल र मृदुभाषी व्यक्ति हुन् । आन्तरिक व्यक्तित्वका रूपमा मदनमोहनको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा बाँड्न सकिन्छ । साहित्य व्यक्तित्व अन्तरगत उनी कवि, कथाकार र जीवनीकार व्यक्तित्व हुन भने साहित्येतर व्यक्तित्व अन्तरगत सामाजिक राजनीतिक, शैक्षिक, अन्वेषक, पत्रकार आदि व्यक्तित्व हुन् । साहित्यका विभिन्न क्षेत्रमा कलम चलाएर सामाजिक विकृति विसङ्गतिप्रति आवाज उठाउने मदनमोहन जोशी बहुमुखी प्रतिभाका धनी हुन् । मदनमोहन जोशी चितवनका अग्राणी समाजसेवी हुन् । उनले विभिन्न सङ्घ-संस्थामा रहेर अनुकरणीय काम गरेर समाजसेवीको रूपमा स्थापित भए । नेपाली साहित्यमा पनि उनको योगदान महत्त्वपूर्ण रहेको छ । देशको प्रतिकूल परिस्थितिमा पनि जनताका आवाजलाई समावेश गरेर साहित्य सिर्जना गर्नु कठिन थियो तर पनि उनले साहसिक काम गरे । यथार्थ विचार राख्दा जस्तोसुकै परिस्थितिको सामना गर्न डराउनु हुँदैन भन्ने उनको मान्यता थियो । साहित्य, शिक्षा र सामाजिक विकासमा उल्लेख्य काम गरेका मदनमोहनले आफ्नो परिवारमा आफ्नो विचारको अनुकरण गर्ने सदस्य बनाउन सकेनन् । चितवनको अग्रणी समाजसेवी भएका व्यक्तिको परिवारमा उनको विचार र कार्यलाई निरन्तरता दिने मानिसको अभावमा देखियो । जसरी मदनमोहन जोशीलाई समाजसेवीका रूपमा चिन्छन् त्यसरी नै परिवारका सदस्यमध्ये कसैले पनि त्यो बाटो समाएनन् । यसलाई मदनमोहनको कमजोरी देखिन्छ । आफ्ना विचार र असल कामका योजनाहरू अगाढि बढाउने व्यक्ति तयार गर्न नसक्नु उनको कमजोरी हो ।

उनी जसरी उनको परिवारको एउटा सदस्य मात्र पनि उनले देखाएको बाटोमा अगाडि बढेको भए साहित्य र समाजको विकासमा ठूलो टेवा मिल्थ्यो । उनले आफ्ना विचार बोकेर अगाडि बढ्ने अनुयायी तयार गर्न नसके तापनि तत्कालीन अवस्थामा उनले जे-जस्ता विचारको प्रवाह गरे त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ ।  साहित्य, समाज, राजनीति आदि क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने मदनमोहन जोशीको व्यक्तित्व शिक्षा, साहित्य र समाजको विकासमा अगाडि बढ्नेहरूको मात्र नभएर सबैको लागि उदाहरणीय र अनुकरणीय रहेको छ ।

# अध्याय चार

# नेपाली साहित्यमा मदनमोहन जोशीको आगमन र साहित्य यात्रा

## ४.१ लेखनका लागि प्रेरणा र प्रभाव

बालबालिकाहरूको पहिलो पाठशाला आफ्नै घर परिवार भएको हुनाले आफ्ना घरपरिवारको प्रभाव बालबालिकाहरूमा प्रत्यक्ष रूपमा परेको हुन्छ । मदनमोहन जोशीको परिवार साहित्यभन्दा राजनीति र व्यापारतर्फ केन्द्रित भएको हुनाले उनमा राजनीति र व्यापार व्यवसायको प्रभाव परेको पाइन्छ । विशेष गरी राजनीतिक परिवेशबाट साहित्यतर्फ आकर्षित भएको हुनाले उनका अधिकांश रचनाहरूमा राजनीतिक प्रभाव पाइन्छ । विभिन्न कार्यक्रमहरूमा जाने, विभिन्न लेख रचनाहरू पढ्ने बानी भएका मदनमोहन जोशीलाई लेख्ने प्रेरणा भने तत्कालीन सामाजिक र राजनीतिक परिवेशले नै दिएको हो ।[१] २००४/२००५ सालदेखि नै कविता लेख्न सुरु गरेका मदनमोहनका बाल्यकालीन कविताहरू अहिले प्राप्त छैनन् । विभिन्न कार्यक्रममा कविता लेखेर वाचन गर्ने विद्यार्थी जीवनदेखिको बानीका कारण उनले कविता त धेरै लेखे तर सुरक्षित राख्न भने सकेनन् ।[२] समय र परिस्थितिको बोध भएपछि एउटा विचार आउने र त्यसलाई कवितामा उतार्ने बानी उनमा थियो ।[३] जसले गर्दा उनले आफ्ना विचारलाई कवितामार्फत प्रस्तुत गर्थे । लेखनको लागि तत्कालीन सामाजिक र राजनैतिक परिस्थितिले नै दिएको भएपनि युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, गोकुलप्रसाद जोशी, पारिजात, लुस्सून, म्याक्सिम गोर्की लगायतका साहित्यकारहरूको प्रभाव उनका लेख रचनाहरूमा पाइन्छ ।[४] आदिकवि भानुभक्त आचार्यलाई उनले नकारात्मक गुरुका रूपमा लिने गर्थे । 'ख्वामित् हजुरको म त दास पो हुँ' जस्ता कविताले दास युग सामान्तवादको पक्षपोषण गर्छ भन्ने तर्क उनमा रहेको थियो ।[५] विद्यालयमा वा गाउँमा कुनै

---

[१] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] इन्द्रप्रसाद रेग्मी, *चोलानाथ अर्थात् मदनमोहन जोशी*, **नौलो राँको**, मदनमोहान जोशी विशेषाङ्क, चितवन : साहित्य संगम, अङ्क ९, २०६५, पृ. ५५ ।

कार्यक्रम भयो भने कविता लेखेर सुनाउने उनको बानी रहेको थियो ।[६] वि.सं. २०१० सालमा मूलबाटो नामक पत्रिकामा फोहोर शीर्षकको कविता छापिएको भनिएपनि त्यो कविता प्राप्त हुन सकेको छैन । प्रमाणिक रूपमा हेर्ने हो भने उनले वि.सं. २०१२ सालमा लेखेको 'भोर' शीर्षकको कवितालाई लिनुपर्ने हुन्छ । विभिन्न कार्यक्रमहरूमा कविता सुनाउँदा राम्रो छ भनेपछि हौसला हुने र अरू कविता लेख्न तर्फ आकर्षित हुने प्रवृत्तिले फुर्सदको समय भयो भने कविता लेख्नमा नै व्यस्त हुन्थे ।[७] आफ्ना साथीभाइ, तत्कालीन सामाजिक र राजनीतिक परिवेशले नै साहित्य सिर्जना गर्ने प्रेरणा पाएका मदनमोहन जोशीका साहित्यिक कृतिहरुमा साहित्यकारहरु गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, पारिजात आदिको प्रभाव परेको पाइन्छ ।

## ४.२ नेपाली साहित्यमा मदनमोहन जोशीको आगमन

२०१० सालमा बन्दीपुरबाट प्रकाशित भएको **मूलबाटो** नामक पत्रिकामा *फोहोर* शीर्षकको कविता छपाएर साहित्ययात्रा सुरु गरेका मदनमोहन जोशीले आफ्नो साहित्यिक यात्रामा मौलिक र अनुदित गरी १५ वटा कृतिहरू प्रकाशित गरेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा लेखहरू प्रकाशित गरी आफ्ना भावनाहरू सार्वजनिक गर्ने मदनमोहनको कृतिहरूमा साहित्यभन्दा पनि राजनीतिक भावना मुखरित भएका छन् । २०१० सालबाट कविता भने २०१२ सालमा लेखिएको *भोर* शीर्षकको कविता हो । यो कविता पनि **मूलबाटो** नामक पत्रिकामा प्रकाशित भएको भनेर **म मर्दिन** कवितासङ्ग्रहमा उल्लेख भएको छ । आफूले थाहा पाएजतिका कार्यक्रमहरूमा जाने, कविता सुन्ने र आफूले प्राप्त गरेजतिका साहित्यिक कृति तथा रचनाहरू पढ्ने बानीले गर्दा उनले साहित्यका विविध क्षेत्रमा कलम चलाएका हुन् ।[८] उनले साहित्य लेखनयात्राका क्रममा लेखिएका रचनाहरू हाल सुरक्षित राख्न सकिएको पाइदैन ।[९] उनको साहित्ययात्राको सुरुतिरको अवधिमा लेखिएको *भोर* शीर्षकको कविता हो । यस कवितालाई कविले म मर्दिन कवितासङ्ग्रहमा पनि समावेश गरेका छन् । शीर्षकसहित कविता यसप्रकार छ-

[६] दिव्यश्वरीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[७] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[८] ऐजन ।
[९] ऐजन ।

***भोर***

गइन् अन्धकार निशा
भयो प्रकाशित दशौं दिशा
देखियो दिनकरको किरण
काम काममा लागे यी जन ।

    द्विज द्विज सब जागा भए
    सबै प्राणी-प्राणीलाई पुकारे
    दुःख दर्द भुले सबै परेको
    चित्र बनाए नव आकृतिको

स्वागत गर्छन् फूल फुलेर
रवि दिन्छ ज्योति बराबर
समानताको भरेर भावना
दोष मिटाउन दिन्छ प्रेरणा

विभिन्न सभा समारोहमा जाने, कविता सुन्ने, वाचन गर्ने, साहित्यकारहरूका रचना अध्ययन गर्ने साहित्यकारहरूसँग सम्पर्क गर्ने मदनमोहन जोशी **मूलबाटो** नामक पत्रिकामा कविता प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[१०] सामाजिक, राजनीतिक र शैक्षिक कार्यको लागि विभिन्न ठाउँमा जाने र त्यहाँको परिवेशलाई चित्रण गर्ने मदनमोहनले २०२५ सालमा कथा कविता लेखनमा सक्रिय भएको पाइन्छ । उनले आफूले लेखेका रचनाहरूलाई विभिन्न पत्रपत्रिकामा छपाउने गरेका थिए । उनले २०१२ सालमा लेखेको *भोर* शीर्षकको कविता मूलबाटो पत्रिकामा २०१४ सालमा प्रकाशित भएको थियो । यसैगरी उनले २०१९ सालमा लेखेको *एक कविता* शीर्षकको कविता २०२२ सालमा **स्वास्नी मान्छे** नामक पत्रिकामा प्रकाशित भएको थियो । कवितासँग मदनमोहनले २०१८ सालमा *तब....तब* शीर्षकको कथा लेखेको पाइन्छ । सामाजिक असमानताको चित्रण गर्दै लेखिएको कथाले शोषित पीडितको पक्षमा आवाज उठाएको छ । मदनमोहनको २०२५ सालसम्मको समय भनेको सामाजिक र राजनीतिक कार्यमा सक्रिय भएको पाइन्छ । यस अवधिमा उनले सामाजिक, साहित्यिक र राजनीतिक कार्य गर्नको लागि सङ्गठन विस्तार विद्यालय स्थापना गर्नुका साथै विभिन्न सामाजिक सङ्घ संस्थामा पनि सक्रिय भए । २०१६ देखि २०४९

[१०] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

सालसम्मको समयमा मदनमोहन जोशी पुस्तक प्रकाशन कार्यमा लागेको पाइन्छ । यस अवधिमा उनले दर्जनभन्दा बढी पुस्तक प्रकाशित गरे भने २०४९ पछिको समयमा विभिन्न लेखहरू रचना गर्दै पत्रपत्रिकामा प्रकाशित गरेको पाइन्छ ।

बहुमुखी प्रतिभाका धनी मदनमोहनले साहित्य, समाज र राजनीतिमा सक्रिय भएर काम गरे । उनले सामाजिक क्षेत्रमा साहित्य क्षेत्रमा र राजनीतिक क्षेत्रमा गरेका काम अनुकरणीय रहेका छन् । वि.सं. २०१० सालबाट अगाडि बढेको उनको साहित्यिक लेखन कार्य २०६५ सम्म सक्रिय रहेको पाइन्छ । वि.सं. २०६५ कार्तिक २८ गते उनले यस संसारबाट बिदा लिए । उनका लेखहरू २०६५ साल साउन महिनासम्म प्रकाशित हुँदै थिए । उनको प्रकाशित अन्तिम रचना २०६५ साल साउन ७ गते चितवन पोष्ट दैनिकमा संस्मरण सहितको भूमिका शीर्षकको लेख हो । उनको जीवनको उत्तरार्ध अनुसन्धान र लेख रचना प्रकाशित गर्नुमा केन्द्रित रह्यो । यस अवधिमा विभिन्न खोज अनुसन्धान गरी जोशी वंशावली तयार पारेको पाइन्छ । उनको लगभग ५५ वर्षे साहित्ययात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ :

क) प्रथम चरण वि.सं. २०१०-२०२५ (आभ्यासिक काल)

ख) द्वितीय चरण वि.सं. २०२६-२०४९ (पुस्तक प्रकाशन)

ग) तृतीय चरण वि.सं. २०५०-२०६५ (लेखनमा सक्रियता)

### क) प्रथम चरण वि.सं. २०१०-२०२५

वि.सं. २०१० सालदेखि नेपाली साहित्यमा प्रवेश गरेका मदनमोहन जोशीले विभिन्न कविता, कथा लेख्दै अगाडि बढेको पाइन्छ । २०१० सालदेखि अगाडि बढेको साहित्य यात्रा वि.सं. २०२५ सालसम्म आभ्यासिक कालका रूपमा रह्यो । जब उनले वि.सं. २०२६ सालमा **मेरो एउटा प्रेमपत्र** नामक पुस्तिका प्रकाशन गरे त्यसपछि उनको साहित्ययात्राको दोस्रो चरण सुरु हुन्छ । हुन त आभ्यासिक कालकै समय वि.सं. २०१८ सालमा **पेकिङ्ग स्वास्थ्य निवास** नामक पुस्तिकाको अनुवाद गरे पनि साहित्यक दृष्टिकोणबाट हेर्दा त्यसले ठूलो महत्त्व राखेको पाइँदैन । यसरी हेर्दा जब उनले मौलिक कृति **मेरो एउटा प्रेम पत्र** (२०२६) प्रकाशित गरे तब उनको साहित्य यात्राले अर्को मोड लिएको पाइन्छ ।

मदनमोहन जोशीले आभ्यासिक काल अन्तर्गत २०१२ सालमा *भोर*, २०१९ सालमा *एक कविता* शीर्षकको कविता, २०१८ मा *आएनौं*, २०२२ सालमा *कुमारीको कल्पना* जस्ता कविताहरू लेखेको पाइन्छ । यस अवधिमा उनले कथा पनि रचना गरेका थिए । २०१८ सालमा लेखेको *तब ........तब* शीर्षकको कथाले सामाजिक असमानताको चित्रण गर्दै शोषित-पीडित वर्गको पक्षमा आवाज उठाएको पाइन्छ । यसैगरी २०२३ सालमा वास्तविक घटनालाई आधार बनाएर रङ्ग-भङ्ग नामक कथा पनि रचना गरे ।  आफ्ना रचनाहरू विभिन्न समारोहमा वाचन गर्ने र विभिन्न पत्रिकामा छपाउने कार्यमा उनको आभ्यासिक काल केन्द्रित रहेको पाइन्छ ।

उनको साहित्ययात्राको प्रथम चरण अर्थात २०१० देखि २०२५ सालसम्मको समय राजनीति र सामाजिक कार्यको उर्वर समय भयो । सामाजिक रूपबाट हेर्ने हो भने उनले यस अवधिमा नारायणगढ बजार समितिको सचिव २०१३, भरतपुर नारायणगढ बजार योजना समितिको सचिव २०१६, नारायणगढ गाउँ पञ्चायतको प्रधानपञ्च २०१९ आदि सङ्घ संस्थाहरूमा रहेर सामाजिक व्यक्तित्वको रूपमा स्थापित हुने अवसर प्राप्त गरे ।

यस अवधिमा उनको राजनीतिक क्षेत्र पनि मौलाएको पाइन्छ । कम्युनिष्ट पार्टी बन्दीपुरको सचिव २०११, चितवन युवक सङ्घको गठन २०१४, कम्युनिष्ट पार्टी चितवनको संस्थापक सदस्य २०१४, नेपाल युव सङ्घ चितवनको अध्यक्ष २०२२ आदि राजनीतिक संस्थाहरूमा सहभागी भएर उनले राजनीतिको क्षितिजलाई पनि फराकिलो बनाउने अवसर पाए ।

साहित्ययात्राको आभ्यासिक कालमा नै उनले विभिन्न विद्यालयमा शिक्षण गरेर शैक्षिक व्यक्तित्वको विकास गरे भने यसै अवधिमा पत्रकार र व्यापारिक व्यक्तित्वको रूपमा पनि परिचित हुने अवसर पाए ।

यसरी मदनमोहन जोशीको साहित्ययात्राको आभ्यासिक कालमा साहित्यभन्दा राजनीतिक, सामाजिक र शैक्षिक व्यक्तित्व मौलाएको पाइन्छ । उनका आभ्यासिक रचनाहरूमा तत्कालीन सामाजिक परिस्थितिको यथार्थ चित्रण पाइन्छ । यस अवधिका रचनाहरूमा काव्यिक शिल्पमा कमजोरी देखिन्छ भने विचार पक्ष बलियो देखिन्छ । आफ्ना रचनालाई काव्यिक शिल्पद्वारा सुकोमल बनाउनेतर्फ उनको ध्यान नपुगेकै देखिन्छ । एउटा राजनीतिक र सामाजिक व्यक्तित्व बनाइसकेका मदनमोहन

जोशीले तत्कालीन अवस्थामा फुटकर साहित्यिक रचनाहरू सिर्जना गर्नुबाट भविष्यमा उनी एक सफल साहित्यकार बन्न सक्ने सङ्केत देखिन्छ ।

**ख) द्वितीय चरण वि.सं. (२०२६-२०४९)**

साहित्यकार मदनमोहन जोशीले वि.सं. २०२६ सालमा मेरो एउटा प्रेम पत्र नामक पुस्तिका प्रकाशन गरेपछि उनको साहित्ययात्राको दोस्रो चरण सुरु हुन्छ । यस अवधिलाई पुस्तकाकार कृतिहरूको प्रकाशन अवधि भन्न पनि सकिन्छ । साहित्ययात्राको दोस्रो चरणमा उनले मौलिकतर्फ **मेरो एउटा प्रेमपत्र** २०२६, **होची मिन्ह** २०३२, **म मर्दिन** २०४६, **संविधानप्रतिको मोह भङ्ग** २०४७, **अतिबुद्धिवादीपना बराबर बेइमानीपना** (सहलेखन) २०४६, **प्रतिक्रियावादी संविधानको खैलाबैला** २०४८ र **भरियाको कथा** २०४८ गरी ७ वटा कृति प्रकाशित गरे ।

अनुवादको क्षेत्रमा पनि उनको साहित्ययात्राको दोस्रो चरण निकै सफल र सबल मानिन्छ । यस अवधिमा उनले **कम्युनिष्ट पार्टीको घोषणापत्र** २०२६, **जनताको सेवा गर** २०३०, **स्तालिनबारे** २०२८, **कम्युनिष्ट के चाहन्छन्** २०३६, **प्रारम्भिक कम्युनिष्ट शिक्षा** २०४७ र **महिला मुक्ति आन्दोलन** २०४९ गरी ६ वटा पुस्तकहरूको अनुवाद गरेको पाइन्छ ।

उनको साहित्ययात्राको दोस्रो चरणलाई साहित्यिक सिर्जनाको उर्वर कालका रूपमा लिन सकिन्छ । यस अवधिका उनका कृतिहरूमा पञ्चायतकालीन अवस्थामा नेपाली जनताले भोग्नुपरेका कष्ट, २०३६ सालको जनमत सङ्ग्रह, २०४६ सालको आन्दोलन, अन्तरिम संविधान २०४७ को बारेमा चित्रण गरिएको पाइन्छ । अनुवादको क्षेत्रलाई हेर्ने हो भने विश्व कम्युनिष्ट आन्दोलन, विश्वका कम्युनिष्ट नेताको जीवनी अनुवाद गरी वैदेशिक परिवेशको पनि चित्रण गरिएको पाइन्छ । आफ्नो आभ्यासिक कालमा लेखेका केही रचनाहरूलाई पनि समावेश गरेर कवितासङ्ग्रह र कथासङ्ग्रह प्रकाशित गरेका छन् । उनले यस चरणमा प्रकाशित गरेका कृतिमध्ये **म मर्दिन** कवितासङ्ग्रह र **भरियाको कथा** कथासङ्ग्रह साहित्यिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएका छन् भने अन्य कृतिहरूले साहित्यिकभन्दा पनि राजनीतिक र सामाजिक भावनाहरूलाई प्रस्तुत गरेका पाइन्छ ।

यसै अवधिमा मदनमोहन जोशीले प्रगतिशील साहित्यकारहरूलाई भेला गरी २०४४ सालमा 'साहित्य सङ्गम चितवन' नामक साहित्यिक संस्था गठन गरी त्यस संस्थाको विधान बनाउने, दर्ता गर्ने कार्यमा सक्रिय रूपमा लागेर संस्थापक अध्यक्ष समेत बने । चितवनको साहित्यिक विकासमा साहित्य सङ्गम चितवनको महत्त्वपूर्ण भूमिका रहेको छ ।[११] यस संस्थाले प्रगतिशील विचारहरू समेटेर नौलो राँको पत्रिका प्रकाशित गर्दै आएको छ । देशको विषय परिस्थिति, आर्थिक अवस्था आदिका कारण साहित्य सङ्गम चितवनले नियमित रूपमा नौलो राँको पत्रिका प्रकाशित गर्न नसके तापनि चितवनको साहित्यिक इतिहासमा यसको भूमिका उच्च रहेको पाइन्छ ।[१२] साहित्य सङ्गम चितवनको संस्थापक अध्यक्ष मदनमोहन जोशी भएको हुनाले उनको योगदानको उच्च मूल्याङ्कन गर्दै मृत्युपश्चात २०६६ सालमा साहित्य सङ्गम चितवनले नौलो राँको को नवौं अङ्क मदनमोहन जोशी विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ भने अक्षयकोष स्थापना गरी साहित्यकारहरूलाई सम्मान गर्दै आएको छ ।

मदनमोहन जोशीले यस अवधिमा सामाजिक र व्यापार व्यवसाय क्षेत्रलाई पनि अगाडि बढाएको पाइन्छ । जोशी पुस्तक पसल स्थापना गरी पुस्तक बिक्रेता बनेका उनी २०४० सालमा पुस्तक व्यवसायी सङ्घ चितवनका संस्थापक अध्यक्ष पनि बनेका थिए । यसैगरी २०४२ सालमा वन पैदावार उत्पादन व्यवसायी सङ्घको संस्थापक अध्यक्ष भएका थिए भने यसै अवधिमा ठेक्कापट्टा र गल्ला व्यवसायी भएर पनि काम गरे ।

यसरी मदनमोहन जोशीको साहित्ययात्राको दोस्रो चरण पुस्तकहरूको प्रकाशन, सामाजिक र व्यापारिक व्यक्तित्वको विकास भएको पाइन्छ । समग्रमा यो अवधिलाई साहित्यिक सिर्जनाको महत्त्वपूर्ण समयको रूपमा लिन सकिन्छ ।

### ग) तृतीय चरण (वि.सं. २०५०-२०६५)

साहित्यकार मदनमोहन जोशीको साहित्य यात्राको तृतीय चरण अर्थात् वि.सं. २०५० देखि २०६५ सालसम्मको अवधि लेखन र अनुसन्धानमा केन्द्रित रहेको पाइन्छ । यस अवधिमा उनले दैनिक तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा विभिन्न लेखहरू

[११] डी.आर. पोखरेलसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१२] ऐजन ।

प्रकाशित गरेका छन् । यस अवधिका उनका लेखहरूले तत्कालीन सामाजिक र राजनीतिक विषयवस्तुको चित्रण गरेका छन् । बहुदलीय व्यवस्थामा जनताका अपेक्षा, देशको परिस्थिति मध्यावधि निर्वाचन, देशको राजनीतिक अवस्था, माओवादी जनयुद्धलाई विषय बनाएर उनले सयभन्दा बढी लेखहरू प्रकाशित गरेका छन् । संविधान सभाको निर्वाचन के हो ? कसरी गर्नु पर्छ भन्ने विषयहरू पनि यस अवधिका उनका लेखमा पाइन्छ । कतिपय लेखहरूमा भ्रष्टाचारको तीव्र विरोध गरिएको पाइन्छ । उनका प्रकाशित लेखहरूले उनलाई समय र परिस्थितिको विश्लेषण गर्न सक्ने प्राज्ञिक व्यक्तित्वका रूपमा चिनाएका छन् । जनधारणा साप्ताहिक, चितवन पोष्ट दैनिक, पारदर्शी दैनिक, समावेशी आवाज, आदर्श समाज, दैनिक, अनावरण साप्ताहिक आदि पत्रपत्रिकामा प्रकाशित लेखहरूलाई हेर्दा उनलाई लेखेर नथाक्ने व्यक्तिका रूपमा लिन सकिन्छ ।[१३]

उनको साहित्य यात्राको तेस्रो चरण खोज र अनुसन्धानमा पनि केन्द्रित रहेको छ । उनले जोशीहरूको बारेमा वंशावली तयार गरी अन्वेषक व्यक्तित्वको रूपमा चिनिएका छन् । उनले जोशीहरू नेपालमा कहाँबाट आए कहाँ-कहाँ बसेका छन् भन्ने खोजी गरी **जोशी वंशावली** (२०६१) पनि प्रकाशित गरेका छन् ।

यसरी सामाजिक र राजनीतिक विषयवस्तुहरूलाई केन्द्रविन्दु बनाएर लेखहरू लेख्ने मदनमोहन जोशीको काव्ययात्राको तेस्रो चरण लेखनमा सक्रिय भएको पाइन्छ । जीवनको अन्तिम समय पनि उनी लेखनमा नै सक्रिय भएको पाइन्छ । उनी २०६५ साल कार्तिक २८ गते यस संसारबाट बिदा भए पनि उनका लेखहरू २०६५ साउन ७ गतेसम्म प्रकाशित हुँदै थिए ।

## ४.४ निष्कर्ष

विद्यालयमा अध्ययन गर्दादेखि नै कविता लेख्ने मदनमोहन जोशीले आफ्नो साहित्यिक यात्रामा मौलिक र अनुवाद गरी १५ वटा पुस्तकहरू प्रकाशित गरेका छन् । तत्कालीन सामाजिक र राजनीतिक परिवेशले नै लेखनमा प्रेरणा दिएको बताउने मदनमोहन जोशीका अधिकांश कृतिहरूमा सामाजिक र राजनीतिक भावनाहरू नै मुखरित भएको पाइन्छ । बहुमुखी प्रतिभाका धनी उनी साहित्य लगायत राजनीतिक, सामाजिक, व्यापारिक क्षेत्रमा पनि सक्रिय नै भएर काम गरे । साहित्यिक क्षेत्रलाई हेर्ने हो भने उनले कविता र

[१३] रामहरि श्रेष्ठसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

कथामा कलम चलाएर कृति नै प्रकाशित गरेका छन् भने समीक्षात्मक लेखहरू पनि प्रकाशित छन् । अनुवादको क्षेत्रमा उनको कलम बलियो देखिन्छ । आफू प्रगतिवादी भएकाले शोषित, पीडित र निमुखा जनताको बारेमा कलम चलाउनुपर्छ भन्ने मान्यता उनमा रहेको हुनाले उनका साहित्यिक कृतिमा शोषित, पीडित जनताका आवाजले नै ठाउँ पाएका छन् । २०१० सालबाट नेपाली साहित्यमा प्रवेश गरेका मदनमोहनको १० वर्ष अर्थात् २०२५ सालसम्मको अवधि अभ्यासिक कालका रूपमा रह्यो । यो समयमा उनले विभिन्न सभा समारोहमा गएर कथा कविता वाचन गर्न र विभिन्न पत्रपत्रिकामा छपाउने काम गरे । साहित्य सिर्जनासँगै यस अवधिमा सामाजिक र राजनीतिक क्षेत्रमा काम गर्दै देश र जनताको पक्षमा आवाज उठाएको पाइन्छ । २०२६ देखि २०४९ सालसम्मको अवधि अर्थात लगभग २३ वर्षको समयावधि विशेषगरी पुस्तकाकार कृतिको प्रकाशनमा केन्द्रित रह्यो । यस समयमा उनले साहित्यिक र साहित्तेत साहित्यतेर गरी दर्जनभन्दा बढी पुस्तक प्रकाशित गरे । मदनमोहन जोशीको साहित्ययात्राको दोस्रो चरण साहित्यिक दृष्टिकोणले महत्त्वपूर्ण रह्यो भने राजनीतिक, सामाजिक कार्य पनि उल्लेख रूपमा गरेको पाइन्छ । उनको काव्ययात्राको तेस्रो चरण अर्थात् २०५० देखि २०६५ सालसम्मको समय लेखन र अनुसन्धानमा केन्द्रित रहेको पाइन्छ । यस अवधिमा उनले स्थानीय र राष्ट्रिय पत्रिपत्रिकामा लेखहरू प्रकाशित गरी स्थापित लेखकको रूपमा परिचित हुने अवसर पाएका छन् भने विभिन्न खोजी गरी **जोशी वंशावली** तयार पार्न सफल भएका छन् । मदनमोहन जोशीको साहित्ययात्राको दोस्रो चरण साहित्यिक सिर्जनाको दृष्टिकोणले महत्त्वपूर्ण रह्यो । दोस्रो चरणमा त्यति धेरै कृति प्रकाशन गर्ने मदनमोहनको साहित्ययात्राको तेस्रो चरणमा कुनै पनि साहित्यिक कृति प्रकाशन हुन सकेन । दोस्रो चरणमा प्रकाशित कृतिहरुलाई हेर्दा पनि सुरु अवधिमा प्रकाशित गरेका कृति र अन्तिममा प्रकाशित कृतिलाई तुलनात्मक अध्ययन गर्दा काव्यिक उच्चता बढेको पाइँदैन । त्यति धेरै समय लेखनमा सक्रिय भएको व्यक्तिको लेखनमा स्तरीयता जुन रुपमा हुनुपर्ने थियो त्यो रुपमा हुन सकेन । भाषिक शील्पद्वारा साहित्यमा उच्चता ल्याउनतर्फ भन्दा पनि विचारको भेल प्रवाह गर्नमा नै उनी केन्द्रित रहेको पाइन्छ ।

यसरी मदनमोहन जोशीको लगभग आधा शताब्दीको साहित्ययात्रा सङ्ख्यात्मक रूपमा १५ वटा पुस्तक प्रकाशित गर्दै सामाजिक, राजनीतिक, व्यापारिक, शैक्षणिक व्यक्तित्वको विकासमा अगाडि बढेको देखिन्छ । साहित्य, शिक्षा र समाजको विकासमा अगाडि बढेको उनको व्यक्तित्व सबैका लागि अनुकरणीय रहेको छ ।

# अध्याय पाँच

# साहित्यकार मदनमोहन जोशीका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन

## ५.१ परिचय

मदनमोहन जोशी चितवनका पुराना साहित्यकार हुन् । चितवनका स्रष्टाहरूमा मदनमोहन जोशीको नाम अग्रपङ्क्तिमा छ । चितवन र आसपासका सचेत समुदायले मदनमोहन जोशीलाई प्रगतिशील साहित्य र विचार प्रचारकको रूपमा बढी चिन्दछन् ।[1] विशेष गरी चितवन र वरपरका जिल्लाहरूको शैक्षिक, साहित्यिक, राजनैतिक तथा पत्रकारिता क्षेत्रको विकासमा उल्लेख्य योगदान गरेका मदनमोहन जोशीले आफ्नो लेखन यात्रामा साहित्यिक र साहित्येतर गरी पन्ध्रवटा कृतिहरू प्रकाशित गरेका छन् ।[2] उनका मौलिक कृतिहरूमा **मेरो एउटा प्रेम पत्र** (२०२६), **हो चि मिन्ह** (२०३२), **अतिबुद्धिवादीपना बराबर बेइमानीपना** (सहलेखन-२०४५), **म मर्दिन** (२०४६), **संविधानप्रतिको मोह भङ्ग** (२०४७), **प्रतिक्रियावादी संविधानको खैलाबैला** (२०४८) र **भरियाको कथा** (२०४८) रहेका छन् ।

अनुवादको क्षेत्रमा पनि मदनमोहन जोशीले कलम चलाएका छन् । उनका अनूदित कृतिहरू साहित्यिकभन्दा पनि राजनीतिक छन् भने स्वास्थ्यसँग सम्बन्धित एउटा कृति अनुवाद गरेका छन् । उनले अनुवाद गरेका कृतिहरूमा **पेकिङ्ग स्वास्थ्य निवास** २०१९, **कम्युनिष्ट पार्टीको घोषणापत्र** २०२६, **स्तालिनबारे** २०२८, **कम्युनिष्ट के चाहन्छन्** २०३६, **जनताको सेवा गर** २०३०, **प्रारम्भिक कम्युनिष्ट शिक्षा** भाग-२, २०४७ र **महिला मुक्ति आन्दोलन** २०४९ रहेका छन् ।

---

[1] अनिल शर्मा, *ताम्सालिङ क्षेत्रका कवि र कविताहरू-३,* **नयाँ अग्रगमन** मासिक, वर्ष २, पूर्णाङ्क १७, २०६५, पृ. ३० ।

[2] डी.आर पोखरेल, *भरियाको कथा नुनबिनाको तिहुन,* **पारदर्शी दैनिक,** २०६५, कार्तिक ५, पृ. २ ।

साहित्यकार मदनमोहन जोशीले प्रकाशित गरेका कृतिहरूलाई मूल्याङ्कन गर्दा **म मर्दिन** कवितासङ्ग्रह र **भरियाको कथा** कथासङ्ग्रहले साहित्यिक कृतिको स्थान ओगटेको छन् भने अन्य मौलिक र अनुदित कृतिहरूमा सामाजिक र राजनीतिक चेतना मुखरित भएका छन् । त्यसैले उनका साहित्यिक कृतिहरू **म मर्दिन** र **भरियाको कथा**लाई निम्नानुसार विवेचना गरिएको छ भने अन्य कृतिहरूको सामान्य परिचय दिइएको छ ।

## ५.२ म मर्दिन कवितासङ्ग्रहको अध्ययन

मदनमोहन जोशी जनपक्षीय र क्रान्तिकारी कवि हुन् । गद्यमा कविता लेख्ने मदनमोहन जोशीका कविताहरूमा गोपालप्रसाद रिमालको कवितात्मक शैली पाइन्छ ।[३] लेखन यात्राको प्रारम्भिक अवधिका कविताहरू समेटिएको **म मर्दिन** कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरू निम्नवर्गीय तथा निरपेक्ष मानवतावादबाट प्रभावित देखिन्छन् ।[४] २०११ सालेदखि २०२५ सालको बीचमा लेखिएका तेइस वटा कविताहरूको सङ्गालो **म मर्दिन** कवितासङ्ग्रहले तत्कालीन अवस्थामा देशको सामाजिक, राजनैतिक परिस्थितिलाई चिरफार गरेको छ । निरङ्कुश पञ्चायती शासनमा नेपाली जनताले भोग्नुपरेका दुःख, पीडा, मुक्तिको लागि उनीहरूले गरेका सङ्घर्षलाई समावेश गरी लेखिएको कवितामा दुःखीत, पीडित जनताका आवाज मुखरित भएका छन् । देशमा परिवर्तन ल्याउनको लागि हरेक नागरिक निडर भएर अन्याय र अत्याचारको विरुद्धमा लड्नु पर्ने कुरा कवितामा उठाइएको छ ।

### ५.२.१ शीर्षक

शीर्षक कविता कृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटकसमेत हो ।[५] रचना कृति आदिको मुख्य नाम वा टाउकोलाई शीर्षक भनिन्छ ।[६] प्रत्येक कृतिको शिरमा रहने यो अङ्ग ज्यादै महत्त्वपूर्ण हुन्छ । शीर्षकलाई आधा रचना नै मानिने हुँदा हरेक लेखकले शीर्षकद्वारा आफ्ना कृतिको नामाकरण खुबै सोचविचारका साथ गरेको पाइन्छ ।[७] शीर्षकले विषयवस्तु, प्रस्तुति, भाव वा विचारको

---

[३] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, पूर्ववत्, पृ. ५२ ।
[४] अनिल शर्मा, *ताम्सालिङ क्षेत्रका कवि र कविताहरू नयाँ अग्रगमन,* वर्ष २, पूर्णाङ्क १७, २०६५, पृ. ३१ ।
[५] बासुदेव त्रिपाठी, **नेपाली कविता (भाग-४),** तृतीय संस्करण, ललितपुरः साझा प्रकाशन, २०५४, पृ. १७ ।
[६] वसन्तपुर शर्मा नेपाल, **नेपाली शब्दसागर,** दो.सं., चाबहिलः भाभा पुस्तक भण्डार, २०५८, पृ. १२४९ ।
[७] मोहनराज शर्मा, **शब्द रचना र वर्ण विन्यास,** भोटाहिटीः नवीन प्रकाशन, २०५६, पृ. ३०२ ।

केन्द्रीय कथ्यप्रति सङ्केत गर्दछ । शीर्षक नै विचारको केन्द्रीय सारभूत वस्तु हो ।[८] **म मर्दिन** कवितासङ्ग्रह मदनमोहन जोशीको २३ वटा कविताहरू समावेश गरेर २०४६ सालमा प्रकाशित कृति हो । कविता सङ्ग्रहको ५१ पृष्ठमा प्रकाशित १७ औं कविताको शीर्षक *म मर्दिन*लाई नै कविता सङ्ग्रहको शीर्षक बनाएर कविले प्रतिक्रियावादी वर्गले उत्पीडन गर्दैमा आफूले आत्मसमर्पण नगर्ने र आफ्नो वर्गका मित्रहरूलाई बाटो देखाउने प्रण गरेका छन् ।[९] देश र जनताको पक्षमा आवाज उठाउनको लागि जस्तासुकै विघ्नबाधाहरू आइपरे तापनि आफ्नो विचार कहिल्यै परिवर्तन नहुने कविको विचार रहेको छ । विचार ठीक भयो भने मात्र काम सम्पन्न गर्न सकिन्छ भन्ने विचार बोक्ने मदनमोहन जोशीको **म मर्दिन** कवितासङ्ग्रहको शीर्षक नै देखिन्छ ।

## ५.२.२ संरचना

कुनै वस्तुको बाहिरी ढाँचा, आकारप्रकार, आकृति, रूपाकृति, प्रतिकृति आदिलाई संरचना भनिन्छ ।[१०] ज्ञानविज्ञान सम्बन्धी कुनै पनि शब्दरचना, भावरचना, वस्तु संरचना आदिलाई संरचना भनिन्छ ।[११] विभिन्न घटकहरूको पारस्पारिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन र स्वनिष्ट अस्तित्व नै संरचना हो ।[१२] संरचना दुई प्रकारको हुन्छ- आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्तिविधान वा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि देखा पर्न सक्छ अनि महाकाव्यमा सर्गबन्ध/सर्गयोजना अपरिहार्य नै रहन्छ ।[१३] **म मर्दिन** कवितासङ्ग्रह गद्यमा लेखिएको २३ वटा कविताहरू समावेश गरिएको कृति जोशिलो प्रकाशनले २०४६ सालमा प्रकाशित गरेको हो । प्रकाशन सङ्ख्या र मूल्य नराखिएको कृतिमा टी.आर. विश्वकर्माले २०२७ साल माघमा भूमिका लेखेका छन् । कुनै कविता अति नै छोटा ६ पङ्तिका छन् भने कुनै १ सय ३० पङ्तिमा लेखिएका लामा पनि छन् । सबै कविताहरू गद्य लयमा रचना गरिएका छन् ।

---

[८] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविताकाव्य,** भोटाहिटीः नवीन प्रकाशन, २०६६, पृ. ८ ।

[९] अनिल शर्मा, **ताम्सालिङ क्षेत्रका कवि र कविताहरू,** पूर्ववत्, पृ. ३१ ।

[१०] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** दोस्रो संस्करण, काठमाडौंः विद्यार्थी प्रकाशन, २०६३, पृ. ९५२ ।

[११] बालकृष्ण पोखरेल, **नेपाली बृहत् शब्दकोश,** काठमाडौंः ने.रा.प्र.प्र., २०४०, पृ. १२०६ ।

[१२] खगेन्द्रप्रसाद लुईटेल, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२, पृ. ४८ ।

[१३] वासुदेव त्रिपाठीसहित, **नेपाली कविता (भाग-४),** पूर्ववत्, पृ. १७-१८ ।

आन्तरिक संरचनाको दृष्टिले हेर्दा कविले प्रतिकात्मक शैलीद्वारा विचार प्रवाह गरेको पाइन्छ । कवितामा विचारको ज्वारभाटा नै चलेको हुनाले कविको व्यक्तित्वभन्दा कला र भावपक्ष अलि कमजोर भएको महसुस हुन्छ ।[१४] तत्कालीन परिस्थितिको मूल्याङ्कन गरेर हेर्ने हो भने **म मर्दिन** कवितासङ्ग्रहको आन्तरिक र बाह्य पक्ष सफल नै देखिन्छ ।

कवितासङ्ग्रहमा प्रकाशित कविताहरूको शीर्षक र पृष्ठ सङ्ख्याको आधारमा संरचनालाई यसरी तालिकामा देखाउन सकिन्छ -

तालिका नं.-२

| क.सं. | शीर्षक | पृष्ठ | पङ्क्ति सङ्ख्या | रचनाकाल |
|---|---|---|---|---|
| १. | म चाहन्छु | १-२ | ४० | २०२३ |
| २. | जूनसँग खेल्ने | ३-४ | ४४ | २०१९ |
| ३. | आएनौ | ५ | १८ | २०१८ |
| ४. | एक कविता | ६ | १४ | २०१९ |
| ५. | सदाचारका ठेकेदारहरूलाई हाँक | ७-११ | ८९ | २०२२ |
| ६. | कुमारीको कल्पना | १२-१६ | ९० | २०२२ |
| ७. | हाम्रो आङ-आङमा घाम लाग्नेछ | १३-२३ | १३० | २०२२ |
| ८. | हाहा र हाहालाई | २४-२७ | ७६ | २०१९ |
| ९. | जागरण | २८-३१ | ७८ | २०१४ |
| १०. | म हूँ | ३२-३३ | २४ | २०११ |
| ११. | ठूलो माछाले सानो माछालाई खान्छ | ३४-३५ | ३९ | २०२३ |
| १२. | निम्तोलाई स्वीकार गर्छ, त्यो आउँछ | ३६-३९ | ७१ | २०२३ |
| १३. | भोर | ४० | १० | २०१२ |
| १४. | कदम | ४१-४३ | ५७ | उल्लेख नभएको |
| १५. | देव नमान्नु, एकदेव मान्नु | ४४-४७ | ८४ | उल्लेख नभएको |
| १६. | पुष्प नाम सार्थक बनाऔं | ४५-५० | ५९ | उल्लेख नभएको |
| १७. | म मर्दिन | ५१-५३ | ५१ | २०२३ |
| १८. | म जान्दिन | ५४-५९ | १२० | २०२३ |

[१४] अनिल शर्मा, **ताम्सालिङ क्षेत्रका कवि र कविताहरू**, पूर्ववत्, पृ. ३१ ।

| | | | | |
|---|---|---|---|---|
| १९. | अँधेरो कोठामा उनीहरू ? | ६०-६१ | २७ | २०२३ |
| २०. | एक मिलन एक बिछोड | ६२ | १५ | २०२३ |
| २१. | शान्ति | ६३-६९ | १३७ | २०२३ |
| २२. | सङ्केत | ७० | ६ | २०२५ |
| २३. | ? | ७० | ७ | २०२५ |

## ५.२.३ विषयवस्तु

कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरोलाई विषयवस्तु भनिन्छ ।[१५] कुनै खास विषयको बारे प्रतिपादन गरिएको कुरोलाई विषयवस्तु भनिन्छ ।[१६] कुनै ग्रन्थ लेखादि रचनामा प्रतिपादन गरिने वा गरिएको विचार कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[१७] कविताको केन्द्रीय तत्त्व विषयवस्तु हो, जसको आधारमा सर्जकको सृजनशील व्यक्तित्व केन्द्रित हुन्छ र त्यहाँका विषयवस्तुहरू जीवन र भोगाइका प्रत्येक दुःखद सुखद क्षणका अनुभूति तथा संस्मरणाहरू सामाजिक घात प्रतिघातमा आधारित भई अगाडि बढेका हुन्छन् ।[१८] जीवन-जगत्‌को समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउने चाहिँ होइन र पूरै प्रकृति, मानवीय समाज र संस्कृति, पूराकथा र इतिहास, दर्शन र ज्ञान-विज्ञान आदिका साथै मानवमनको समस्त अनुभव-व्यापारको कथन कविताको विषयवस्तु मानिन्छ ।[१९] कवि मदनमोहन जोशीको **म मर्दिन** कवितासङ्ग्रह तत्कालीन देशको सामाजिक र राजनीतिक विषयवस्तुलाई समावेश गरी लेखिएको गद्य कविताको सङ्ग्रह हो । देश र जनताको मुक्तिको लागि प्राण उत्सर्ग गर्ने सहिदहरूको सपना साकार पार्नु पर्छ भन्दै प्रतिक्रियावादीहरूले दमन गर्दैमा आफूले आत्मसमर्पण नगरी निरन्तर सङ्घर्षमा लाग्नु पर्छ भन्दै कवि उद्घोष गर्छन् :

मेरा कयौं साथीहरू माटोमा मिलेर रहिरहेछन्
मेरा कयौं साथीहरू हावामा उडेर छट्पटाई रहेछन् ।

---

[१५] हेमाङ्गराज अधिकारी र बद्री भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : साझा पुस्तक भण्डार, पृ. ९२२ ।

[१६] वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर दो.सं.,** काठमाडौं : साझा पुस्तक भण्डार, २०५२, पृ. १२२१ ।

[१७] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा), **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौंः ने.रा.प्र.प्र., २०४०, पृ. ६९६ ।

[१८] मीनादेवी घिमिरे, **रविकिरण निर्जीवको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९, पृ. ३१ ।

[१९] वासुदेव त्रिपाठी र अरू (सम्पा.), **नेपाली कविता** भाग-४, पूर्ववत्, पृ. १७-१८ ।

मेरा कैयौं साथीहरू म जस्तै पृथ्वीमा बसेर चिच्याइ रहेका छन्
मेरा कैयौं साथीहरू अझ पनि बाटोको खोजीमा भौतारिहेका छन्
मैले मेरा ती साथीहरूको रोदन शान्त पार्नु छ
मैले मेरा ती साथीहरूको स्वतन्त्र र आनन्दसँग
हावामा उड्ने वातावरण सृजना गर्नुछ
मैले मेरा ती साथीहरूको माग पूरा गर्न
पृथ्वीमा उलट-पुलट गर्नु छ । (म मर्दिन, पृ. ५२)

मानिसको चाहनामा परिवर्तन हुन्छ । हिजोको चाहना आज रहन सक्दैन । जनताले हिजो जे मागेका थिए आज र भोलि त्यो माग्दैनन् । युग सुहाँउदो चाहना विकसित हुन्छ । हिजो जस्तो भएपनि भोलि शान्ति हुनुपर्छ भन्ने भाव कविताको माध्यमबाट यसरी व्यक्त गरिएको छ ।

भोलिको चाहना
हिरोसिमा-नागासाकीमा
कोमल विरुवा उमार्न
बनाउन-हुर्काउन
हरियो-भरियो पार्न

(म चाहन्छु, पृ. २)

मुक्तिको चाहना मनुष्य मात्रको अधिकार हो र यो जन्मजात प्रवृत्ति पनि । त्यसैले मुक्ति सङ्ग्राममा जुटिराखेका आजका मानिसहरूमा बादल मात्र लाग्ने होइन, घाम लाग्नेछ, उनीहरूको आङ आङमा घाम लाग्नेछ । भन्ने विषयलाई कवितामा यसरी व्यक्त गरिएको छ ।

पूर्वमा लाली छाइसक्यो
मानिस जागा भैसक्यो
चेतनामा आइसक्यो
रातको रूप बुझिसक्यो ।

(हाम्रो आङआङमा घाम लाग्नेछ, पृ. २१)

कवितामा विषयवस्तुलाई दार्शनिक साँचोमा ढालेर तार्किक पाराले नवीन शैलीमा आफ्ना अभिव्यक्ति पोख्नु कवि मदनमोहन जोशीको विशेषता हो । देशमा वीर र कालपुरुष जन्माउनु पर्ने विषयलाई कवि यसरी व्यक्त गर्छन् ।

आफ्नो बनाइ, यसैको बीऊबाट
नयाँ-नयाँ तेजस्वी वीर सपूतको
निर्माण सृजना गर्नुपर्छ ।

(कुमारी कल्पना, पृ. १३)

कविले धर्मका नाममा मूर्ति पूजा गर्नेहरूप्रति पनि तीव्र विरोध गरेका छन् । धर्मको नाममा समाजमा विभिन्न अपराध गर्नेहरूप्रति सचेत हुनुपर्छ भन्ने विषयलाई कवि यसरी प्रस्तुत गर्छन् ।

म जान्दिन, परलोकको आशा देखाएर दान लिन,
'अहिंसा परमो धर्म' भनेर मानिसको शिकार गर्न,
लोक परलोकको त्रासानन्द देखाएर
आफ्नो दुनो सोभ्याउन । (म जान्दिन, पृ. ५४)

समाजमा विभिन्न प्रकारका मानिसहरू छन् । कसैले आफ्नो वास्तविकता र यथार्थ नबुभ्री अरूको लहैलहैमा लाग्ने भएकाले विचार जन्मन नसकेको कविको तर्क छ । कविले दर्शनिक चेतना र क्रान्तिपुरुषको आह्वान गरेका छन् । कवितामा कतै कतै गीताको दर्शन पनि पाइन्छ ।

हेर विश्वरूप म देखाउँदै छु ।
संसार सबै माया हो । (शान्ति, पृ. ६५)

कवि जोशीलाई मार्क्सवादी दर्शन र साहित्यको गहिरो अध्ययन छ र पूर्वीय दर्शनको अध्ययन पनि छ ।[२०] म मर्दिन भन्ने शीर्षक नै आत्माको अमरतालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । वेदान्तदर्शनतर्फबाट हेर्दा आत्मा कहिल्यै नमर्ने भन्ने अर्थ बुझ्न सकिन्छ भने मार्क्सवादी दर्शनअनुसार हेर्दा मानिस सङ्घर्षकै लागि बाँच्न चाहन्छ र सङ्घर्षमै जीवन बिताउनु पर्छ भन्ने अर्थ बुझ्न सकिन्छ । समग्रमा भन्दा कविले देश र जनताको हितमा सङ्घर्ष गर्ने मानिसले जसरी पनि सफलता पाउँछ, ऊ आफ्नो बाटोबाट कहिल्यै पनि विचलित हुँदैन । यदि भौतिक शरीर नाश भएपनि उसको कामले गर्दा सधैं अमर हुन्छ भन्दै देश र जनताको हितमा आवाज उठाउने मानिस कहिल्यै कमजोर नहुने विषयलाई कवितामा प्रस्तुत गरिएको छ ।

[२०] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण**, चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ. ५२।

### ५.२.३.१ म मर्दिन कवितासङ्ग्रमा प्रकाशित कविताहरूको सामान्य चिनारी

*म चाहन्छु* कवितामा कविले सुन्दर समाजको चाहना गरेका छन् । समयको मागअनुसार देशमा परिवर्तन हुनुपर्ने जनाउँदै सुन्दर शान्त समाजको स्थापना गर्नु पर्ने आवश्यकता औल्याएका छन् । २०२३ साल चैत्र १३ गते लेखिएको भनेर मिति उल्लेख गरिएको यो कविता **मातृभूमि** पत्रिकाको वर्ष १ अङ्क २३ मा २०२५ साल साउन १५ गते मङ्गलबार प्रकाशित भएको भनेर कविताको अन्त्यमा कविले उल्लेख गरेका छन् ।

**म मर्दिन** कविता सङ्ग्रहमा प्रकाशित दोस्रो कविता हो *जूनसँग खेल्ने* । यो कविता २०१९ साल पौष २७ गते लेखेको भनेर मिति उल्लेख गरेका छन् । कवितामा देशमा शान्ति स्थापना गर्न सबै एकजुट भएर अगाडि बढ्नु पर्ने विषयलाई उल्लेख गरिएको छ ।

*आएनौ !* भन्ने शीर्षकको कविता **म मर्दिन** कविता सङ्ग्रहको तेस्रो कविता हो । २०१८ साल श्रावण २० गते लेखिएको कविता भनेर कविले कविताको अन्त्यमा उल्लेख गरेका छन् । कवितामा जति नै सङ्घर्ष गरेपनि जनताको चाहना पूरा नभएको उल्लेख गरिएको छ ।

*एक कविता !* शीर्षकको कविता **म मर्दिन** कविता सङ्ग्रहमा प्रकाशित चौथो कविता हो । २०१९ साल पौष २७ गते लेखिएको भनेर मिति उल्लेख गरिएको कवितामा परिवर्तनको लागि जनताले गरेको सङ्घर्षलाई उल्लेख गरिएको छ ।

**म मर्दिन** कविता सङ्ग्रहमा प्रकाशित पाँचौं कविता हो- *सदाचारका ठेकेदारलाई हाँक !* २०२२ साल कार्तिक ८ गते लेखिएको कविता २०२२ सालको मङ्सिर महिनामा **स्वास्नी मान्छे** भन्ने पत्रिकामा प्रकाशित भएको कविले उल्लेख गरेका छन् । कवितामा विशेष गरी सुकुम्बासीहरूले बासस्थानको माग गर्दै गर्दा गरेका सङ्घर्षलाई चित्रण गरिएको छ ।

**म मर्दिन** कविता सङ्ग्रहमा प्रकाशित छैटौं कविता हो *कुमारीको कल्पना* । २०२२ साल पौष ८ गते लेखिएको कविता श्री ५ रत्नकन्या मिडिल स्कुल बन्दीपुरको वार्षिक पत्रिकामा प्रकाशित भएको कविले उल्लेख गरेका छन् । कवितामा सामाजिक समस्याहरूलाई हटाएर शान्ति स्थापना गर्ने चाहना कविले गरेका छन् ।

कवितासङ्ग्रहको सातौं कविता हो *हाम्रो आङ-आङ्मा घाम लाग्नेछ* । २०२२ साल माघ १३ गते लेखिएको कविता उल्लेख गरेका छन् । कवितामा समाजका समस्याका बारेमा सबैलाई जानकारी भएपछि त्यसलाई हटाउन सबै सक्रिय हुन्छन् र स्वच्छ समाजको निर्माण हुन्छ भन्ने विषयलाई प्रकाश पारिएको छ ।

आठौं कवितामा *हाहा र हाहालाई*ले समाज वास्तविकता नबुझी हल्लै हल्लामा चलेको उल्लेख कविले गरेका छन् र वास्तविकता बुझ्न आग्रह गरेका छन् । यो कवितालाई २०१९ साल पौष २४ गते लेखेको कविले उल्लेख गरेका छन् । वास्तविकता नबुझी लहैलहैमा लागेर मानिसले धेरै गल्ती गर्छन् भन्दै यथार्थ र वास्तविकता बुझेर अगाडि बढ्न कवितामा आग्रह गरिएको छ ।

नवौं कविता *जागरण*ले अन्याय अत्याचार सहन नसकेर जागरुक भई समस्या हटाउन जनता जागरुक भएको उल्लेख कविले गरेका छन् । यो कविता २०१४ साल मंसिर १५ गते लेखिएको कविले उल्लेख गरेका छन् ।

दशौं कविता *म हुँ* कविले अन्याय अत्याचार हटाउने र दुःखी पीडित, कृषक, मजदुरको हितमा आवाज उठाउने म नै हुँ भनेर कविले आफ्ना विचार प्रस्तुत गरेका हुन् । यो कविता २०११ साल माघ २२ गते लेखिएको भनेर कविले उल्लेख गरेका छन् ।

*ठूलो माछाले सानो माछालाई खान्छ* भन्ने कविता **म मर्दिन** कवितासङ्ग्रहको एघारौं. कविता हो । २०२३ साल जेठ महिनामा लेखिएको कवितामा समाजका ठूलाबडाले दुःखित गरिबहरूलाई अन्याय गरेको प्रसङ्ग निकाल्दै सबैको मेलमिलाप भएमा मात्र विश्व शान्तिको आवाज घन्काउन सकिने कुरालाई जोड दिइएको छ ।

म मर्दिन कवितासङ्ग्रहको बाह्रौं कविता हो *निम्तोलाई स्वीकार गर्छ, त्यो आउँछ* । २०२३ साल जेठ २० गते लेखिएको कविताले अन्याय अत्याचार हटाउनको लागि मर्न पछि पछि नपरी जनता जागरुक भएर अगाडि बढ्छन् भन्ने सङ्केत गरिएको छ ।

कवितासङ्ग्रहमा प्रकाशित तेह्रौं कविता हो *भोर* । २०१२ साल मङ्सिर १४ गते लेखिएको र बन्दीपुरबाट प्रकाशित **मूलबाटो** नामक पत्रिकामा २०१५ सालमा प्रकाशित पनि भएको कविले देश र जनताको पक्षमा आवाज उठाउनेहरूलाई सबैले स्वागत गर्दै सहयोग गर्ने उल्लेख गरिएको छ । जनताको शासन स्थापना गर्नको लागि निडर भएर अगाडि बढ्नुपर्ने विचार कवितामा उल्लेख छ ।

कवितासङ्ग्रहमा प्रकाशित चौधौं कविता हो *कदम* । लेखिएको मिति उल्लेख नगरिएको कविताले शोषित पीडित जनताको मुक्तिको लागि कदम अगाडि बढाऊ । दबिएर नबस भन्ने भाव व्यक्त गरेको छ । वास्तविकता नबुझेर पक्ष विपक्ष भएर विवाद गर्दा समाजमा झन समस्या थपिने तर्क कविको छ । त्यसैले फुटेर होइन जुटेर अगाडि बढ्नुपर्ने विचार कवितामा उल्लेख छ ।

कवितासङ्ग्रह प्रकाशति पन्ध्रौं कविता हो *देव नमान्नु एकदेव मान्नु*। कविताले एक आपसमा विभाजित नभई एक ढिक्का भएर अन्याय र अत्याचारको विरुद्धमा लाग्नुपर्ने सन्देश दिएको छ ।

कवितासङ्ग्रहमा प्रकाशित सोह्रौं कविता हो *पुष्प नाम सार्थक बनायौं*। यो कविताले देश र जनताको पक्षमा काम गरेमा मात्र जीवन सफल हुने भाव व्यक्त गरेको छ । जुन देशमा जन्म भयो त्यो देशको लागि केही गर्न सकिएन भने जीवन व्यर्थ हुनेतर्फ कविले सचेत गराएका छन् ।

कवितासङ्ग्रहमा प्रकाशित सत्रौं कविता हो *म मर्दिन*। पुस्तकको नै शीर्षक दिइएको यो कविता २०२३ साल असार महिनामा लेखिएको हो । यसले देश र जनताको लागि सङ्घर्ष गर्नेहरू कहिल्यै मर्दैनन्, उनीहरू युगौं-युगसम्म बाँचिरहन्छन् भन्ने भाव व्यक्त गरेको छ । देश र जनताको लागि आवाज उठाएर सङ्घर्ष गर्नेहरू सफल हुने विचार कवितामा छ । समाजमा भएका विकृति र विसङ्गतिहरूका विरुद्धमा आवाज उठाउनेहरू सधैँ देश र जनताको पक्षमा आवाज उठाउने र देशको मुक्तिको लागि सङ्घर्ष गर्नेहरूको भौतिक शरीर नाश भए पनि सधैँ अमर भइरहने पनि कवितामा विष्लेषण गरिएको छ ।

**म मर्दिन** कवितासङ्ग्रहमा प्रकाशित अठारौं कविता हो *म जान्दिन*। २०२३ साल असार महिनामा लेखिएको कविताले मानवीय जीवनको महत्त्व र कर्तव्यलाई प्रकाश पारेको छ । कवितामा अन्याय, अत्याचार र भेदभाव हटाएर देशको विकास गरेमात्र मनवीय जीवन सफल हुने भन्दै राष्ट्रप्रेमी मानिसले व्यक्तिगत स्वार्थ केही नभनी राष्ट्रनिर्माणमा लाग्छन् भन्ने कविको तर्क छ ।

कवितासङ्ग्रहमा प्रकाशित उन्नाइसौं कविता हो *अँधेरो कोठामा उनीहरू*। वि.सं. २०२३ साल असार  महिनामा लेखिएको कविताले अँध्यारोबाट मुक्ति पाउनको लागि जनता योजना बनाएर बाहिर आउने लागेको सन्दर्भलाई स्पष्ट पारेको छ ।

कविता सङ्ग्रहको बिसौं कविता हो *एक मिलन एक विछोड*। २०२३ साल असार महिनामा लेखिएको कविताले सधै एकैनास हुँदैन । अन्याय हटाउन न्याय अवश्य नै आउँछ भन्ने भाव दर्शाएको छ ।

कवितासङ्ग्रहको एक्काइसौं कविता हो *शान्ति*। २०२३ साल आषाढमा लेखिएको कविताले शान्तिको खोल ओढेर अवसरवादीहरूले जनतालाई शोषण गरेको स्पष्ट पार्दै वास्तविक शान्ति जनताले अनुभव गर्न पाउनु पर्छ । शान्ति त्यसै आउँदैन, सङ्घर्ष गर्नुपर्छ भन्ने भाव प्रकट गरिएको छ ।

कवितासङ्ग्रहमा बाइसौं प्रकाशित कविता हो *सङ्केत* । वि.सं. २०२५ साल साउनमा लेखिएको कविताले सामाजिक द्वन्दलाई प्रकाशमा पारेको छ । कविताले मुक्तिको लागि वर्ग सङ्घर्ष गर्नुपर्ने भाव प्रकट गरेको छ ।

कविता सङ्ग्रहको अन्तिम अर्थात तेइसौं कविता हो *?* प्रश्न चिन्हलाई नै शीर्षक दिइएको यो कविता २०२५ साल साउनमा लेखिएको हो । यस कवितामा क्रान्तिकारी र विद्रोहको स्वर मुखरित भएको छ ।

मदनमोहन जोशीले वि.सं. २०११ सालदेखि २०२५ सालमा लेखिएका कविताहरूलाई सङ्ग्रह गरी वि.सं. २०४६ सालमा प्रकाशित गरे । कविताले तत्कालीन सामाजिक र राजनीतिक परिवेशलाई चित्रण गरेको छ । मानवतावाद, शान्ति, मातृत्वप्रेम, विद्रोह, सामाजिक असङ्गति, वर्गसङ्घर्ष आदि विषयलाई समेटेको कविता सङ्ग्रहमा कविका क्रान्तिकारी विचारहरू मुखरित भएका छन् ।

## ५.२.४ भावविधान

आत्मालापी, कवि कथानात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्य वा विषयवस्तुचाहिँ कुनै न कुनै भावविधान या भावविचार हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय रागमय रूपमा कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[२१] मानवीय जीवन जगत्का समग्र विषयवस्तुलाई र मानव चेतनाका यावत् अनुभव र अनुभूतिलाई समेटेर कविताको रचना गरिएको हुन्छ । यसमा प्रकृति, मानवीय समाज, सँस्कार र सँस्कृति, ज्ञान-विज्ञान, इतिहास धर्म र दर्शनका साथै मानव मनका समस्या अनुभवको अभिव्यक्ति हुन्छ।[२२] **म मर्दिन** कवितासङ्ग्रहमा देश र जनताको मुक्तिको लागि हरेक नागरिक सचेत भए अगाडि बढ्नु पर्छ आवाज उठेको छ ।

नेपाली साहित्यमा गद्यकविता लेखनको प्रारम्भ भएको अवस्थामा गद्य कविता लेखनबाट प्रकट हुन भएका जोशीको साहित्यिक चेतनाभन्दा सामाजिक र राजनीतिक चेतना प्रखर रूपमा **म मर्दिन** कवितासङ्गमा छताछुल्ल पोखिएको छ । म मर्दिन शीर्षकले नै आत्माको अमरतालाई एकातिर विश्लेषण गरेको छ भने अर्कोतिर जतिसुकै दमन र सजायँ

[२१] बासुदेव त्रिपाठी सहित, **नेपाली कविता,** (भाग-४), पूर्ववत्, पृ. २० ।
[२२] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता-काव्य,** पूर्ववत्, पृ. ११ ।

दिए पनि देश र जनताको मुक्तिको लागि अगाडि बढ्ने व्यक्ति कहिल्यै पछि हट्दैन, त्यसलाई कसैले गलाउन र झुकाउन सक्दैन । उसको भौतिक शरीर नरहे पनि उसको कार्यले उसलाई अमर बनाउँछ । जसरी सहिदहरूको हामी सम्मान गर्छौं त्यसरी देश जनताको पक्षमा आवाज उठाउने मानिस सधैं सम्मानित नै रहन्छ भन्दै कवितामा गरिब दुःखी जनताको मुक्तिको लागि र सामाजिक विकृति र विसङ्गतिको अन्त्यको लागि जागरूक भएर लागेमा मात्र जीवन सफल हुने भाव पनि **म मर्दिन** कवितासङ्ग्रहमा पाउन सकिन्छ ।

## ५.२.५ भाषाशैली

भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको प्रकारलाई भाषाशैली भनिन्छ । भाव वा विचारको अभिव्यक्तिका लागि कविताको अति महत्त्वपूर्ण तत्त्व भाषाशैली हो । भाषाशैली विना कविताको परिकल्पना गर्नु सम्भव हुँदैन ।[२३] कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु छ, त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट बढी ललित र रागात्मक अभिव्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद पदावली, वाक्यखण्ड वाक्य र अनुच्छेदविधान समेत सिर्जित हुने कुरा हो ।[२४] कवितालाई साकार र मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । अन्य गद्य विधाका तुलनामा कविताको भाषा लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, सुगठित हुनका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ । प्रयुक्ति विषयवस्तु वा प्रयोक्तामा निर्भर भए पनि कवितामा मुख्यतया उच्च प्रयुक्तिकै प्राधान्य रहन्छ । यस उसले यसैबाट कविताको स्तरीयताको मापन निर्धारण गरिन्छ ।[२५] मदनमोहन जोशीका कविताहरू पनि सरल भाषामा नै सामाजिक परिस्थितिको चित्रण गरिएको छ । उनका कविताहरू गद्यमा नै भएको हुनाले कतैकतै रसरता पाइँदैन । भाव र विषयवस्तुको प्रस्तुतिमा व्याकरणगत त्रुटि भेटिएपनि कविका विचारहरू स्पष्टसँग पोखिएका छन् । कतिपय कविताहरूमा राजनीतिक विचारहरूको प्रस्तुतीकरण भएको हुँदा परिस्थिति नबुझीकन सोझै अर्थ लगाउन नसकिने पनि छ । कवितामा विचारको ज्वारभाटा नै चलेको हुँदा लय, अनुप्रास, अलङ्कारतर्फ

[२३] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता-काव्य,** पूर्ववत्, पृ. १२ ।
[२४] वासुदेव त्रिपाठीसहित (सम्पादक), **नेपाली कविता भाग-४,** ते.सं., ललितपुरः साझा प्रकाशन, २०५५, पृ.२०।
[२५] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** पूर्ववत्, पृ. २४६ ।

कविको कमजोरी देखिन्छ । देशको परिस्थितिलाई मूल्याङ्कन २०११ सालदेखि २०२५ सालसम्म लेखिएका कविताहरूको सङ्ग्रह **म मर्दिन**ले तत्कालीन सामाजिक असङ्गति, उत्पीडन, सामाजिक समस्या, दु:खी गरिबका कथा व्यथा, परिवर्तनको लागि जनताले गरेका सङ्घर्षलाई भने मार्मिक र यथार्थ रूपमा चित्रण गरेको छ। तत्कालीन परिवेशमा चितवन र बन्दीपुरको सेरोफेरोमा रहेर कविता सिर्जना गर्नु आफैमा उपलब्धिपूर्ण नै मान्नु पर्ने हुन्छ । कवितामा भाषा र भावको प्रबलताभन्दा पनि विचारको प्रवलता बढी देखिन्छ । कवितामा काव्यिक शिल्पभन्दा राजनीतिक प्रभाव र विरोध बढी पाइन्छ । तत्कालीन सामाजिक र राजनीतिक परिस्थितिलाई चित्रण गरी लेखिएका कवितामा गोपालप्रसाद रिमालको भाषाशैली पाइन्छ ।[२६]

## ५.२.६ दृष्टिबिन्दु

कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु उपस्थित गर्ने तरिका नै दृष्टिबिन्दु हो ।[२७] कहिले दृष्टिबिन्दुमै केन्द्रित भएर आफ्ना भाव वा विचारलाई कवितात्मक रूपमा प्रदान गर्ने हुनाले यसलाई कविका भाव विचार अनुभूति, संवेदना आदिलाई अभिव्यक्त गरी पाठक समक्ष पुऱ्याउने सुक्ष्म पद्धति एवं प्रक्रिया मानिन्छ ।[२८] दृष्टिबिन्दु प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक गरी दुई प्रकारका हुन्छ । कविले आफ्ना विचार प्रथम पुरुष र तृतीय पुरुष कथनपद्धतिमा प्रस्तुत गरेका हुन्छ । कवि मदनमोहन जोशीको म मर्दिन कविता सङ्ग्रहमा पनि प्रथम र तृतीय पुरुषात्मक दृष्टिबिन्दु रहेको छ । कविता सङ्ग्रहको म मर्दिन कविता प्रथम पुरुषात्मक दृष्टिबिन्दुमा लेखिएको छ । देश र जनताको लागि लड्ने वीर योद्धाहरू कहिल्यै नमर्ने कविको तर्क छ । आफ्ना क्रान्तिकारी विचारलाई कवि जोशीले यसरी प्रस्तुत गरेका छन् ।

कसैको बाण प्रहारले म मर्दिन
कसैको तातो गोलीले म मर्दिन
आगोको दहनले म मर्दिन
बज्र प्रहारले म मर्दिन ।

(म मर्दिन, पृ. ५१)

---

२६ लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्यः सवेक्षण र विश्लेषण**, पूर्ववत्, २०५२, पृ. ५२ ।
२७ खगेन्द्र लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २३७ ।
२८ ऐजन, पृ. २३८ ।

समाजका शोषक र अत्याचारीलाई हटाउनको लागि जागरुक भएर उठ्नु पर्छ । जागरुक भएर अगाडि बढ्यो भने त्यसले सारा समस्यालाई खरानी बनाउँछ भन्दै कवि जोशीले आफ्नो विचार तृतीय पुरुष दृष्टिबिन्दुमा यसरी व्यक्त गर्छन् ।

त्यो केटो बल्यो भने
त्यसले ठूला-ठूला मूढाहरूलाई
खरानी पार्छ ।

(कुमारीको कल्पना, पृ. १३)

## ५.२.७ छन्द, रस अलङ्कार

कवि मदनमोहन जोशीले २०११ सालदेखि २०२५ सालसम्मको अवधिसम्म लेखिएका कविताहरू समावेश गरिएको कविता सङ्ग्रह **म मर्दिन** कविता सङ्ग्रहमा विचारको ज्वारभाटा पाइन्छ । कविताहरूमा साहित्यिक चेतनाभन्दा सामाजिक र राजनीतिक चेतना प्रखर भएको पाइन्छ । यि कविताहरूमा काव्यिक शिल्पद्वारा भावलाई सिगार्न कविको ध्यान पुगेको देखिदैन । गद्य लयमा लेखिएका कविता भएकोले यिनमा छन्दको प्रयोग छैन तर वीर रस र भयानक रसको प्रभाव भने कवितामा पाइन्छ । वीर रसको भावलाई कवितामा कविले यसरी प्रस्तुत गरेका छन् ।

एक मुठी सास रहँदासम्म
प्राण पखेरू उड्दासम्म
देशको स्वतन्त्रताको निम्ति
जनताको मुक्तिको निम्ति
पल पलमा सहिद हुन निम्ति
आफ्नो बलिदानको निम्ति

(देव नमान्नु एकदेव मान्नु, पृ. ४४)

कवितामा कतै शान्त रसको पनि अनुभूति गर्न सकिन्छ । शान्त रसको भावलाई कविले यसरी व्यक्त गर्छन्-

मेल मिलापको वातावरण सिर्जन्छ
भ्रातृत्वको भावना जाग्छ
वैज्ञानिकताको आधार लिन्छ
जीवनोपार्जनको नयाँ ढङ्ग अपनाउँछ
विश्व शान्तिको एक आधारशीला जडान गरिएको हुन्छ ।

(ठूलो माछाले सानो माछालाई खान्छ, पृ. ३४)

गद्य शैलीमा लेखिएका कवितामा कतैकतै अत्यानुप्रास पनि देखिन्छ भने अलङ्कारको दृष्टिकोणबाट हेर्दा कविता कमजोर नै देखिएपनि तत्कालीन समयको यथार्थ चित्रण कवितामा पाउन सकिन्छ ।

## ५.२.८ निष्कर्ष

कवि मदनमोहन जोशीको **म मर्दिन** कवितासङ्ग्रह विचारको ज्वारभाटा बनेको छ । तत्कालीन सामाजिक र राजनीतिक अवस्थाबाट असन्तुष्ट बनेका कविले आफ्ना विचार कवितामा छताछुल्ल पारेका छन् । प्रगतिवादी भावधाराको केन्द्रीयतामा बगेका कतिपय कवितामा विद्रोह बढी र लालित्य कम रहेको पाइन्छ । दार्शनिक पृष्ठभूमिमा मार्क्सवादी सिद्धान्तलाई कविता बनाएर आफ्नो दृष्टिकोण कविले पोखेको पाइन्छ । कवितामा कविको विचार पक्ष तीव्र देखिन्छ भने कला पक्ष कमजोर देखिएको छ । करिब तीन दशकको बीचमा लेखिएका कवितामा प्राय एकै किसिमका विचारहरू अभिव्यक्त भएका छन् । कवितामा विभिन्न विषयवस्तु समेटिएको भए तापनि प्रस्तुतीकरणमा नौलोपन र नयाँ विचार पाउन सकिदैन । म चाहन्छुदेखि ? सम्म आइपुग्दा कविको काव्यिक उच्चता बढेर गएको पाइदैन । कविको विचार पक्षको तुलनामा कला र भाव पक्ष कमजोर देखिन्छ । उनका कविताहरूमा एउटै विषयलाई व्याख्या गर्ने काम भएको छ । लेखनमा नौलोपन पाइँदैन । प्रायःजसो कविताले राजनीतिक विषयवस्तुलाई नै विश्लेषण गरेका छन् तर देशको तत्कालीन अवस्थालाई मूल्याङ्कन गरी कविता लेख्नुलाई उपलब्धिपूर्ण मान्नुपर्ने हुन्छ ।

## ५.३ भरियाको कथा कथासङ्ग्रहको अध्ययन

नेपाली साहित्यको प्रगतिशील फाँटका चिरपरिचित स्रष्टा मदनमोहन जोशी (१९९३-२०६५) बहुआयामिक व्यक्तित्वका धनी हुन् । बहुमुखी प्रतिभाका धनी मदनमाहेन जोशीले साहित्य लगायत, सामाजिक, राजनीतिक क्षेत्रमा पनि विशिष्ट योगदान गरेका छन् । विशेष गरी कविता, कथा, जीवनी लेखनमा कलम चलाएका मदनमोहनको अनुवादको क्षेत्रमा पनि चर्चित नै छन् । उनले मौलिक र अनूदित गरी पन्ध्रवटा कृतिहरू प्रकाशित गरेका छन् । भरियाको कथा (२०४८) प्रकाशित गरी कथाकारको रूपमा स्थापित भएका मदनमोहन जोशी चितवनका अग्रज साहित्यकारका रूपमा चिनिन्छन् । वि.सं. २०१८ सालदेखि २०४७ सालसम्म लेखिएका आठपटा कथाहरूको सङ्ग्रह भरियाको कथामा

प्रकाशित कथाहरूले तत्कालीन समाजको चित्रण गरेका छन् । लेखनको हिसाबले हेर्ने हो भने भरियाको कथालाई लोककथा पछिको जेठो कथा नै मान्नुपर्छ ।[२९] यस कथासङ्ग्रहमा प्रकाशित *'तब..........तब'* (२०१८) नै चितवनको सन्दर्भमा लोककथा पछिको पहिलो कथा मान्नुपर्छ । यसअघि थारु लोककथाको पुस्तक **जितिया पावनी** (२०१६) प्रकाशित भएको थियो । लेखनको हिसाबले चितवनको दोस्रो कथा भएतापनि प्रकाशनको हिसाबले हेर्ने हो भने **भरियाको कथा** तेस्रो हो । यसअघि हरिहर खनालको **जुनको प्रकाशमा सूर्यलाई निम्त्याएर** (२०२४) प्रकाशित भएको थियो । प्रकाशनको हिसाबले तेस्रो नम्बरमा परेपनि लेखन हिसाबले हेर्ने हो भने चितवनको सन्दर्भमा लोककथा पछिको पहिलो नै मानिन्छ ।[३०] तत्कालीन सामाजिक परिस्थितिलाई चित्रण गरी लेखिएको **भरियाको कथा**लाई कथा तत्त्वका आधारमा यसरी विश्लेषण गर्न सकिन्छ ।

## ५.३.१ कथावस्तु

विशेषगरी कथानक शब्दले कथाको संरचनाका सबभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँछ । कथानक भन्नु नै कथाको त्यो मूर्त रूपाकृति हो, जो कथागत मूल्यद्वारा युक्त हुन्छ । कथामा कथानक भन्नाले रचनागत समग्रताको बोध गराउँछ ।[३१] जसरी एउटा मालिले फूलका विभिन्न आकार-प्रकार र रङ्गढङ्ग मिलाइ फूलको माला गुन्दछ त्यसरी नै एउटा सफल कथाकारले केही आवश्यक घटनाहरूको आधारमा कथावस्तुको संरचना गर्दछ ।[३२] कथामा कथावस्तुको गठन विभिन्न किसिमले गरिएको हुनसक्छ तापनि सामान्यतया कथाकारले प्रारम्भ, विकास, कौतुहल र चरम सीमाका श्रृङ्खलाद्वारा कथावस्तुलाई सङ्गठित गरेको पाइन्छ ।[३३]

**भरियाको कथा** कथासङ्ग्रह प्रगतिशील विचारधारबाट प्रेरित भएको छ । कथा सङ्ग्रहमा प्रकाशित भएका कथाहरूको विषयवस्तु तत्कालीन सामाजिक र राजनीतिक विषयवस्तु नै हुन् । अधिकांश कथाहरूमा वर्ग सङ्घर्ष कतै न कतै केन्द्रित भएको पाइन्छ । *रङ्ग-भङ्ग* कथामा त कथाकारले वास्तविक घटनालाई नै कथावस्तु बनाएर कथा लेखेको

---

२९ डी.आर. पोखरेल, **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, पूर्ववत्, २०६६, पृ. ४२ ।

३० डी.आर पोखरेल, **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, पूर्ववत, पृ. ७२ ।

३१ दयाराम श्रेष्ठ 'सम्भव' (सम्पा), **पच्चीस वर्षका नेपाली कथा**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, पृ. २९ ।

३२ हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौंः साझा प्रकाशन, ते.स. २०४७, पृ. १५३ ।

३३ नरहरि आचार्य सहित (सम्पा), **नेपाली कथा भाग-१**, सातौं संस्करण, ललितपुर : साझा प्रकाशन, २०६३, पृ. क ।

छन् भने छापाखानाले पनि छाप्ने सामग्री समयमै नछापेर भोलि-भोलि भनि अलमलाएको प्रसङ्गलाई पनि कथाकारले सरल भाषामा विश्लेषण गरेका छन् । देशमा आएको परिवर्तन, जनताले गरेका सङ्घर्ष, सामाजिक शोषण, अन्याय अत्याचार, निम्नवर्गीय दु:खीत जनताको अवस्था आदि विषयहरूलाई कथावस्तु बनाएर कथा लेख्ने कथाकार जोशीको कथाहरूमा सामाजिक र राजनीतिक विषय नै बढी मौलाएको पाइन्छ । परिस्थितिको चित्रण गरी आफ्ना निजात्मक विचारहरू प्रस्तुत भएको कथासङ्ग्रह **भरियाको कथा** कथावस्तुका दृष्टिले सबल नै मानिन्छ ।

### ५.३.१.२ भरियाको कथा कथासङ्ग्रहमा प्रकाशित कथाहरूको अध्ययन

नेपाली साहित्यको प्रगतिशील फाँटका चर्चित साहित्यकार मदनमोहन जोशी (वि.सं. १९९३-२०६५) बहुआयामिक व्यक्तित्वको धनी व्यक्तित्व हुन । साहित्यलगायत सामाजिक र राजनीतिक क्षेत्रमा पनि संलग्न रहेर काम गरेका उनले मौलिका र अनुदित गरी १५ वटा कृतिहरू प्रकाशित गरेका छन् । उनले प्रकाशित गरेका कृतिहरू मध्ये **म मर्दिन** (कवितासङ्ग्रह) र **भरियाको कथा** (कथासङ्ग्रह) ले साहित्यिक क्षेत्रमा चर्चित छन् भन्ने अन्य कृतिहरू सामाजिक राजनीतिक परिवेशमा केन्द्रित छन् ।

**भरियाको कथा** वि.सं. २०१८ सालदेखि २०४७ सालसम्म करिब तीन दशकभित्र लेखिएका आठवटा कथाहरू समेटिएको कथासङ्ग्रह हो । सङ्ग्रहभित्र २०१८ सालमा लेखिएको *'तब..........तब'* शीर्षकको कथालाई तेस्रो नम्बरमा राखेर २०२७ सालमा लेखिएको भरियाको कथा शीर्षकको कथालाई पहिलो नम्बरमा राखेर समग्र कृतिको नाम नै भरियाको कथा राखिएको छ । कथासङ्ग्रहभित्र *भरियाको कथा, तन्नेरी बाबु र बूढो छोरा, तब........तब, जित्ने को ?, रंग-भंग, आज भनि गएका छौं, चन्दन र खोरिया फाँड्नेको हुन्छ* गरी आठ वटा कथाहरू प्रकाशित छन् । कथासङ्ग्रहले वि.सं. २०१७ सालमा देशमा भएको राजनीतिक उथलपुथल, पञ्चायती व्यवस्थाले गरेका अन्याय र अत्याचार, शोषणयुक्त सामाजिक अवस्थालाई चिरफार गरेको छ ।

*भरियाको कथा* सामाजिक शोषण, अन्याय, अत्याचार र दमनको शिकार भएका निम्नवर्गीय व्यक्तिहरूको प्रतिनिधि भरियालाई प्रमुख पात्र बनाएर लेखिएको यो कथा प्रगतिवादी र क्रान्तिकारी चेतनाले भरिएको कथा हो । भारी बोकेर आफ्नो जीवन चलाउने भरिएको कथा हो । भारी बोकेर आफ्नो जीवन चलाउने भरियाको श्रम शोषण गर्न खोज्ने

साहुको प्रतिकार गर्दै भरिया दलबहादुरले साहूको कन्तुरबाट पैसा झिकेर भरिया साथीहरूलाई बाँडिदिन्छ । श्रम शोषण गर्ने साहूलाई नै मुक्का हानी थला पारेको र आफ्नो पारिश्रमिक लिएर गएको विषयले जागृतिको सङ्केत गरेको छ । वर्गीय चेतना जगाउने उद्देश्यले लेखिएको यो कथा यथार्थवादी-प्रगतिवादी कथाको रूपमा स्थापित भएको छ । अधिकार मागेर होइन खोसेर लिनुपर्छ भन्ने चेतनालाई कथाले स्पष्ट पारेको छ । ११ पृष्ठ र १३ अनुच्छेदको आयाममा फैलिएको कथा पात्र चयन, संवाद, सरल र सहज अभिव्यक्तिले उद्देश्य प्राप्तिमा सफल बनेको छ । सिङ्गो कथा सङ्ग्रहको नाम नै भरियाको कथाबाट नामाकरण गरिनु र वि.सं. २०४७ सालमा लेखिएको भएपनि एक नम्बरमा समावेश गरिनुले कथाको महत्त्व उच्च रहेको पाइन्छ ।

*तन्नेरी बाबु र बूढो छोरो* मनोवैज्ञानिक शैलीमा लेखिएको कथा हो । यसले निम्न वर्गप्रति सहानुभूति प्रकट गरेको छ । बाबु सन्तबहादुर र छोरा शुकबहादुरको संवादले दुई पुस्ताबीच भिन्नता देखाएको छ । नयाँ पुस्तामा जोश र जाँगर हुनपर्नेमा निराशको सङ्केत गरेको छ । छोरा शुकबहादुरमा अन्तर्द्वन्द्व र छटपटी रहेको देखिए तापनि कथा सन्देशमूलक बनेको छ । ग्रामीण भेगको परिवेशमा मेलापात गर्दै जीवन निर्वाह गरेको सन्तबहादुरको विचारले मानिस धनले गरिब भए पनि विचारले गरिब हुँदैन भन्ने भाव अभिव्यक्त भएको छ । १३ पृष्ट र १३ वटै अनुच्छेदको आयाममा फैलिएको कथाले वर्गीय द्वन्दका लागि छोरालाई तयार रहन सङ्केत दिएको छ ।

*तब.......तब* भरियाको कथासङ्ग्रहमा प्रकाशित भएका कवितामध्ये लेखनको हिसाबले पहिलो कथा हो । वि.सं. २०१७ सालपछि पञ्चायती व्यवस्थाको दमनलाई विषयवस्तु बनाएर लेखिएको कथाले क्रान्तिमा जस्तोसुकै अवरोध आएपनि जसरी पनि जनताको जित हुने भाव अभिव्यक्त भएको छ । कथामा आन्दोलनरत म पात्रका स्वप्निल र क्रान्तिकारी भावना पाइन्छ । ७ पृष्ट र ११ अनुच्छेदको आयाममा फैलिएको कथा शीर्षकसँग तालमेल मिलेको पाइदैन । लोककथा पछि लेखनको हिसाबले चितवनको पहिलो कथा भएकोले यसको ऐतिहासिक महत्त्व रहेको छ ।

*जित्ने को ?* जीवजन्तुको उपमाबाट समाजमा चलिरहेको वर्ग सङ्घर्षलाई चित्रण गरेको यो कथा प्रतिकात्मक छ । मानवेतर पात्रहरू उपस्थित गराएर कथाकारले समाजको वर्ग सङ्घर्षलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । शोषकहरू विरुद्धमा लागेका श्रमजीवीहरूले जीत हात पार्छन् भन्ने विषयलाई कमिलाहरूले सिंहमाथि विजय प्राप्त गरेको

प्रसङ्गबाट स्पष्ट भएको छ । अन्याय र अत्याचार गर्ने शासकहरू जति नै बलवान भएपनि दुर्गति भोग्नुपर्छ भन्ने देखाएर कथाकारले शीर्षक सार्थक बनाएका छन् । ९ पृष्ट र ११ अनुच्छेदको आयाममा फैलिएको कथाले गरिब दुःखीको पक्षमा वकालत गरेको छ । वास्तविक रूपमा सिंह र कमिलाको कुनै दुस्मनी नभएतापनि प्रतिकात्मक रूपमा उपस्थित गराइएका मानवेतर पात्रले शीर्षक सार्थक देखिएको छ । सरल प्रस्तुती र संवादले गर्दा कथाले शोषक सामन्तीहरूप्रति खबरदारी पनि गरेको छ ।

*रङ्ग-भङ्ग* कथाकारले कथा भनेर कथासङ्ग्रहमा प्रकाशित गरेपनि संस्मरण जस्तो लाग्ने रङ्ग-भङ्ग कथा वीरेन्द्र इन्टरकलेजका प्राध्यापक घनश्यामबहादुर श्रेष्ठ सिंहको दुःखद् निधन प्रसङ्गमा लेखिएको छ । वि.सं. २०२३ साल मंङ्सिर ४ गते चितवनको टाइगरटप्स भन्ने स्थानमा पिकनिक जाँदा राप्ती नदीमा डुङ्गा पल्टेर प्राध्यापक घनश्यामबहादुर श्रेष्ठको निधन भएको यथार्थ घटनालाई कथामा प्रस्तुत गरिएको छ । १० पृष्ठ र ९ अनुच्छेदको आयाममा फैलिएको कथाको शीर्षक सार्थक नै देखिन्छ ।

*आज भनि गएका छौं* वर्गशत्रुको अन्त्य गर्नुपर्छ भन्ने भाव बोकेको कथा आज भनि गएका छौं कथाले सर्वहारा वर्गको क्रान्तिकारी कार्यलाई चित्रण गरेको छ । कथाका पात्र गजेन्द्र सुब्बालाई मोहीहरूले कुटपिट गरेर हत्या गर्छन् । मोहीयानी हक दिन इन्कार गर्ने गजेन्द्र सुब्बाको हत्या गरेपछि तुलवीर मगर र अन्य मोहीहरूले न्याय पाएको प्रसङ्ग उल्लेख गर्दै कथाकारले वर्ग सङ्घर्षको नमूना प्रस्तुत गरेका छन् । कथाका प्रमुख पात्र तुलवीर मगरले मोहीहरूको नेतृत्व गरेको छ । क्रान्तिको अभियानमा व्यक्ति हत्याको माध्यमबाट अधिकार प्राप्त गरेको प्रसङ्ग वर्तमानमा अस्वाभाविक लाग्दछ । ५ पृष्ठ र १० अनुच्छेदको आयाममा फैलिएको लाग्दछ । ५ पृष्ठ र १० अनुच्छेदको आयाममा फैलिएको यो कथाको शीर्षक सार्थक देखिदैन । शक्ति हत्याको अवधारणा बोकेको यो कथामा राजनीतिक चेतना पाइन्छ ।

*चन्दन* सामाजिक राजनीतिक कार्यकर्तालाई छापाखानाले भरेभोलि भनेर दुःख दिएको, छाप्ने सामग्री समयमै नछापेको, हुन्छ हुन्छ भन्दै अलमलाएको यथार्थ घटना कथामा उलेख छ । कथाको प्रमुख पात्रकै नामबाट शीर्षक चयन गरिएको यो कथामा कमजोर बन्दै गएको नैतिकता, इमान्दारितालाई मुख्य विषयवस्तु बनाइएको छ । पुस्तक छाप्नका लागि जिम्मा लिने आधा खर्च पनि लिने तर भोलि भोलि भनेर झुलाउने कार्यले गर्दा चन्दनले मानसिक हैरानी भोग्नुपरेको घटना कथामा वर्णन गरिएको छ । ६ पृष्ठ र भोग्नुपरेको घटना

कथामा वर्णन गरिएको छ । ६ पृष्ठ र ११ अनुच्छेदको आयाममा फैलिएको यो कथाले चितवन भर्खर प्रेस खुल्न थालेको परिवेशमा अन्य ठाउँ गएर छपाइको काम गर्न कति कठिन थियो भन्ने वास्तविकतालाई पनि कथाले चित्रण गरेको छ ।

*खोरिया फाँड्नेको हुन्छ* भरियाको कथा सङ्ग्रमा प्रकाशित अन्तिम कथा हो । खोरिया फाँड्नेको हुन्छ । क्रान्तिकारी चेतना भएको म पात्रले फाँडेको खोरिया कृष्णबाजेले हडपेको र म पात्रले सङ्घर्ष गरेर खोरिया आफूले लिएको प्रसङ्ग कथामा उल्लेख छ । वर्गीय सङ्घर्षमा सर्वहाराहरूकै जीत हुन्छ भन्ने सन्देश बोकेको कथाको शीर्षक सार्थक देखिन्छ । ३ पृष्ठ र ८ अनुच्छेदको आयाममा फैलिएको कथाले विचारविनाको आन्दोलन र वर्गीय चेतनाविनाको सर्वहारा वर्ग क्रान्तिकारी हुन सक्दैन भन्ने भाव अभिव्यक्त गरेको छ ।[३४]

## ५.३.२ पात्र/चरित्र

कथामा पाइने व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ । कथाका मूल पात्र कथाका केन्द्रीयतासँगै अविभाज्य रूपमा सशक्तता र जीवन्तताको लागि आवश्यक भूमिका प्रदान गरेको हुनुपर्दछ । पात्रको व्यक्तित्व र अस्तित्त्व स्वतन्त्र वातावरणमा प्रस्तुत हुनु आवश्यक छ ।[३५] कथा सामाजिक धरातलको यथार्थतामा उभिएको हुन्छ । यो समाजको इतिवृत हो भने पात्र त्यस इतिकृत घटनाको प्रतिनिधि र पात्रको चरित्र उसको जीवनशैली हो ।[३६]

मदनमोहन जोशीले वि.सं. २०१८ सालदेखि २०४७ सालसम्म लेखेका कथाहरूलाई एकत्रित गरी प्रकाशित गरिएको कथासङ्ग्रह भरियाको कथामा उच्चवर्ग र निम्नवर्गीय पात्रहरू समावेश भएका छन् । कुनै कथामा मानवेतर पात्रहरू पनि समावेश भएका छन् । कमिला र सिंहलाई प्रतिकात्मक पात्रको रूपमा देखाएर कथाकारले वर्ग सङ्घर्षलाई प्रस्तुत गरिएको छ । कथामा व्यक्तिगत चरित्रका पात्रहरू नभएर वर्गीय चरित्र प्रतिनिधत्व गर्ने पात्रहरू देखिन्छन् ।[३७] भरियाको कथा को साहु, तब-तब कथाको पात्र सत्यनारायण भट्ट, जित्नेको कथाको सिङ्घ, बाघ, भालु, आज भनि गएका छौं । कथाका गजेन्द्र सुब्बा आदि पात्रहरू उच्चवर्गीय पात्रका रूपमा प्रस्तुत भएका छन् । उच्च वर्गका पात्रहरूले निम्नवर्गीय पात्रहरूप्रति अन्याय, अत्याचार, छिचोमिचो गरेको पाइन्छ । भरियाको कथाको दलबहादुर र

---

[३४] डी.आर. पोखरेल, **नौलो राँको**, मदनमोहन जोशी विशेषाङ्क, पूर्ववत्, पृ. ४५ ।
[३५] हिंमाशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. १६८ ।
[३६] घनश्याम नेपाल, **आख्यानको कुरा**, सिलगढी : नेपाली साहित्य प्रचार समिति, सन् १९८७, पृ. ५ ।
[३७] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** पूर्ववत्, पृ. ७९ ।

उसका साथीहरू, तन्नेरी बाबु र बूढो छोरा कथाका बाबु र छोरा, आज भनिगएका छौं कथाका तुलवीर र चन्दन कथाको पात्र चन्दन, खोरिया फाड्नेको हुन्छ कथाको म पात्र शोषित पीडित र निम्नवर्गीय पात्रका रूपमा कथाकारले उपस्थित गराएका छन् । निम्नवर्गीय पात्रहरूले आफ्नो मुक्तिको लागि सङ्घर्ष गर्ने र अन्याय अत्याचार हटाउन लागिरहेको प्रसङ्ग पनि कथाकारले देखाएका छन् । आफ्नो अधिकार प्राप्तिको लागि निम्नवर्गीय पात्रले सङ्घर्ष गरेको र आफ्नो अधिकार पात्र गर्न सफल भएको सन्दर्भ र प्रसङ्गलाई कथाकारले प्रस्तुत गरेर वर्गसङ्घर्षको नमूना प्रस्तुत गरेका छन् । पात्र विधानका दृष्टिकोणबाट हेर्दा मदनमोहन जोशीको भरियाको कथासङ्ग्रह सबल नै देखिन्छ ।

## ५.३.३ संवाद

कथामा कथावस्तुलाई गतिशील, पात्रलाई क्रियाशील र विषयलाई संवेदनशील बनाउनमा संवादको महत्त्वपूर्ण र विशिष्ट भूमिका रहन्छ । यस आधारमा संवाद अर्थपूर्ण, सारपूर्ण र प्रभावपूर्ण हुनु आवश्यक छ ।[३८] संवाद कथाका निम्ति अपरिहार्य तत्त्व त होइन तर संवादविहीन कथाभन्दा संवादयुक्त कथा बढी रोचक र प्रभावकारी हुन्छ ।[३९] संवादले कथामा प्रवाहशीलता, सजीवता र कुतुहल उत्पन्न गराउँछ, तर संवाद पात्र वा परिस्थितिको अनुकुल हुनुपर्छ । संवादले कथाको कथानकलाई विस्तार गर्न पात्रको चरित्रलाई खोलेर देखाउने काममा मद्दत गर्दछ ।

संवादको आधारबाट हेर्दा मदनमोहन जोशीको भरियाको कथा कथासङ्ग्रहमा उच्चवर्ग र निम्नवर्गीय पात्रहरू संवाद चलेको देखिन्छ । कथासङ्ग्रहका निम्नवर्गीय पात्रहरूले मुक्तिको इच्छा प्रकट गरेका पाइन्छ भरियाको कथाको पात्र दलबहादुरको साहू र भट्टी पसले बीचको संवादले निम्नवर्गप्रति सहानुभूति प्रकट गरेको छ भने तन्नेरी बाबु र बूढो छोरो कथाको बाबु सन्तबहादुर र छोरा शुकबहादुर बीचको संवादले युवा पुस्तामा जोश र जाँगर थपेको पाइन्छ । खोरिया फाँड्नेको हुन्छ भन्ने कथाको म पात्र र कृष्णबाजे बीचको संवादले वर्गीय संङघर्षमा सर्वहारकै जित हुन्छ भन्ने देखाइएको । निम्न वर्गीय ग्रामीण परिवेशका दुःखीत पीडित पात्रहरूको कार्य र संवादलाई महत्त्व दिएको भरियाको कथा कथासङ्ग्रह संवादका दृष्टिकोणले परिपक्क नै देखिएको छ ।

---

[३८] हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. १७१ ।

[३९] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पाँचौं संस्करण, काठमाडौं : साझा प्रकाशन, २०४८, पृ. १४३ ।

## ५.३.४ देश, काल र परिस्थिति

देश, काल भन्नाले स्थान र समय अनि परिस्थिति भन्नाले वातावरणालाई सङ्केत गर्दछ । वातावरणलाई कथाको पृष्ठभूमि पनि भन्न सकिन्छ । कथाका वर्णित घटना वा परिस्थितिको एउटा धरातल हुन्छ । त्यस धरातललाई भौतिक र मानसिक धरातलको रूपमा लिन सकिन्छ । यसैको समष्टि रूपलाई नै वातावरण भनिन्छ ।[४०] देशकाल अथवा समसामयिक एवम् भौगोलिक आदि कुरालाई वातावरणभित्र राख्न सकिन्छ । तर वातावरण मूलतः कथानक र पात्रहरूको चरित्रलाई विस्तार गर्ने साधनमात्र हो ।[४१]

मदनमोहन जोशीले वि.सं. २०१८ सालदेखि २०४७ सालसम्म लेखेका कथाहरूको सङ्ग्रह भरियाको कथाले तत्कालीन सामाजिक र राजनीतिक परिवेशलाई चित्रण गरेको छ । कथाकारले निरङ्कुश पञ्चायती शासनको विरुद्धमा उठाएका आवाजले पञ्चायती थिचोमिचो गर्ने, ठूलाबडालो श्रमिक मजदुरलाई दुःख दिने समयलाई कथाकारले सजिव रूपले उठाएका छन् । तब-तब कथाले वि.सं. २०१७ सालपछिको पञ्चायती शासन व्यवस्थाको परिवेश चित्रण गरेको छ भने रङ्ग भङ्ग कथाले वि.सं. २०२३ साल मंसिर ४ गते वीरेन्द्र इन्टर कलेजका प्राध्यापक घनश्यामबहादुर श्रेष्ठ सिंहको टाइगर टप पिकनिक जाँदा रापती नदीमा डुङ्गा डुबेर मृत्यु भएको समयलाई चित्रण गरेको छ । निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गर्न कथाकार मदनमोहन जोशीको भरियाको कथा कथासङ्ग्रहमा प्रकाशित कथाहरूले वि.सं. २०१७ सालपछिको पञ्चायती व्यवस्थाको परिवेशलाई विश्लेषण गरेका छन् । कथासङ्ग्रहले पञ्चायती शासनव्यवस्थाको थिचोमिचो र अन्याय अत्याचारलाई केन्द्रित गरेको हुनाले कथाहरू पनि पञ्चायती व्यवस्थाकै सेरोफेरोमा छन् ।

## ५.३.५ भाषाशैली

कुनै पनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । कथामा पात्रगत अल्पता, विषयगत सीमितता र वस्तुगत तीव्रता हुने हुनाले तननुकूल भाषमा सङ्क्षिप्तता सहजता र सरसता हुन आवश्यक छ । विषयान्तर र विषय-विस्तार भयो भने कथाको

---

[४०] हिमाशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. १७७ ।
[४१] ऐजन, पृ. १८३ ।

प्रभाव र प्रवाह शिथिल हुन्छ ।[४२] कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो ।[४३] भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको प्रकार हो । कस्ता शब्द र वाक्यमा कसरी रचनालाई अभिव्यक्त गर्ने भन्ने विषय नै शैली हो । कथामा सरल, सहज र स्वभाविक भाषाशैलीको अपेक्षा गरिन्छ ।

भाषिक शैली-शिल्पका आधारमा भरियाको कथा सङ्ग्रहका प्रायः सबै कथाहरू दुर्घटित देखिन्छन् । कथाहरूमा भरियाको कथाले केही कलात्मक मूलय मान्यता भएको कथाको रूपमा देखिन्छ भने अन्य कथाहरूले कलात्मकता अँगाल्न सकेका छैनन् ।[४४] तन्नेरी बाबु र बूढो छोरो कथामा सन्तबहादुरलाई गरिब दाउरेको रूपमा चित्रण गर्नु र उसको घरमा टेलिभिजनको एन्टिना भएको देखाउनुले सन्दर्भ मिलेको देखिदैन । जित्नेको शीर्षकको कथा लोककथात्मक शैलीमा लेखिएको भएपनि राजनीतिक प्रभाव देखिन्छ । रङ्ग भङ्ग शीर्षकको कथा संस्मरणात्मक लेख जस्तो अनुभूति हुन्छ । वाक्य रचना व्याकरणत र भाषिक त्रुटितर्फ कथाकारको ध्यान नपुगेको प्रतित कथामा प्रयोग भएका अनुकरणात्मक शब्द, सोझो औलाले घिउ आउँदैन (पृ. १०) अति गर्नु अतिचार नगर्नु (पृ. ११) जस्ता उखानटुक्का र विभिन्न सन्देशमुलक अभिव्यक्तिको भाषा शैलीलाई स्तरीय बनाएको देखिन्छ ।

### ५.३.६ उद्देश्य

जीवनका मार्मिम अनुभूतिलाई अभिव्यक्त गर्न कथाको उद्देश्यअनुसार कथाको गठन गरिनुपर्छ र एउटा न एउटा उद्देश्य हुन पनि पर्छ ।[४५] कथामा उद्देश्य त हुन्छ नै तर कथालाई प्रभावमूलक स्वरूप दिन उद्देश्यलाई प्रत्यक्ष अभिव्यक्ति गर्न हुँदैन । त्यसैले कथामा विचार वा अनुभूतिको प्रस्तुती अप्रत्यक्ष रूपमा हुनु आवश्यक छ ।[४६]

भरियाको कथामा सङ्ग्रहमा रहेका कथाहरूमा शेषणयुक्त सामाजिक अवस्था, सामान्तहरूको थिचोमिचो, पञ्चायतकालीन कुकृत्य वर्गसङ्घर्ष र आशावादी दृष्टिकोण आदि विविध विषयवस्तु समेटिएको हुनाले समाजमा अन्याय र अत्याचार गर्नेहरूले घुँडा टेक्नैपर्छ

[४२] ऐजन, पृ. १७२ ।
[४३] ऐजन, पृ. १७२ ।
[४४] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, पूर्ववत्, पृ. ७९ ।
[४५] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, विराटनगरः श्याम पुस्तक भण्डार, वि.सं. २०४०, पृ. २२८ ।
[४६] हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १८३ ।

भन्ने उद्देश्य देखाएको छ ।[४७] अधिकांश कथाले वर्गसङ्घर्षको दौडानमा निम्नवर्गीय शोषित पीडित जनताको जीत र शोषक वर्गको हार देखाएको छ । कथाकारको उद्देश्य नै गरिब, निमुखाहरूको उद्धार र उत्थान गर्नुपर्ने भएको हुनाले उद्देश्यका दृष्टिकोणले कथासङ्ग्रह सफल नै मानिन्छ । खोरिया फाँड्नेको हुन्छ कथामा कृष्णबाजेले हडपेको खोरिया पुनः म पात्रले सङ्घर्ष गरेर प्राप्त गरेको छ । आज भनि गएका छौं कथामा मोहीहरूले अधिकार प्राप्त गर्नको लागि गजेन्द्र सुब्बाको हत्या गर्छन र आफ्नो अधिकार प्राप्त गर्छन । तब..तब कथाले क्रान्तिमा अवरोध भएपनि त्यसले जनताको पक्षमा निर्णय गर्ने देखाइएको छ । यसरी उद्देश्यका दृष्टिकोणले भरियाको कथा सफल नै देखिन्छ ।

## ५.३.७ निष्कर्ष

भरियाको कथा कथासङ्ग्रह प्रगतिशील विचारधाराबाट प्रेरित छ । साहित्य भनेको समाज रूपान्तरणको साधन हो । यसको सामाजिक महत्त्व हुन्छ र विचार नै प्रमुख कुरो हो भन्ने भावना र प्रवृत्तिलाई यस कृतिले अबलम्बन गर्न खोजेजस्तो देखिन्छ । यस सङ्ग्रहमा समाविष्ट भएका कथाहरूले वर्गसङ्घर्ष, शोषणयुक्त समाज, सर्वहारावर्गको भूमिका, सामान्ती थिचोमिचो विकृति र विसङ्गतिलाई चित्रण गरेका छन् । उखान टुक्का, अनुकरणात्मक शब्द, सन्देशमूलक वाक्यहरूले भाषाशैलीलाई सरल र सरस बनाएका छन् । कथासङ्ग्रहमा विचारपक्ष बलियो भएपनि कलापक्ष कमजोर देखिन्छ । व्याकरणगत र भाषाशैलीगत त्रुटिहरू पर्याप्त देखिए पनि परिस्थितिको चित्रण गर्न कथासङ्ग्रह सवल नै देखिन्छ । कथा लेखन प्रारम्भदेखि वि.सं. २०४७ सालसम्म आइपुग्दा पनि कथाकारको कलापक्ष बलियो हुन सकेको देखिदैन । तत्कालीन राजनीतिक र सामाजिक परिवेशलाई चित्रण गरेको **भरियाको कथा**ले जीवनमा आशावादी भएर अगाडि बढ्ने प्रेरणा दिएको छ । २०१८ सालदेखि २०४७ सालसम्मको अवधिमा लेखिएका कथाहरू सँगालो **भरियाको कथा** कथासङ्ग्रहले दुःखीत, पीडित जनताको आवाज मुखरित भएको छ । कथाकारले विचारपक्षलाई बलियो बनाएका छन् । भाव पक्ष भने कमजोरी नै देखिन्छ । प्रकाशित कथालाई परिस्कृत गर्नतर्फ ध्यान नगएको प्रतीत हुन्छ । २०१८ सालमा लेखिएका कथाहरूको सँगालोले समाजका अन्याय, अत्याचार र व्यक्तिवादी प्रवृत्तिको विरोध गरेको छ । २०१८ सालमा लेखिएको *तब...तब* र २०४६ सालतिर लेखिएको *खोरिया फाड्नेको हुन्छ*

[४७] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण**, पूर्ववत्, पृ. ७९ ।

कथामा भाषागत स्तरता बढेको पाइँदैन । कथासङ्ग्रहमा विभिन्न कमजोरी देखिएतापनि तत्कलिन परिवेशमा पञ्चायती व्यवस्थालाई विरोध गरी जनताको पक्षमा कथा सिर्जना गर्नुलाई उपलब्धीपूर्ण मान्नुपर्छ ।

## ५.४ मदनमोहन जोशीका साहित्येतर कृतिहरूको अध्ययन

नेपाली साहित्यमा मात्र नभएर मदनमोहन जोशीले साहित्येतर विषयमा पनि कलम चलाएका छन् । उनको साहित्यिक लेखनभन्दा साहित्येतर लेखन बढी सशक्त देखिन्छ । विशेष गरी राजनीतिक विषयमा कलम चलाएका उनका अधिकांश कृतिहरू राजनीति गर्नेहरूका लागि बढी पठनीय छन् । विश्व कम्युनिष्ट आन्दोलनका नेताहरूको जीवनी अनुवाद गर्नेदेखि लिएर कम्प्युनिष्टका घोषणा-पत्रहरू अनुवाद गरेर अनुवादकका रूपमा पनि मदनमोहन जोशी स्थापित भएका छन् ।

### ५.४.१ प्रतिक्रियावादी संविधानको खैलाबैला

जोशिलो प्रकाशनको बाइसौं अङ्कको रूपमा प्रकाशित यो पुस्तिका मदनमोहन जोशीले २०४७ साल कार्तिक १२ गते प्रकाशित गरेका हुन् । प्रथम पटक दुई हजार प्रति प्रकाशित भएको पुस्तिकाको मूल्य ३ रूपैया राखिएको छ । आवरण पृष्ठमा पुस्तिकाको नाम र लेखक मदनमोहन जोशी लेखिएको पुस्तिकाको आवरण पृष्ठ सामान्य रहेको छ भने पुस्तिका २६ पृष्ठको रहेको छ ।

नेपालको संविधान २०४७ को मस्यौदा प्रकाशित भएपछि त्यसबारेमा मदनमोहन जोशीका व्यक्तिगत धारणाहरू पुस्तिकामा प्रस्तुत भएका छन् । २०४७ सालको संविधान सुझाव आयोग र त्यसले तयार पारेको मस्यौदाप्रति लेखको तीव्र आलोचना प्रस्तुत भएको पुस्तिकामा विभिन्न सुझावहरू पनि समेटिएको छ । विशेषगरी श्री ५ र श्री ५ का उत्तराधिकारीहरूका आचरण सम्बन्धमा संसदमा छलफल गर्न पाइने वा नपाइने भन्ने विषयमा जसरी षडयन्त्रपूर्वक बहुमतको निर्णयलाई अमान्य बनाई संसदमा छलफल गर्न नपाइने भनी मस्यौदा तयार भएपछि संविधान जनताको नभएर प्रतिक्रयावादी संविधान बनेको लेखकको धारणा रहेको छ । यो पुस्तिकामा मदनमोहन जोशीले प्रस्तुत गरेका टिप्पणीहरू, असहमतिका धारणाहरू र सुझावहरू समेतलाई अध्ययन गर्दा दूरदर्शी र

बौद्धिक क्षमता भएका व्यक्तिको रूपमा लिन सकिन्छ । मदनमोहन जोशीले त्यतिबेला राखेका विचारहरू हाल सत्य सावित भएका छन् ।

### ५.४.२ संविधानप्रतिको मोहभङ्ग

जोशिलो प्रकाशनको १९औं अङ्कको रूपमा प्रकाशित भएको यो पुस्तिका मदनमोहन जोशीले २०४७ साल श्रावण ३२ गते प्रकाशित गरेका हुन् । प्रथम पटक एक हजार प्रति प्रकाशित भएको पुस्तिकाको मूल्य ३ रूपैया राखिएको छ । सामान्य आवरण पृष्ठमा पुस्तिकाको नाम र लेखकको नाम र प्रकाशकको नाम लेखिएको पुस्तिकाको पृष्ठ सङ्ख्या १९ रहेको छ ।

वि.सं. २०४७ सालको संविधान निर्माणकै सन्दर्भमा संविधानप्रति जनतामा उठेका भावनाहरूलाई समेटेर मदनमोहन जोशीले आफ्ना तर्कहरू पेश गरेका छन् । संविधान सभाको निर्वाचन गर्नु पर्छ वा गर्नु हुँदैन भन्ने विवाद चलिरहेको अवस्थामा संविधान सभाको निर्वाचन हुनु पर्छ भन्ने तर्फ पुस्तिकामा उल्लेख छन् । बन्दै गरेको संविधान जनतामा संप्रभुता रहनुपर्ने, पूर्ण प्रजातान्त्रिक, धर्म निरपेक्ष, सबै जातजातिप्रति समताभाव राख्ने राज्यको अवधारणा सुनिश्चित हुनु पर्ने, प्रकाशन तथा अभिव्यक्तिको पूर्ण स्वतन्त्रता सुनिश्चित भएको हुनु पर्ने विषयलाई तर्कसहित उल्लेख गरिएको छ । पुस्तिकामा संविधान निर्माणको लागि सुझाव माग्ने कामलाई छल गर्ने कार्यमा रूपमा लेखकले लिएका छन् । जनताले विभिन्न सुझावहरू दिने गरेतापनि त्यसलाई समावेश गरिदैन । केवल जनताका आँखामा छारो हाल्ने काम मात्र हुन्छ भन्ने विषयलाई लेखकले प्रस्तुत गरेका छन् ।

### ५.४.३ अति बुद्धिवादीपना बराबर बेइमानीपना

जोशिलो प्रकाशनको पन्ध्रौं अङ्कको रूपमा प्रकाशित यो पुस्तिका मदनमोहन जोशी र आनन्ददेव भट्टको सहलेखन हो । यस पुस्तिकामा मदनमोहन जोशीका दुई र आनन्ददेव भट्टका दुई गरी चारवटा लेखहरू सवाल-जवाफका रूपमा लेखिएका छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका लेखहरूलाई समावेश गरी जोशिलो प्रकाशनले प्रकाशित गरेको हो । पुस्तिकाको अन्तिममा शुद्धि-पत्र भनेर विभिन्न अशुद्ध शब्दहरूलाई शुद्ध बनाइएको छ । ६६ पृष्ठ रहेको पुस्तिकाको प्रकाशन मिति र मूल्य उल्लेख गरिएको छैन ।

सहलेखनका रूपमा प्रकाशित भएको यस पुस्तिकामा लेखकद्वयले पुँजीवादी राजतन्त्र र कम्युनिष्ट मुलुकका सम्बन्धमा गरिएको विभिन्न टिप्पणी र त्यसप्रति वैचारिक असहमतिलाई कारण र तर्कसहित प्रस्तुत गरेका छन् । कतिपय ठाउँमा लेखकहरूले एकअर्काका लेखप्रति असहमति जनाउँदै वैचारिक आरोप-प्रत्यारोप लगाउने काम पनि भएको छ । एक अर्काप्रति असहमति जनाउँदै विभिन्न पत्रिकामा प्रकाशित भएका लेखहरूलाई एउटा पुस्तिकामा सङ्ग्रह गरेर प्रकाशन गरेको पुस्तिकाले मार्क्सवादी सिद्धान्तको विश्लेषण गरेको छ ।

### ५.४.४ कम्युनिष्ट के चाहन्छन् ?

जोशिलो प्रकाशनको बाह्रौं अङ्कको रूपमा प्रकाशित भएको यस पुस्तिका मदनमोहन जोशीले अनुवाद गरेको कृति हो । भारतीय लेखक शिव बर्माले हिन्दी भाषामा लेखेको पुस्तकलाई नेपालीमा अनुवाद गरी जोशीले प्रथम पटक २०३६ र दोस्रो पटक २०४७ सालमा प्रकाशित गरेका हुन् । प्रथम पटक एक हजारप्रति र दोस्रो पटक पाँच हजारप्रति छापिएको पुस्तिकाको मूल्य ५ रूपैया राखिएको छ । आवरण पृष्ठ सामान्य रहेको पुस्तिकामा आवरणबाहेक ४२ पृष्ठ रहेको छ । प्रकाशकको भनाइका र विभिन्न दुईवटा उपशीर्षक दिएर ६ पृष्ठमा भूमिका लेखिएको छ । भूमिका लेख्नेको नाम उल्लेख नभएको पुस्तिकामा विभिन्न प्रश्नहरू दिएर उत्तर लेखिएको छ ।

यस पुस्तिकाभित्र पुँजीवादी समाज, समाजवादी समाज, कम्युनिष्ट समाज जस्ता उपशीर्षक दिइएको छ । समाज कसरी बदलिन्छ ? सर्वहाराको अर्थ के हो ?, संसारको कुनै भागमा पुँजीवादी हुँदाहुँदै कुनै भागमा कम्युनिज्म कायम हुन सक्छ ?, समाजवाद कसरी आउँछ ? जस्ता प्रश्नहरू दिएर तिनीहरूको उत्तर दिइएको छ । पुस्तिकाले कम्युनिष्टका बारेमा विभिन्न विचारहरू प्रदान गरेको छ ।

### ५.४.५ प्रारम्भिक कम्युनष्टि शिक्षा भाग-२

जोशिलो प्रकाशनको १८औं अङ्कको रूपमा प्रकाशित भएको यो पुस्तिका भारतका राम असारे बर्माले हिन्दी भाषामा लेखेको कृतिलाई मदनमोहन जोशीले नेपाली भाषामा अनुवाद गरी २०४७ साल प्रकाशित भएको हो । २०४७ सालमा ५ हजार प्रति छापिएको पुस्तिकाको आवरण सामान्य रहेको छ भने मूल्य ३ रूपैया राखिएको छ । २६ पृष्ठ रहेको

पुस्तिकामा शुद्धि-पत्र भनेर छुट्टै पृष्ठ राखिएको छ भने प्रकाशकीय र माओत्सेतुङ्गको विचार उल्लेख भएका तीन पृष्ठ छन् ।

कम्युनिष्ट विचारसँग सम्बन्धित विभिन्न विचारहरू प्रस्तुत भएको पुस्तिकामा वर्ग सङ्घर्षका कुराहरू पनि उल्लेख भएका छन् । यो पुस्तिकाले कम्युनिष्ट सम्बन्धी विचारहरू प्रस्तुत गरेको छ ।

## ५.४.६ महिला मुक्ति आन्दोलन

जोशिलो प्रकाशनको तीसौं अङ्कको रूपमा प्रकाशित महिला मुक्ति आन्दोलन नामक कृति कात्यायनीद्वारा हिन्दी भाषामा लेखिएको हो र त्यसलाई मदनमोहन जोशीले अनुवाद गरेका हुन् । अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर २०४९ साल फागुन २५ गते प्रकाशित भएको कृति ५२ पृष्ठको रहेको छ । आवरण पृष्ठ सामान्य रहेको कृतिको मूल्य १० रूपैया रहेको छ । प्रथम पटक २ हजार प्रति छापिएको कृतिले महिला मुक्तिको लागि सङ्घर्षको बाटो देखाएको छ ।

कृतिभित्र नौ वटा उपशीर्षकहरू दिएर अनुवाद गरिएको छ भने विश्वइतिहासमा महिला वर्गले कहिले कस्तो र कति सङ्घर्षहरू कसरी गरे भन्ने वर्णन छ । पुस्तकले महिला मुक्ति आन्दोलनलाई टेवा पुऱ्याएको छ ।

## ५.४.७ जनताको सेवा गर

जोशिलो प्रकाशनको सातौं अङ्कको रूपमा प्रकाशित भएको कृति जनताको सेवा गर मदनमोहन जोशीले नेपालीमा अनुवाद गरेका हुन् । प्रथम पटक २०३० साल र दोस्रो पटक २०४८ सालमा गरी दुई पटक प्रकाशित भएको पुस्तक प्रथम पटक पाँच हजार र दोस्रो पटक पाँच हजार प्रति छापिएको उल्लेख छ । ९६ पृष्ठ रहेको पुस्तकको आवरण सामान्य छ । आवरणमा माओत्सेतुङको तस्वीर राखिएको छ र चेन आयो नाम पनि उल्लेख छ । मूल्य १० रूपैयाँ राखिएको पुस्तक अंग्रेजी भाषाबाट अनुवाद गरेको अनुवादकले उल्लेख गरेका छन् ।

पुस्तकमा कम्युनिष्ट नेता चाङ्ग जु-ते को जन सेवक नामको लेख, माओत्से-तुङको जनताको सेवा गर भन्ने लेख र एक जना मजदुरको कवितालाई नेपालीमा अनुवाद गरिएको छ । लेखभित्र पनि विभिन्न उप-शीर्षकहरू दिएर लेखिएको पुस्तकले चाङ जु-तेः र

माओसेत्तुङले गरेका कार्यहरूको विश्लेषण गरेको छ । पुस्तक राजनीतिक विचार प्रवाह गर्न सफल देखिन्छ ।

## ५.४.८ हो चि मिन्ह

जोशिलो प्रकाशनले नवौं कृतिका रूपमा प्रकाशन गरेको हि चि मिन्ह मदनमोहन जोशीको मौलिक कृति हो । पहिलो संस्करण २०३२ मा १ हजार प्रति र दोस्रो संस्करण २०४७ मा ५ आज प्रति प्रकाशित  भएको हो चि मिन्ह नामक पुस्तकको मूल्य ९ रूपैयाँ रहेको छ । यस पुस्तकको आवरण पृष्ठमा हो चि मिन्हको शीर्षकको मूनि हो चि मिन्हको तस्वीर राखिएको छ भने तस्वीरको तल 'एकजुट भएर अमेरिकी आक्रमणकारीहरूलाई परास्त गर्न आफ्ना जनतालाई आव्हान गर्दै, पदावली राखिएको छ । यसको आवरण पृष्ठ भन्दा भित्री पेजमा 'हामी हजार वर्षसम्म जुझ्यौं आवश्यक पऱ्यो भने अरू हजार वर्ष हामी जुझ्ने छौं भन्ने हो चि मिन्हको भनाइ राखिएको छ । लेखकको भनाइ र प्रकाशकको कुरा समावेश गरिएको पुस्तकको पृष्ठ सङ्ख्या ८४ रहेको छ ।

जीवनीमा सन् १८९० मे १९ मा भियतनाममा जन्मेका हो चि मिन्हले गरेका सङ्घर्ष र कार्यहरूको विश्लेषण गरिएको छ । भियतनामी जनताको मुक्तिको लागि हो चि मिन्हले के-कस्ता सङ्घर्ष गरे, कस्तो दुःख भोग्नु पऱ्यो भन्ने विषयलाई मदनमोहन जोशीले प्रस्तुत गरेका छन् । जीवनीमा दोस्रो विश्वयुद्ध, रुसको क्रान्ति र हो चि मिन्ह विभिन्न देशमा पक्राउ परेपनि आफ्नो कार्य र सिद्धान्तमा अडिग रहेको प्रसङ्ग उल्लेख गरिएको छ ।

जीवनीमा देशप्रति निष्ठावान र जनताप्रति कर्तव्यपरायण हुने सन्दर्भ र सन्देश पाइन्छ । यो एउटा देशभक्त र कर्तव्यनिष्ठ कम्युनिष्ट नेताको जीवनीले राजनीतिक नेताहरूलाई राजनीतिक अभिष्ट प्राप्त गर्नको लागि सङ्घर्षशील भएर अगाडि बढ्ने प्रेरणा दिएको छ ।

पुस्तकको अन्तिम पृष्ठमा विभिन्न सन्दर्भ सामग्रीहरूको सूची हेर्दा मदनमोहन जोशीलाई विश्व राजनीतिको एक अध्येताको रूपमा पनि चिन्न सकिन्छ । विभिन्न सामग्रीहरूको अध्ययन र विश्लेषण गरी जीवनी तयार पार्नुले जोशीलाई अध्ययनशील व्यक्तिका रूपमा स्थापित गरेको छ ।

### ५.४.९ जोशी वंशावली

जोशीलो प्रकाशनको बत्तिसौं अङ्कको रूपमा प्रकाशित पुस्तिका जोशी वंशावली मदनमोहन जोशीको खोज र अनुसन्धनात्मक कृति हो । २०६१ साल जेठ १२ गते प्रकाशित भएको पुस्तिका एक हजार प्रति प्रकाशन भएको उल्लेख छ । अन्य कृतिहरूमा भन्दा केही आकर्षक आवरण पृष्ठ रहेको पुस्तिकाको मूल्य ५० रूपैया राखिएको छ । पुस्तिका ४२ पृष्ठमा आवद्ध रहेको छ भने केही थप पृष्ठमा वंशावली खोजी गर्दा प्राप्त फोटाहरू राखिएको छ ।

जोशी वंशावली पुस्तिकामा मदनमोहन जोशीले जोशीहरू कहाँ थिए, कहाँबाट नेपाल प्रवेश गरे र अहिले कहाँ-कहाँ छरिएर रहेका भन्ने यथार्थ चित्रण गरेका छन् । विभिन्न खोज र अनुसन्धान गरी तयार पारिएको पुस्तिकाले भारद्वाज गोत्रका नेवार जोशीहरूको बारेमा जानकारी दिएको छ । पुस्तिकाले लेखकलाई अनुसन्धानात्मक व्यक्तिको रूपमा चिनाएको छ ।

### ५.४.१० स्तालिनबारे

जोशिलो प्रकाशनको तेस्रो अङ्कको रूपमा प्रकाशित पुस्तिका स्तालिनबारे सोभियत सङ्घका कम्युनिष्ट नेता स्तालिनको जीवनीमा आधारित रहेको छ । अङ्ग्रेजी भाषामा प्रकाशित भएको पुस्तकलाई मदनमोहन जोशीले २०२८ सालमा नेपालीमा भाषामा उल्था गरी प्रकाशनमा ल्याएका हुन् । २०२८ सालमा प्रथम पटक एक हजार प्रति र २०४९ सालमा दोस्रो पटक दुई हजार प्रति प्रकाशित भएको पुस्तिकाको आवरण सामान्य छ । आवरण पृष्ठमा स्तालिनको फोटो समावेश भएको पुस्तिका २८ पृष्ठको रहेको छ भने यसको मूल्य ६ रूपैया रहेको छ ।

स्तालिनबारे पुस्तिकामा स्तालिन समाजवादलाई व्यवहारमा लागू गरेर देखाउने र जीवनभर रक्षा गर्ने महान योद्धा हुन् भनेर चित्रण गरिएको छ । सोभियत सङ्घमा स्तालिनले गरेका कार्य, उनको विरुद्धमा चालिएका कदमहरूलाई समावेश गरी विश्व राजनीतिलाई नै सही गन्तव्यतर्फ अगाडि बढाउन स्तालिन जस्तो महान नेताको आवश्यक छ भनेर स्तालिनलाई महान योद्धाको रूपमा चित्रण गरिएको छ ।

## ५.४.११ मेरो एउटा प्रेमपत्र

जोशिलो प्रकाशनको दसौं अङ्को रूपमा प्रकाशित मेरो एउटा प्रेमपत्र नामक पुस्तिका २०३४ सालमा प्रकाशनमा आएको हो । सानो पुस्तिकाको रूपमा आएपनि मदनमोहन जोशीले यसलाई लेख भनेर उल्लेख गरेका छन् । यो लेख 'दोभान' साहित्य सङ्कलन पत्रिकामा २०२४ सालमा प्रकाशित भएको र पाठकहरूको मागअनुसार पुस्तिकाको रूपमा प्रकाशन गरिएको पुस्तिकामै उल्लेख छ । मूल्य उल्लेख नभएको पुस्तिकाको आवरण पृष्ठ सामान्य रहेको छ । पछाडिको पृष्ठसहितको पुस्तिका प्राप्त गर्न नसकिएकोले २४ पृष्ठसम्मको पुस्तिकालाई मूल्याङ्कन गर्दा थप अन्दाजी ३-४ पेज हुनुपर्ने देखिन्छ ।

यो पुस्तिका मदनमोहन जोशीले लेखेको चिठीकै रूपमा अगाडि बढेको छ । पुस्तिकामा श्याम दाइ भनेर सम्बोधन गर्दै आफ्ना विचार र धारणाहरू प्रस्तुत भएका छन् । यस पुस्तिकामा प्रेम के हो ? प्रेम कसलाई गर्ने भन्ने कुरालाई विभिन्न उदाहरण दिएर स्पष्ट पारिएको छ । मातृभूमिप्रति सच्चा प्रेम गर्ने हो भने देशमा भएका गरिब, दुःखी, उत्पीडित जनताप्रति सच्चा प्रेम गर्नु पर्छ र तिनीहरूको उत्थान गर्न तर्फ लाग्नु पर्छ भन्ने उल्लेख छ । राष्ट्रभक्तिको भावनालाई प्रस्तुत गरिएको पुस्तिका सानै भएपनि पठनीय रहेको छ ।

## ५.४.१२ कम्युनिष्ट पार्टीको घोषणा-पत्र

जोशिलो प्रकाशनले दोस्रो अङ्कको रूपमा प्रकाशित कम्युनिष्ट पार्टीको घोषणा-पत्र नामक पुस्तकमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सका विचारहरू समेटिएको छ । २०२६ सालमा प्रकाशित भएको पुस्तकको उल्था गर्ने कार्य २०२४ सालमै पूरा भएको र आर्थिक अभावले गर्दा २०२६ सालसम्म पर्खनु परेको मदनमोहन जोशीले पुस्तकमा उल्लेख गरेका छन् । पुस्तकभित्र १६ वटा उप-शीर्षक दिएर विभिन्न लेखहरू रहेका छन् । कम्युनिष्ट पार्टीको घोषणा-पत्र पनि पुस्तकभित्रको एउटा उपशीर्षक हो । उप-शीर्षकलाई नै पुस्तकको नाम दिइएको पुस्तक अङ्ग्रेजी भाषाबाट अनुवाद गरिएको हो । आवरण पृष्ठ बाहेक सय पृष्ठ रहेको पुस्तकको सुरुका दुई पृष्ठमा काल मार्क्स र फ्रेडरिक एङ्गेल्सको तस्वीर समेटिएको छ । अन्तिममा थप २ पृष्ठ समावेश गरी शुद्धिपत्र दिइएको छ भने मूल्य उल्लेख भएको छैन ।

पुस्तकमा कम्युनिष्ट पार्टीको घोषणा पत्र सन् १८७२ मा जर्मनेली भाषामा तयार भएको र रुसी, अङ्ग्रेजी इटाली भाषामा अनुवाद भएको विषय उल्लेख गरिएको छ । घोषणापत्रको जर्मनेली संस्करण, रसियाली संस्करण, अंग्रेजी संस्करण गरी विभिन्न संस्करणहरू प्रकाशित छन् । यस पुस्तकले विश्व कम्युनिष्ट इतिहासको चित्रण गर्नुका साथै कम्युनिष्ट प्रति लाग्ने गरेका विभिन्न लाञ्छानाहरूको पनि खण्डन गरेको छ । विशेष गरी राजनीतिमा नै केन्द्रित यस पुस्तक विश्व कम्युनिष्ट राजनीतिको अध्ययन गर्नेहरूका लागि उपयोगी रहेको छ ।

### ५.४.१३ पेकिङ्ग स्वास्थ्य निवास

*पेकिङ्ग स्वास्थ्य निवास* मदनमोहन जोशीको २०१९ सालमा प्रकाशित अनूदित पुस्तिका हो । जोशीलो प्रकाशनको चौथो अङ्कको रूपमा प्रकाशित पुस्तिका प्राप्त हुन नसकेकोले चर्चा गर्न सकिएन ।

### ५.४.१४ निष्कर्ष

साहित्यकार मदनमोहन जोशीले साहित्येतर क्षेत्रमा पनि कलम चलाएका छन् । सङ्ख्यात्मक रूपमा हेर्ने हो भने उनका साहित्यिक कृतिहरू भन्दा साहित्येतर कृतिहरू नै धेरै छन् । विशेष गरी कम्युनिष्ट विचारहरूलाई समेटेर लेखिएका उनका साहित्येतर कृतिहरू राजनीति गर्नेहरूका लागि बढी उपयोगी छन् । अनुवादको क्षेत्रमा पनि कलम चलाएका मदनमोहनले विश्वका प्रख्यात कम्युनिष्ट नेताहरूको जीवनीलाई अनुवाद गरेका छन् । विश्व राजनीति सम्बन्धी पुस्तकहरू प्रकाशन गरेर मदनमोहन जोशीले आफूलाई कम्युनिष्ट विचारक र अध्ययनशील व्यक्तिको रूपमा स्थापित गरेका छन् ।

# अध्याय छ
# उपसंहार

## ६.१ परिचय

यस अध्यायमा साहित्यकार मदनमोहन जोशीको जीवनी, व्यक्तितव र कृतित्त्वको अध्ययनको सन्दर्भमा विभिन्न अध्यायहरूमा गरिएका अध्ययन र विश्लेषण गरिएको थियो । तिनै अध्यायहरूको अध्यायगत सारांश र शोधपत्र समग्र निचोड यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ६.२ अध्याय एकको निष्कर्ष

यस अध्यायमा शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन पद्धति, सामग्री सङ्कलन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । मदनमोहन जोशीको बारेमा विभिन्न लेखकहरूले विभिन्न लेखहरूलाई मूल्याङ्कन गर्दा उनी समाजसेवी, राजनीतिज्ञ र शिक्षाप्रेमी व्यक्तित्व हुन् भन्न सकिन्छ ।

## ६.३ अध्याय दुईको निष्कर्ष

यस अध्यायमा साहित्यकार मदनमोहन जोशीको जीवनी प्रस्तुत गरिएको छ । जीवनी शीर्षक अन्तर्गत वंश परम्परा, बसाइँ-सराइँ, बाल्यकाल र शिक्षा-दीक्षा, दाम्पत्य जीवन र पारिवारिक स्थिति बसोबास र आजीविका, आर्थिक अवस्था र पेसा, साहित्यिक क्षेत्रमा प्रवेश र कार्य, सामाजिक क्षेत्रमा संलग्नता, रुचि र भ्रमण, दुर्घटना र उपचार, अविष्मरणीय घटना, सम्मान तथा पुरस्कार, जीवनदर्शनका विषयमा चर्चा गरिएको छ । मदनमोहन जोशीको जीवनी अनुकरणीय रहेको छ । बन्दीपुरमा जन्मे तापनि कर्मथलो चितवनलाई बनाएका मदनमोहनले विभिन्न सङ्घर्ष गर्दै अगाडि बढेको पाइन्छ । विभिन्न सामाजिक संस्थाहरूमा काम गर्ने अवसर प्राप्त गरेका मदनमोहन जोशीको जीवन सबैको

लागि अनुकरणीय रहेको छ । आफै सङ्घर्ष गरेर अध्ययन गर्नु, देश र जनताको लागि काम गर्दा पटक-पटक जेल जीवन बिताउनु परेपनि उनी आफ्नो लक्ष्यबाट विचलित नभइ देश र जनताको पक्षमा आवाज उठाउने काम गरे । उनले गरेका कार्यहरूलाई मूल्याङ्कन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको स्पष्ट हुन्छ ।

## ६.४ अध्याय तीनको निष्कर्ष

यस अध्यायमा साहित्यकार मदनमोहन जोशीको बहुमुखी व्यक्तित्वका विषयमा चर्चा गरिएको छ । यसमा उनको आन्तरिक व्यक्तित्व, बाह्य व्यक्तित्व, साहित्यिक व्यक्तित्व, साहित्येतर व्यक्तित्वका विषयमा चर्चा गर्दै उनलाई बहुमुखी व्यक्तित्वका विषयमा चर्चा गरिएको छ भने उनको व्यक्तित्वका विषयमा विभिन्न व्यक्तित्वहरूको भनाइलाई समावेश गरिएको छ । मदनमोहन जोशी अन्तरमुखी व्यक्तित्व भएका व्यक्ति हुन् । कम बोल्ने, हाँसेर बोल्ने र काम धेरै गर्ने उनको बानीले समाजका धेरै क्षेत्रमा काम गरे । साहित्यको क्षेत्रमा हेर्ने हो भने उनी कवि र कथाकारका रूपमा स्थापित भएका छन् भने विभिन्न सङ्घ संस्थामा काम गरेर सामाजिक व्यक्तिका रूपमा चिनिएका छन् । चितवनको सन्दर्भमा हेर्ने हो भने उनको राजनीतिक जीवन पनि उच्च रहेको छ । विशेष गरी चितवनमा कम्युनिष्ट पार्टी स्थापना गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका मदनमोहनले व्यापारको क्षेत्रमा पनि कार्य गरे । उनले गरेका कार्यलाई मूल्याङ्कन गर्दा उनी बहुमुखी व्यक्तित्व हुन भन्न सकिन्छ । आफूसँग धेरै प्रतिभा भए पनि मदनमोहनले आफ्नो बाटोलाई अनुशरण गर्ने व्यक्ति आफ्नो परिवारबाट उत्पादन गर्न सकेनन् । उनले शिक्षा, राजनीति, सामाजिक विकास आदिको क्षेत्रमा गरेका कार्यले उनलाई बहुमुखी व्यक्तित्वका रूपमा चिनिएको छ ।

## ६.५ अध्याय चारको निष्कर्ष

यस अध्यायमा नेपाली साहित्यमा साहित्यकार मदनमोहन जोशीको आगमन र योगदानलाई चित्रण गरिएको छ भने उनको साहित्ययात्रालाई आभ्यासिक काल, पुस्तकहरूको प्रकाशन काल र लेख-रचनाहरूको प्रकाशन काल गरी तीन चरणमा विभाजन गरी विश्लेषण गरिएको छ । मदनमोहन जोशीले आभ्यासिक कालमा रचना गरेका कविता कथाहरूलाई सुरक्षित गर्न सकेनन् । आभ्यासिक कालमा धेरै रचनाहरू सिर्जना गरे पनि साहित्यिक कृति भने धेरै पछाडि प्रकाशित भएको छ । उनको दोस्रो चरण साहित्यिक र सामाजिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको पाइन्छ । विभिन्न साहित्य सिर्जना गर्ने मदनमोहनले

प्रायः राजनीतिक विषयवस्तुलाई नै उठान गरी कथा कविता लेखेको पाइन्छ । उनका सिर्जनामा विषयवस्तु गहन भए पनि प्रस्तुतीकरणमा नयाँपन पाइँदैन । तेस्रो चरणमा विभिनन पत्रपत्रिकामा प्रकाशित गरेका लेखहरूले उनलाई लेखकको रूपमा चिनाएको छ । परिस्थितिको चित्रण गरी लेखिएका लेखहरूले समाजका समस्या समाधान गर्नतर्फ बल पुऱ्याएका छन् ।

## ६.६ अध्याय पाँचको निष्कर्ष

यस अध्यायमा साहित्यकार मदनमोहन जोशीका प्रकाशित कृतिहरूमध्ये **म मर्दिन** कविता कवितासङ्ग्रह र **भरियाको कथा** कथासङ्ग्रहको अध्ययन-विश्लेषण गरिएको छ भने अन्य १३ वटा साहित्येतर कृतिहरूको सामान्य चर्चा गरिएको छ । साहित्य सिर्जनाको साथै अनुवादको क्षेत्रमा पनि कलम चलाएका मदनमोहन जोशी अनुवादका रूपमा स्थापित भएको विषयलाई यस अध्यायमा उल्लेख गरिएको छ । मदनमोहन जोशीले साहित्यिक भन्दा साहित्येतर कृतिहरू नै बढी प्रकाशित गरे । उनका साहित्यिक कृतिहरूले सामाजिक समस्या, दुःखीत पीडितको आवाजलाई समावेश गरेका छन् भने साहित्येतर कृतिहरू राजनीतिसँग सम्बन्धित छन् । उनले सङ्ख्यात्मक रूपमा भन्दा गुणात्मक रूपमा कृतिहरू प्रकाशन गरेको भए अझ राम्रो देखिन्थ्यो । उनका कृतिहरूमा नवीन शैली पाउन सकिँदैन । विद्रोहको शैलीमा सामाजिक समस्यालाई उजागर गरिएको पाइन्छ । साहित्यिक कृतिहरूलाई काव्यिक शील्पद्वारा परिष्कृत बनाउनतर्फ मदनमोहन जोशीको ध्यान पुगेको पाइँदैन । अनुवादको क्षेत्रमा कलम चलाएका मदनमोहन जोशीले विशेष गरी राजनीतिक व्यक्तिको जीवनी र कम्युनिष्ट पार्टीका विचारहरूलाई स्थान दिएको पाइन्छ । समग्रमा भन्नुपर्दा साहित्यकारहरू आर्थिक रूपबाट समस्यामा परेको अवस्थामा कृतिहरू प्रकाशित गरी आफ्नो विचार प्रवाह गर्न सक्नुलाई सकारात्मक रूपमा लिनुपर्छ ।

## ६.७ समग्र निष्कर्ष

साहित्यकार मदनमोहन जोशी १९९३ साल भदौ २१ गते तनहुँ जिल्लाको बन्दीपुरमा पर्ने नारायणटोलमा जन्मेका हुन् । आफ्ना बुबा गणेशमान जोशी बन्दीपुरका व्यापारी भएको कारणले उनमा पनि सानैदेखि व्यापारिक प्रभाव परेको पाइन्छ । सानैदेखि पढाइतर्फ रुचि राख्ने, अन्याय अत्याचारको विरोध गर्ने स्वभाव भएका मदनमोहन जोशीले आफ्नो पढाइसँगै साहित्यिक, राजनीतिक र सामाजिक क्षेत्रमा अगाडि बढेको पाइन्छ । पढाइको

सिलसिलामा कहिले भारतको गोरखपुर, भारतकै नरकटियागञ्ज, नेपालको काठमाडौं पुगेका मदनमोहन जोशीले कक्षा ३ सम्मको अध्ययन बन्दीपुरमा नै गरे भने थप अध्ययनको लागि आफ्ना मामासँग भारतको नरकटियामा गए । तर विरामी भएका कारण पढ्न सक्ने अवस्था नभएपछि बन्दीपुरमा नै फर्के र पढ्नको लागि उनी काठमाडौं पुगेर शान्ति विद्या गृह ठमेलमा ३ कक्षामा नै भर्ना भएर पढे र त्यहाँबाट सात कक्षा उत्तीर्ण भए । आफ्नो पिता गणेशमान जोशी भारतको गोरखपुरमा व्यापार गर्न गएको कारणले मदनमोहन जोशी पनि पढ्नको लागि भारत गए र आठ कक्षामा भर्ना भएर पढे । पढाइतर्फ अत्यन्त लगाव लाग्ने मदनमोहनले उत्तरप्रदेश शिक्षा बोर्डबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे भने स्नातकोत्तर तहसम्म त्रिभुवन विश्वविद्यालयबाट उत्तीर्ण गरे । राजनीतिशास्त्रमा विद्यावारिधि गर्ने लक्ष्य लिएका मदनमोहनको कार्य पूरा हुन सकेन । पढ्नको लागि उनले गरेको सङ्घर्ष सबैका लागि अनुकरणीय रहेको छ ।

नेपाली साहित्यको क्षेत्रमा मदनमोहन जोशीले महत्त्वपूर्ण योगदान गरेका छन् । २०१० सालमा बन्दीपुरबाट निस्कने **मुलबाटो** नामक पत्रिकामा *फोहोर* शीर्षकको कविता छपाएर औपचारिक रूपमा साहित्ययात्रा सुरु गरेका मदनमोहन जोशीले आफ्नो जीवनमा साहित्यिक र साहित्येतर गरी पन्ध्रवटा कृतिहरू प्रकाशित गरेका छन् । समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार आदि विषयवस्तु बनाएर साहित्य रचना गर्ने मदनमोहन जोशीले **मेरो एउटा प्रेमपत्र** (२०२६), **हो चि मिन्ह** (२०३२), **कम्युनिष्ट पार्टीको घोषणा-पत्र** (२०२६), **स्तालिनबारे** (२०२८), **जनताको सेवा गर** (२०३०), **कम्युनिष्ट के चाहन्छन्** (२०३६), **संविधानप्रतिको मोह भङ्ग** (२०४७), **प्रतिक्रियावादी संविधानको खैलाबैला** (२०४८), **महिला मुक्ति आन्दोलन** (२०४९), **म मर्दिन** (२०४६), **भरियाको कथा** (२०४८), **अतिबुद्धिवादीपना बराबर बेइमानीपना** (२०४५) जस्ता कृतिहरू लेखेका छन् । प्रकाशित पुस्तकहरूमध्ये **भरियाको कथा** र **म मर्दिन** कवितासङ्ग्रहले साहित्यिक भाव अभिव्यक्त गरेका छन् । यस शोधमा पनि साहित्यकार मदनमोहन जोशीको **भरियाको कथा** र **म मर्दिन** कवितासङ्ग्रहमा समग्र विश्लेषण गरिएको छ भन्ने अन्य साहित्येतर कृतिहरूको सामान्य चर्चा गरिएको छ । समग्रमा भन्ने हो भने साहित्यकार मदनमोहन जोशी नेपाली कविता, कथा, जीवनी लेखनमा परिचित भएका छन् । उनको साहित्यिक योगदानलाई अभ्यासिक काल, पुस्तक प्रकाशन काल र लेख रचनाहरूको सिर्जनाकाल गरी तीन चरणमा उल्लेख गरिन्छ ।

समाजसेवाको क्षेत्रमा मदनमोहन जोशीको स्थान पनि उच्च रहेको छ । उनलाई चितवनका अग्रणी समाजसेवी भनिन्छ । २०१३ सालमा नारायणगढ विकास समितिको सचिव भएर चितवनमा सामाजिक व्यक्तिको रूपमा स्थापित भएका मदनमोहन जोशीले २०१६ सालमा भरतपुर टाउन प्लानिङ्गको सचिव, व्यापार सङ्घ नारायणगढको प्रथम सह-सचिव, भरतपुर नारायणगढ योजना समितिको सचिव भएर सामाजिक कार्यहरू गरेका थिए । २०१९ सालमा भरतपुर गाउँ पञ्चायतको पहिलो निर्वाचित प्रधानपञ्च, २०२२ सालमा देवघाट विकास समितिको सचिव भएर मदनमोहन जोशी सामाजिक व्यक्तित्वको रूपमा स्थापित भए । यस लगायत उनी नेपाल रेडक्रस सोसाइटी, परिवार नियोजन संघ लगायतका सामाजिक संस्थाहरूको सदस्य भएर काम गरेका थिए ।

मदनमोहन जोशीलाई चितवनका अग्रणी राजनीतिज्ञका रूपमा लिने गरिन्छ । जीवनको उत्तरार्द्धतिर राजनीतिमा सक्रिय नदेखिए तापनि उनको विचारमा परिवर्तन भएको थिए । विद्यार्थी जीवनदेखि नै मार्क्सवादी दर्शनबाट प्रभावित भएका मदनमोहन जोशी २०११ सालमा बन्दीपुरमा कम्युनिष्ट पार्टीको सचिव भएका थिए । २०१४ सालमा चितवनमा कम्युनिष्ट पार्टीको स्थापना गर्ने कार्यमा महत्त्वपूर्ण योगदान गरेका थिए । आफ्ना रचनामार्फत् होस् वा विभिन्न सभा समारोहमा गएर होस् उनले आफ्नो राजनीतिक विचार निर्धक्कसँग राख्ने गर्थे । विशेष गरी अन्याय र अत्याचारको विरुद्धमा खरो रूपले उत्रने मदनमोहन जोशीलाई चितवनका कम्युनिष्टहरूले राजनीतिक अभिभावकको रूपमा लिने गर्छन् ।

शिक्षाको क्षेत्रमा पनि मदनमोहन जोशीले उल्लेख्य कार्य गरेका छन् । शिक्षक भएर पढाउने, विद्यालय स्थापना गर्ने कार्यमा उनको जीवन सक्रिय नै रह्यो । वीरेन्द्र बहुमुखी क्याम्पस, बालकुमारी कन्या मा.वि., भरतपुर माध्यमिक विद्यालयको स्थापना गर्नमा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ ।

मदनमोहन जोशी चितवनको पुराना पत्रकार हुन् । चितवनमा पत्रकारिता गर्नेहरूले मदनमोहन जोशीलाई अभिभावकका रूपमा लिने गर्छन् । उनले २०१७ सालदेखि नै विभिन्न पत्रपत्रिकामा लेख तथा समाचारहरू प्रकाशित गरेको पाइन्छ । उनले मातृभूमि साप्ताहिक, राष्ट्रिय समाचार समितिमा रहेर संवाददाताको काम गरेका थिए भने नेपाल पत्रकार महासङ्घ चितवन शाखाको स्थापना गर्ने कार्यमा पनि उल्लेख्य योगदान गरेको पाइन्छ । पत्रकारिता क्षेत्रमा उनको कलम सशक्त थियो । परिस्थितिलाई निडर भएर यथार्थरूपमा विश्लेषण गर्ने प्रवृत्तिले गर्दा उनका लेखहरू धेरै पत्रिकाहरूले प्रकाशित गर्न चाहन्थे ।

मदनमोहन जोशीले सङ्ख्यात्मक रूपमा जति धेरै कृतिहरू लेखेर चर्चा पाए त्यति चर्चा गुणात्मक हिसाबले हेर्ने हो भने पाउन सकिन्छ । आफ्ना रचनालाई काव्यात्मक र सुकोमल बनाउनतर्फ मदनमोहन जोशीको ध्यान पुगेको पाइँदैन । उनका रचनाहरूमा विचारको भेल उर्लिएको पाइन्छ भने अधिकांश साहित्य रचना राजनीतिक विषयलाई केन्द्रीत गरी लेखेका छन् । उनका कृतिहरूमा भाषागत र व्याकरणगत प्रयाप्त त्रुटिहरू पाइन्छन् । जेहोस् तत्कालीन प्रतिकूल परिस्थितिमा साहित्य सिर्जना गरी चेतना विस्तार गर्ने कार्यलाई उपलब्धिपूर्ण मान्नुपर्छ । मदनमोहन जोशीले आफ्नो विचारलाई समातेर अगाडि बढ्ने व्यक्ति उत्पादन गर्न सकेनन् । आफ्नो परिवारमा पनि साहित्य र समाज विकासको मोह कमी नै देखिन्छ । धेरै ठाउँमा उनको गुणगान गाउने गरेपनि उनका स्पष्ट विचारलाई अगाडि सारेर हिंड्ने व्यक्तिको अभाव नै देखिन्छ । आफूले सिर्जना गरेका रचनाहरूलाई पनि मदनमोहन जोशीले सुरक्षित राख्न सकेनन् भने उनका परिवारमा त्यसतर्फ चासो दिइएको पाइँदैन । उनले लेखेका र सङ्कलन गरेका कयौँ पुस्तकहरू छन् तर तिनीहरूलाई सुरक्षित गरी व्यवस्थित तरिकाले राख्नेतर्फ कसैको ध्यान गएको छैन । उनी मरेर गए पनि उनका कृतिहरूले उनलाई अमर बनाइराख्थे तर ती कृतिहरू पनि व्यवस्थित रूपले सुरक्षित गरी नराख्दा नष्ट हुने अवस्थामा छन् । उनका सिर्जना सुरक्षित हुन सकेनन् भने उनको अस्तित्व समेत समाप्त हुने भएको हुनाले कृतिहरूको सुरक्षामा ध्यान पुग्नु जरुरी रहेको छ ।

# परिशिष्ट-१

# नौलो राँको-९

# मदनमोहन जोशी विशेषाङ्कको चिनारी

## परिचय

मदनमोहन जोशी चितवनका अग्रज साहित्यकार हुन् । चितवनको साहित्यिक विकासमा उनको ठूलो योगदान रहेको छ । जोशी पुस्तक पसल सञ्चालन गरेर पुस्तकहरू विक्रीवितरण गरेर होस् वा जोशिलो प्रकाशनमार्फत् विभिन्न कृतिहरू प्रकाशन गरेर होस् उनले चितवनको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । त्यतिमात्र नभएर देशको प्रतिकूल परिस्थितिमा पनि साहित्यकारहरूको भेला गराएर २०४४ सालमा साहित्य सङ्गम चितवन नामक साहित्यिक संस्था गठन गरी निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धमा साहित्यकारहरूलाई एकताबद्ध बनाएर साहित्यिक विचारहरू प्रवाह गर्नमा पनि मदनमोहन जोशीको योगदान उच्च रहेको पाइन्छ । साहित्य सङ्गम चितवनको स्थापना, विधान तयारी र २०४७ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने कार्यमा पनि उनको उल्लेख्य योगदान रहेको छ । साहित्य सङ्गम चितवनको संस्थापक अध्यक्ष र सल्लाहकारको रूपमा रहेर संस्थाको उन्नतिमा उनको अमूल्य योगदान रहेको पाइन्छ । मदनमोहन जोशीले २०६५ साल कार्तिक २८ गते यस संसारबाट बिदा लिए पनि उनको योगदानले उनलाई अमर बनाइरहेको छ । उनले साहित्य सङ्गम चितवनमा आबद्ध भएर चितवनको प्रगतिवादी साहित्यको विकासमा पुऱ्याउनु भएको अविस्मरणीय योगदानको उच्च मूल्याङ्कन गर्दै साहित्य सङ्गम चितवनले २०६६ सालमा **नौलो राँको** अङ्क ९, मदनमोहन जोशी विशेषाङ्कको रूपमा प्रकाशित गरी उनकै सम्मानमा समर्पित गरेको छ भने मदनमोहन जोशी स्मृति पुरस्कार स्थापना गरी साहित्यकारहरूलाई सम्मान गर्दै आएको छ । हालसम्म साहित्यकारहरू खुशीराम पाखीन, जगतराज पौडेल र इन्द्र रेग्मीले मदनमोहन जोशी स्मृति पुरस्कार पाइसकेका छन् ।

साहित्य सङ्गम चितवनले **नौलो राँको**को नवौं अङ्क २०६६ मदनमोहन जोशी विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ । विशेषाङ्कको आवरण पृष्ठमा मदनमोहन जोशीको तस्वीर छापिएको छ । विशेषाङ्क प्रकाशनको लागि साहित्य सङ्गम चितवनका

अध्यक्ष भवनाथ सडौलाको संयोजकत्वमा चार सदस्यीय प्रकाशन समिति गठन भएको पाइन्छ । समितिका सदस्यहरूमा डी.आर. पोखरेल, इन्द्रप्रसाद रेग्मी र रामहरि श्रेष्ठ रहेका छन् । विशेषाङ्कलाई सम्पादन गर्नको लागि प्रधान सम्पादकको जिम्मेवारी भवनाथ सडौलाले लिएका छन् भने सम्पादकहरूमा द्वारिका नेपाल, रमेश प्रभात, पूर्णबहादुर अधिकारी र देवराज पौडेल रहेका छन् । विशेषाङ्क १ सय ३६ पृष्ठको आयाममा फैलिएको छ भने प्रकाशकीय, विषयसूची, सम्पादक मण्डल, प्रकाशन संस्था र मूल्य लेखिएको पृष्ठलाई वर्णमा उल्लेख गरी पृष्ठ क देखि च सम्म राखिएको छ । यस विशेषाङ्कमा मदनमोहन जोशीका बारेमा लेखिएका ३४ वटा लेख रचनाहरू प्रकाशित छन् भने मदनमोहन जोशीले २०२८ सालमा लेखेको चितवनको सङ्क्षिप्त इतिहास नामक लेखको पाण्डुलिपि नै समावेश गरिएको छ भने परिशिष्ट १ मा साहित्य सङ्गम चितवनको विधान समावेश गरी प्रकाशित गरिएको छ । यसै गरी परिशिष्ट २ मा साहित्य सङ्गम चितवनका आजीवन ८२ जना सदस्यहरूको नामावली प्रकाशित गरिएको छ । परिशिष्ट ३ मा साहित्य सङ्गम चितवनका वर्तमान कार्यसमिति र सल्लाहकार समितिको नामावली प्रस्तुत गरिएको विशेषाङ्कका अन्तिम ६ पृष्ठमा केही विज्ञापन समावेश गरिएका छन् । अठार वटा शुभकामना विज्ञापनलाई विशेषाङ्कका विभिन्न पृष्ठहरूमा समावेश गरिएको छ भने कभर पृष्ठको भित्री भाग, बाहिरी अन्तिम कभरको भित्री बाहिरी दुवै पृष्ठमा पनि विज्ञापन समावेश गरिएको छ । विशेषाङ्कको मूल्य नलेखी सहयोग स्वरूप रु. १००।- भनेर पृष्ठ ख मा उल्लेख गरिएको छ ।

मदनमोहन जोशी विशेषाङ्कमा प्रकाशित लेख-रचनाहरू जे-जसरी प्रकाशित भएका छन्, त्यही क्रमलाई आधार बनाएर तिनको विवरण यसरी प्रस्तुत गरिएको छ -


| क.सं. | विषयक्रम | विधा | लेखक | पृष्ठ |
|---|---|---|---|---|
| १) | चितवनको संक्षिप्त इतिहास | इतिहास | मदनमोहन जोशी | १-१३ |
| २) | क. मदनमोहन जोशीको संक्षिप्त परिचय | जीवनी | रामहरि श्रेष्ठ | १४-२२ |
| ३) | वर्गीय चरित्र मूर्धन्य व्यक्ति : मदनमोहन जोशी | ज्योतिष | कपिल अज्ञात | २३-२७ |
| ४) | मदनमोहन जोशी : व्यक्ति एक व्यक्तित्व अनेक | व्यक्तित्व चर्चा | नारायण सापकोटा | २८-३० |
| ५) | मदन दाइ एक स्मृति | संस्मरण | विद्या श्रेष्ठ | ३१-३४ |
| ६) | मेरा पथप्रदर्शक | कविता | मिजला भट्टराई | ३५ |
| ७) | स्मृतिबिम्बमा मदनमोहन जोशी | संस्मरण | हरिहर खनाल | ३६-४० |
| ८) | भरियाको कथाको कथ्यगत संसार | समीक्षा | डी.आर. पोखरेल | ४१-४७ |
| ९) | मदन दाइ मेरो सम्झनामा | संस्मरण | पोषराज पौडेल | ४८-५१ |

| | | | | |
|---|---|---|---|---|
| १०) | 'चोलानाथ' अर्थात् मदनमोहन जोशी | संस्मरण | इन्द्रप्रसाद रेग्मी | ५२-५५ |
| ११) | मरेर बाँचेका मदन दाइ | संस्मरण | रविकिरण निर्जीव | ५६-५९ |
| १२) | आफूले कम सङ्गत गरेका गम्भीर व्यक्ति मदनमोहन जोशी | संस्मरण | डा. नारायणप्रसाद खनाल | ६०-६२ |
| १३) | मदनमोहन जोशीको सम्झनामा दुईचार शब्द | पत्र | श्रीभक्त अच्युत वाग्ले | ६३ |
| १४) | सम्झनाको तरेलीमा मदनमोहन जोशी | संस्मरण | अनिल शर्मा 'विरही' | ६४-६६ |
| १५) | बिर्सन नमिल्ने नाम | कविता | होमनाथ सापकोटा | ६७-६८ |
| १६) | म मर्दिन भन्ने पनि मऱ्यो बा ! | संस्मरण | हरिहर सबिता | ६९-७५ |
| १७) | सिद्धान्तका प्रतिपादक हुन् क. मदनमोहन जोशी | संस्मरण | मोहनबहादुर कायस्थ | ७६-७९ |
| १८) | अमर जूनकिरी | कविता | मीनप्रसाद सहाय | ८०-८२ |
| १९) | स्मृतिबिम्बमा जोशीज्यू | संस्मरण | सरिता तिवारी | ८३-८५ |
| २०) | हो चि मिन्हभित्रका मदनमोहन जोशी | समीक्षा | धनेश्वर भट्टराई | ८६-८८ |
| २१) | जोशीजीलाई सम्झँदा | संस्मरण | जगतबहादुर श्रेष्ठ | ८९-९० |
| २२) | मैले चिनेको मदनमोहन | संस्मरण | लक्ष्मण श्रेष्ठ 'प्रतीक' | ९१-९२ |
| २३) | मार्क्सवाद, मदनमोहन जोशी | संस्मरण | रणेन्द्र बराली | ९३-९६ |
| २४) | कर्मयोगी मदनमोहन जोशीप्रतिका सम्झनाहरू | संस्मरण | बाबुराम पाण्डे | ९७-१०३ |
| २५) | फुल्दै लाली मदन उठ | कविता | चेतकान्त चापागाईं | १०४ |
| २६) | मदनमोहन जोशीलाई सम्झँदा | संस्मरण | कृष्णप्रसाद पण्डित | १०५-१०६ |
| २७) | विज्ञापन प्रति ल्याएपछि रकम लगे हुन्छ | संस्मरण | रह शर्मा | १०७ |
| २८) | श्रद्धाञ्जली तिमीलाई | कविता | भानुभक्त पौडेल | १०९ |
| २९) | अनुवादक मदनमोहन जोशीका सम्झना | समीक्षा | पूर्णबहादुर अधिकारी | ११० |
| ३०) | कवि मदनमोहन जोशीका सम्झना | कविता | किसानप्रेमी | १११ |
| ३१) | मदन दाइको सम्झनामा | कविता | सिन्धु पन्त | ११२ |
| ३२) | मदनमोहन जोशी र उनका राजनीतिक तीन पुस्तक | समीक्षा | द्वारिका नेपाल | ११३-११४ |
| ३३) | गजल | गजल | शारदा चौलागाईं | ११५ |
| ३४) | प्रातः स्मरणीय दाजु मदनमोहन जोशीज्यूमा हार्दिक श्रद्धाञ्जली | कविता | जगतराज पौडेल | ११६ |
| ३५) | साहित्य सङ्गम चितवन र मदनमोहन जोशीको सम्बन्ध | आलेख | भवनाथ सडौला | ११७ |

**परिशिष्ट खण्ड**

| | | | | |
|---|---|---|---|---|
| ३६) | साहित्य सङ्गम चितवनको विधान | दर्ता गरिएको | - | १२१-१२८ |
| ३७) | साहित्य सङ्गम चितवनका आजीवन सदस्यहरू | ८२ जना | - | १२९ |
| ३८) | कार्यसमिति र सल्लाहकारहरू | १७ जना | - | १३० |

साहित्य सङ्गम चितवनले मदनमोहन जोशीको सम्मानमा २०६६ सालमा प्रकाशित मदनमोहन जोशी विशेषाङ्क-




## निष्कर्ष

मदनमोहन जोशी बहुमुखी व्यक्तित्वका धनी हुन् भन्ने कुरा विशेषाङ्कमा प्रकाशित लेख रचनाहरूबाट स्पष्ट हुन्छ । चितवनको शैक्षिक, राजनीतिक र सामाजिक विकासमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । देशको प्रतिकूल परिस्थितिमा पनि निडर भएर आफ्ना विचार राख्ने जोशी साहसिक व्यक्ति पनि हुन् । पञ्चायती व्यवस्थाको विरुद्धमा आवाज उठाएको भनेर विभिन्न समयमा पक्राउ परेर जेल जीवनसमेत बिताउनु परे पनि उनी आफ्नो विचारबाट विचलित नभई झन् सक्रिय भएर देश र जनताका पक्षमा आवाज उठाएका थिए । शिक्षा, राजनीति र समाजको विकासमा उल्लेख्य योगदान गरेका मदनमोहन जोशीको सम्मानमा **नौलो राँको**को नवौं अङ्क विशेषाङ्कको रूपमा प्रकाशित गर्नु र **मदनमोहन जोशी स्मृति पुरस्कार**को स्थापना गर्नुले साहित्य सङ्गम चितवनले सङ्गमका संस्थापक मदनमोहन जोशीप्रति उच्च सम्मान गरेको छ । उनी भौतिक रूपमा यस संसारमा नरहे पनि उनको योगदानले उनलाई जीवितै राखेको छ र उनको जीवनी, व्यक्तित्व र कृतित्व सबैका लागि अनुकरणीय रहेको छ ।

# परिशिष्ट-२

# मदनमोहन जोशीका फुटकर रचनाहरूको कालक्रमिक विवरण

**क) पत्रपत्रिका खण्ड**

| क.सं. | शीर्षक | दैनिक/साप्ताहिक पत्रिका | प्रकाशित मिति |
|---|---|---|---|
| १ | हिन्दुस्तानी आप्रवासले नेपाल पनि श्रीलङ्का जस्तै बन्ने | जनधारणा साप्ताहिक, काठमाडौं | २०४८-१०-८ |
| २ | अमेरिकाली रणनीतिको विरोधमा | अनावरण साप्ताहिक, चितवन | २०५७-१२-२८ |
| ३ | मजदुरहरूको महान चाड मई दिवस | अनावरण साप्ताहिक, चितवन | २०५८-१-१८ |
| ४ | मजदुरहरूको महान चाड मई दिवश-२ | अनावरण साप्ताहिक, चितवन | २०५८-१-२५ |
| ५ | मजदुरहरूको महान चाड मई दिवश-४ | अनावरण साप्ताहिक, चितवन | २०५८-२-१९ |
| ६ | पत्रिका, पत्रकार र पीडाहरू | चितवन पोष्ट दैनिक, चितवन | २०५८-६-४ |
| ७ | आतङ्कवादीको जरोमा आतङ्कवादी हमला | चितवन पोष्ट दैनिक, चितवन | २०५८-६-१३ |
| ८ | युद्धविनाको युद्धविराम लक्ष्यविनाको वार्ता गरौं | पारदर्शी दैनिक, चितवन | २०५८-६-१९ |
| ९ | माओवादी र शेरबहादुर दुबै हारेका छन् | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-६-१७ |
| १० | युवाशक्ति विदेश पलायनको चिन्ता | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-७-५ |
| ११ | आखिर भूल कहाँ रह्यो | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-७-१४ |
| १२ | बुद्धको अनि सगरमाथाको चिन्तनबारे | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-८-१२ |

| | | | |
|---|---|---|---|
| १३ | नेपाली समाजको अग्रगामी आन्दोलन र संविधानसभाको चिन्तन | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-८-१९ |
| १४ | बुद्धिजीवीहरूको दायित्व | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-९-४ |
| १५ | संवैधानिक राजतन्त्र र हाम्रो कर्तव्य | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-९-११ |
| १६ | माओवादी र सरकार सजक हुनु जरुरी छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-९-१८ |
| १७ | यो सरकारले मुट्ठीभरी पानीमा डुबी मर्नुपर्छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-९-२५ |
| १८ | नेपालको भविष्य गणतन्त्रतर्फ उन्मुख | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१०-२ |
| १९ | समस्या माओवादीको होइन प्रतिक्रियावादीको हो | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१०-९ |
| २० | नेपालको भविष्य गणतन्त्रतिर उन्मुख | चितवन पोष्ट दैनिक, चितवन | २०५९-१०-९ |
| २१ | गृहयुद्धबाट राष्ट्रिय युद्धतिरको चरण | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१०-१६ |
| २२ | राष्ट्रियता लगातार विदेशतिर बगिरहेको छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१०-२३ |
| २३ | लालकिल्लाभित्र नेपालीको अपमान भएको छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-११-१ |
| २४ | नेपालको सिमाना समस्या बारेमा | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-११-८ |
| २५ | वार्ता जनताको निम्ति उपलब्धीमूलक हुनुपर्छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-११-१५ |
| २६ | एउटा अर्को धोकाको षठयन्त्र हुँदैछ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-११-२२ |

| | | | |
|---|---|---|---|
| २७ | अवध, तिरहुत, गंगा नदी र नेपाल | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-११-२९ |
| २८ | प्रतिगमनविरुद्ध सम्पूर्ण शक्ति एक हुनु आजको आवश्यकता हो । | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१२-६ |
| २९ | प्रलयको अभीष्ट र प्रतिक्रियावादी सौठगाँठ | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१२-२० |
| ३० | गोरखा फौजलाई इराकबाट फिर्ता बोलाई गोरखा भर्ती केन्द्र बन्द गराऔं | जनधारणा साप्ताहिक, काठमाडौं | २०५९-१२-२७ |
| ३१ | गन्तव्य निधो नभए इतिहास दोहोरिनेछ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-१-११ |
| ३२ | सन्दर्भ संविधानसभा : विश्वासहीनताको राजनीति | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-१-२५ |
| ३३ | नेपाल राष्ट्रको लागि राजा कि राष्ट्रपति | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-२-१ |
| ३४ | हतोत्साह होइन प्रोत्साहन दिन सिकौं | आदर्श समाज, नवलपरी | २०६०-२-५ |
| ३५ | नेपालीहरू रक्तदान गर्न चाहन्छन् | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-२-८ |
| ३६ | आन्दोलित जनता परिस्थिति हेर्दैछन् | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-२-१५ |
| ३७ | अहिलेको राजनीति चौबाटोमा छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-२-२२ |
| ३८ | सही आन्दोलनले मात्र कर्तव्यनिष्ठ राजनेता जन्माउँछ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-२-२९ |
| ३९ | संविधान सभा एकमात्र विकल्प हो | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-३-५ |
| ४० | कृष्ण सेन 'इच्छुक' बाट सिकौं | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-३-१२ |
| ४१ | वर्तमान संवैधानिक सङ्कट र प्रजातन्त्रको निकास-१ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-३-२६ |

| | | | |
|---|---|---|---|
| ४२ | वर्तमान संवैधानिक सङ्कट र प्रजातन्त्रको निकास-२ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-४-१ |
| ४३ | वर्तमान संवैधानिक सङ्कट र प्रजातन्त्रको निकास-३ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-४-८ |
| ४४ | वर्तमान संवैधानिक सङ्कट र प्रजातन्त्रको निकास-४ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-४-१५ |
| ४५ | वार्ता हुनुपर्छ, शान्ति कायम हुनुपर्छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-४-२२ |
| ४६ | वर्तमान परिस्थितिमा बुद्धिजीवी एवं पेशाकर्मीहरूको दायित्व | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-४-२९ |
| ४७ | वर्तमान परिस्थितिमा बुद्धिजीवी एवं पेशाकर्मीहरूको दायित्व-२ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-५-४ |
| ४८ | वर्तमान परिस्थितिमा बुद्धिजीवी एवं पेशाकर्मीहरूको दायित्व-३ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-५-११ |
| ४९ | वर्तमान परिस्थितिमा बुद्धिजीवी एवं पेशाकर्मीहरूको दायित्व-४ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-५-१८ |
| ५० | नागरिक समाज र राष्ट्रिय चिन्तन | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-६-८ |
| ५१ | सिद्धार्थ शङ्कर राय घुसेको हो त ? | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-६-१५ |
| ५२ | जो मरे पनि दाइ भाइ-मार्न पाए दाइ न भाइ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-७-२० |
| ५३ | मेरी शान्तिलाई पाउन राष्ट्रलाई बचाउनुपर्छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-७-२७ |
| ५४ | यो अवस्था कति समयसम्म लम्बिन्छ ? | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-८-११ |
| ५५ | सशस्त्र नागरिक समाजको निर्माणको परिणाम के हुन्छ ? | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-८-२५ |

| | | | |
|---|---|---|---|
| ५६ | विष-वृक्षको जरो उखेलिनेछ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-९-१० |
| ५७ | प्रजातन्त्रको बहाली अवश्यम्भावी छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-९-१७ |
| ५८ | बाहिर सुकेको, भित्र कुहेको, भीरबाट लडाइ दिएँ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-९-२४ |
| ५९ | आज मेरो मुटु हल्लियो | चितवन पोष्ट दैनिक, चितवन | २०६०-५-११ |
| ६० | युद्ध अवश्य चाहिन्छ | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-१०-११ |
| ६१ | मान सम्मानको कुरा | जनधारणा साप्ताहिक, काठमाडौं | २०६०-१०-१५ |
| ६२ | नेपालमा मानव अधिकार | चितवन पोष्ट दैनिक, चितवन | २०६०-१०-१६ |
| ६३ | चितवनको माडी कुन मुलुकमा पर्छ ? | चितवन पोष्ट दैनिक, चितवन | २०६०-११-१४ |
| ६४ | किन गर्दैछौ गोलीको दुरूपयोग ? | चितवन पोष्ट दैनिक, चितवन | २०६०-१२-१५ |
| ६५ | चोइटिएका तिर्सनालाई नियाल्दा | चितवन पोष्ट दैनिक, चितवन | २०६१-२-३२ |
| ६७ | म यो कुरा सधैं सम्झन्छु | पारदर्शी दैनिक, चितवन | २०६१-६-१ |
| ६८ | वेदनाका छालहरूमा फिजिदा | चितवन पोष्ट दैनिक, चितवन | २०६१-८-१३ |
| ६९ | नेपालका एक विभूतिः सिद्धिवन्त जोशी | पारदर्शी दैनिक, चितवन | २०६१-८-१८ |
| ७० | प्रजातन्त्रवादी मित्रहरूसँग | चितवन पोष्ट दैनिक, चितवन | २०६१-८-२५ |
| ७१ | यथार्थताका तीता सत्यहरूको रसास्वादन गर्दा | चितवन पोष्ट दैनिक, चितवन | २०६१-९-१६ |

| | | | |
|---|---|---|---|
| ७२ | बन्दीपुरको एउटा चम्किलो तारा | चितवन पोष्ट दैनिक, चितवन | २०६१-११-१२ |
| ७३ | संयमित हुनु, सफल हुनु | पारदर्शी दैनिक, चितवन | २०६२-४-९ |
| ७४ | मैले भानुभक्तलाई यसरी पढें | चितवन पोष्ट दैनिक, चितवन | २०६२-४-१ |
| ७६ | गाउँबस्ती रोइरहेको छ हेर्दा | चितवन पोष्ट दैनिक, चितवन | २०६२-४-३० |
| ७७ | बन्दीपुरका गुरु-ज्ञानहरि पण्डित | चितवन पोष्ट दैनिक, चितवन | २०६२-६-६ |
| ७८ | राष्ट्रध्यक्ष हुने अधिकार | पारदर्शी दैनिक, चितवन | २०६३-१-१० |
| ७५ | संविधान सभा कि गणतन्त्र | पारदर्शी दैनिक, चितवन | २०६३-१-१५ |
| ६६ | अनुत्पादक कामको उत्पादन | चितवन पोष्ट दैनिक, चितवन | २०६४-२-१९ |
| ७९ | गाह्रा-गाह्रा धारा-सारा नारा सारा | चितवन पोष्ट दैनिक, चितवन | २०६४-६-१३ |
| ८० | वीरेन्द्र ट्रष्ट सहिदहरूको अपमान | चितवन पोष्ट दैनिक, चितवन | २०६४-८-१५ |
| ८१ | संविधानसभा इच्छित अनिश्छित | चितवन पोष्ट दैनिक, चितवन | २०६४-१२-१२ |
| ८२ | चुनावको बेला बुझ्नु र सम्झनुपर्ने कुराहरू | चितवन पोष्ट दैनिक, चितवन | २०६४-१२-२५ |
| ८३ | संविधान सभासदहरूलाई नेपालको माया लाग्छ भने | चितवन पोष्ट दैनिक, चितवन | २०६५-१-२६ |
| ८४ | प्रचण्ड पात्र मेरो साहित्यको | चितवन पोष्ट दैनिक, चितवन | २०६५-३-१२ |
| ८५ | सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल- कस्तो ? | चितवन पोष्ट दैनिक, चितवन | २०६५-३-१९ |


| | | | |
|---|---|---|---|
| ८६ | नेपालमा मधेसीको नियत र थरुहट क्षेत्र | चितवन पोष्ट दैनिक, चितवन | २०६५-३-२४ |
| ८७ | संस्मरण सहितको भूमिका | चितवन पोष्ट दैनिक, चितवन | २०६५-४-७ |

## ख) स्मारिका खण्ड

| क.सं. | शीर्षक | स्मारिका, पत्रिकाको नाम | प्रकाशित संस्था | मिति |
|---|---|---|---|---|
| १ | भक्तभानुभक्त एक विचार | भानु | साझा प्रकाशन, काठमाडौं | २०२८ |
| २ | पाठक प्रतिक्रिया | भानु | साझा प्रकाशन, काठमाडौं | २०३० |
| ३ | कन्या | कन्या स्मारिका | बालकुमारी कन्या माध्यमिक विद्यालय, नारायणगढ | २०५७ |
| ४ | चितवन माध्यमिक विद्यालयको जन्म कहानी | वेणी स्वर्ण स्मारिका | चितवन माध्यमिक विद्यालय, भरतपुर, चितवन | २०६० |
| ५ | निद्रालाई नमस्ते | स्रष्टा त्रैमासिक | प्रगतिशील सांस्कृतिक सङ्गठन, चितवन | २०६१ |
| ६ | धमिलिदै गएको देखें खुला अकाशतर्फ | संयुक्त समावेशी आवाज, | मासिक, चितवन | २०६३ |
| ७ | नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध | नौलो राँको | साहित्य सङ्गम चितवन | २०६४ |
| ८ | गजल गगनमा गुञ्जिरहन्छ | प्रलेस, चितवन | प्रगतिशील लेखक सङ्घ, चितवन | २०६४ |

## परिशिष्ट-३

# साहित्यकार मदनमोहन जोशीको छायाचित्र



# परिशिष्ट-४

# अन्तर्वार्ता लिइएका व्यक्तिहरूको स्रोत विवरण

शोधकार्यको क्रममा शोधार्थीबाट साहित्यकार मदनमोहन जोशीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन शीर्षकको शोधपत्रको लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण यसप्रकार रहेको छ-

गोविन्दराज विनोदी - मदनमोहन जोशीका सहकर्मी साहित्यकार, गैंडाकोट, नवलपरासी

जनक अर्याल- पत्रकार, भ.न.पा.-११, चितवन

डी.आर. पोखरेल - मदनमोहन जोशीका सहकर्मी साहित्यकार एवं समालोचक, भरतपुर-१०, चितवन

द्वारिका नेपाल - सचिव- साहित्य सङ्गम चितवन, भ.न.पा.-१०, चितवन

दिव्यमोहन जोशी - मदनमोहन जोशीका साहिँला छोरा, भरतपुर-३, नारायणगढ

दिव्यश्वरी जोशी - मदनमोहन जोशीकी दिदी, भरतपुर-३, नारायणगढ

निरञ्जनप्रकाश जोशी- मदनमोहन जोशीका सौतेनी भाइ, भ.न.पा.-३, नारायणगढ

पूर्णिमा जोशी - मदनमोहन जोशीकी श्रीमती, भरतपुर-३, नारायणगढ

प्रेमविनोद नन्दन- साहित्यकार, भ.न.पा.-३, नारायणगढ, चितवन

पोषराज पौडेल- साहित्यकार, भ.न.पा.-७, कृष्णपुर, चितवन

बाबुराम पाण्डे- मदनमोहन जोशीका सहकर्मी साहित्यकार, भ.न.पा.-१२, चितवन

भागवतशरण न्यौपाने- मदनमोहन जोशीका सहकर्मी साहित्यकार, भ.न.पा.-१२, चितवन

रणेन्द्र बराली- साहित्यकार, भ.न.पा.-३, चितवन

रामहरि श्रेष्ठ - साहित्यकार, मदनमोहन जोशीका ज्वाइँ, भरतपुर-३, नारायणगढ

विद्या श्रेष्ठ - मदनमोहन जोशीकी बहिनी, भरतपुर-३, नारायणगढ

विष्णु छिमेकी- पत्रकार, भ.न.पा.-१०, चितवन

# परिशिष्ट-५

# विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता प्रश्नावली

शोधपत्र तयार गर्ने क्रममा शोधार्थीबाट शोधनायकका परिवारजन, सहकर्मी मित्रहरू, आफन्तहरूसँग **साहित्यकार मदनमोहन जोशीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि लिइएको मौखिक अन्तर्वार्ताको प्रश्नावली नमुना यसप्रकार रहेको छ-

१. साहित्यकार मदनमोहन जोशीको बाल्यकालीन स्वभाव कस्तो थियो ?

२. मदनमोहन जोशीको साहित्यिक योगदान कस्तो रहेको छ ?

३. मदनमोहन जोशीको राजनीतिक योगदानलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

४. मदनमोहन जोशीको सामाजिक योगदान कस्तो रहेको छ ?

५. मदनमोहन जोशीको शैक्षिक योगदान कस्तो रहेको छ ?

६. मदनमोहन जोशीको आर्थिक अवस्था कस्तो रह्यो ?

७. पत्रकारिता क्षेत्रमा मदनमोहन जोशीको योगदान कस्तो रह्यो ?


८. मदनमोहन जोशीका साहित्यिक कृतिहरूमा के-कस्ता विषयवस्तु समेटिएका छन् ?

९. मदनमोहन जोशीको मूल्याङ्कन कसरी गर्नुभएको छ ?


## परिशिष्ट-६

# मदनमोहन जोशीले प्राप्त गरेका सम्मानहरू




त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
सम्मान-पत्र
चितवन जिल्लाको उच्च शिक्षाको प्रथम आलोकका रूपमा प्रतिष्ठापित यस वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन (तत्कालीन वीरेन्द्र इन्टरमिडियट कलेज, वि.सं. २०२२) को सञ्चालक समितिका संस्थापक सदस्यजस्तो गरिमामय पदमा रहनुभई यस शैक्षिक संस्थाको भौतिक एवम् प्राज्ञिक उन्नयनमा मनसा-वाचा-कर्मणा यहाँले पुऱ्याउनु भएको उल्लेखनीय एवम् विशिष्ट ऐतिहासिक योगदानको उच्च मूल्याङ्कन गर्दै यहाँलाई साभिनन्दन यो सम्मान-पत्र समर्पण गरिएको छ ।
यहाँको सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर यशोभिवृद्धिका लागि हार्दिक शुभकामना ।
प्रमुख अतिथि
दिनाङ्क : २०६४/०६/२१
क्याम्पस प्रमुख


साहित्य-सङ्गम चितवन
२०४४
सम्मान-पत्र
नेपाली प्रगतिवादी साहित्य लेखनका क्षेत्रमा लामो समयदेखि साधनारत रही उल्लेखनीय योगदान पुऱ्याउनुहुने साहित्य-सङ्गम चितवनका संस्थापक अध्यक्ष श्री मदनमोहन जोशी (भनपा-३ चितवन) लाई यो सम्मान-पत्र प्रदान गरिएको छ ।
प्रमुख अतिथि
पोषराज पौडेल
अध्यक्ष
साहित्य-सङ्गम, चितवन


श्री बालकुमारी कन्या माध्यमिक विद्यालय
नारायणगढ, चितवन
२०१८
कदर-पत्र
चितवन जिल्लाको शैक्षिक जगतमा सुपरिचित संस्थाको रूपमा शिक्षाको पवित्र आलोक सर्वत्र पुऱ्याउन समर्पित यस बालकुमारी कन्या माध्यमिक विद्यालयको स्थापनाकालदेखि निकै लामो समयसम्म विद्यालय सञ्चालनार्थ तन,मन, र धनले सक्रिय रहनु भै विद्यालयको सर्वाङ्गीण विकासमा प्रतिबद्ध रहनु भएका शिक्षा अनुरागी श्री मदनमोहन जोशीज्यूलाई विद्यालयको ३९ औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा दोसल्ला सहित स-सम्मान यो कदर-पत्र प्रदान गरिएको छ।
लक्ष्मीचरण श्रेष्ठ
प्रधानाध्यापक
मिति: २०५७।१०।१६
इन्द्रलाल श्रेष्ठ
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति


नेपाल पत्रकार महासंघ
जिल्ला शाखा, चितवन
सम्मान-पत्र
नेपाल पत्रकार महासंघ चितवनको स्थापनाकालदेखि निरन्तर रुपमा क्रियाशिल रहेर पत्रकार, पत्रकारिता र महासंघको गरिमालाई उच्च राख्नु भएका स्वर्गीय पत्रकार श्री मदनमोहन जोशीलाई नवौं जिल्ला अधिवेशनको अवसरमा उच्च सम्मान गर्दै मरणोपरान्त यो सम्मान-पत्र प्रदान गरिएको छ ।
(कृष्ण गिरी)
अध्यक्ष
नेपाल पत्रकार महासंघ
जिल्ला शाखा, चितवन
मिति: २०६७/११/४
(गोविन्द आचार्य)
प्रमुख अतिथि
उपाध्यक्ष, नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति

# परिशिष्ट-७

# मदनमोहन जोशीका अप्रकाशित कृतिहरू

**क) सहिद धर्मध्वज (नाटक)**

**ख) मदनमोहन जोशीका विचारहरू (विचारसङ्ग्रह)**

## सहिद धर्मध्वज (नाटक)

मदनमोहन जोशीले आफ्नो लेखनको यात्रामा साहित्यिक र साहित्येतर गरी पन्ध्रवटा कृतिहरू प्रकाशित गरेका छन् । लेखनकै दौरानमा विभिन्न पत्र-पत्रिकामा प्रकाशित लेख रचनाहरूलाई मूल्याङ्कन गर्ने भने उनी लेखेर नथाक्ने व्यक्ति हुन् । उनले कविता , कथा र जीवनीको क्षेत्रमा कलम चलाए भने अनुवादको क्षेत्रमा पनि अगाडि नै छन् । साहित्य यात्राको दौरानमा उनले **सहिद धर्मध्वज** नामक नाटक पनि लेखेका छन् । प्रकाशन नभएर पाण्डुलिपिमै सीमित रहेको नाटकले निरङ्कुश हुकुमी शासन हटाउनको लागि २००७ सालमा नेपाली जनताले गरेको क्रान्तिलाई विषयवस्तु बनाएको छ ।

**सहिद धर्मध्वज** नाटकले बन्दीपुर, पर्सा, चितवनलाई परिवेश बनाएको छ । यथार्थ घटनामा आधारित यस नाटकमा यसका पात्र र विषयवस्तु पञ्चानब्बे प्रतिशत सत्य रहेका र नाटकलाई मिलाउनको लागि पाँच प्रतिशत काल्पनिक विषयवस्तु रहेको मदनमोहन जोशीले नै उल्लेल गरेका छन् । २००७ सालको जनआन्दोलनमा मदनमोहन जोशीका साथी धर्मध्वज गुरुङ्गले सेनाको हतियार खोस्न जाँदा सेनाको गोली लागेपछि छटपटाउँदै दौडेर धनसुन्दर श्रेष्ठको घरमा पुगेका र साथीहरूलाई क्रान्ति गर्न अगाडि बढ्नुपर्छ भन्दै सहिद भएको यथार्थ घटनालाई नाटकको विषयवस्तु बनाइएको छ ।

एक देखि आठ भागको आयाममा फैलिएको **सहिद धर्मध्वज** नाटकका पात्रहरूमा स्वयम् मदनमोहन जोशी पनि रहेका छन् । नाटकको प्रमुख पात्र धर्मध्वज नै रहेको नाटकका अन्य पात्रहरूमा सानुलाल, नेप्टे, बखानसिंह, लुरी, लप्टन्नी, मीनलाल, कमलकुमार, कान्तालाल, रामप्रसाल, मोहनसमशेर, बबरसमशेर आदि रहेका छन् । लेखनको मिति उल्लेख नगरिएको नाटक **सहिद धर्मध्वज**ले जनताको संघर्षबाट राणा शासन पतन भएको सन्दर्भ उल्लेख गर्दै पञ्चायती व्यवस्था हटाउनको लागि साहसिक आन्दोलनको खाँचो रहेको भाव स्पष्ट पारिएको छ ।

# मदनमोहन जोशीका विचारहरू

मदनमोहन जोशीले लेखेर विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका लेखहरूलाई सङ्कलन गरी **मदनमोहन जोशीका विचारहरू** नामक पुस्तकका रूपमा प्रकाशित गर्ने कार्य अगाडि बढाएको देखिन्छ । लेखहरूलाई टङ्कन गरी शुद्ध गर्ने काम पनि गरेको पाइन्छ । प्रकाशनको तयारीकै क्रममा उपचारको लागि उनी दिल्ली गए । उपचारकै क्रममा उनको निधन भयो । उनको निधन भएपछि **मदनमोहन जोशीका विचारहरू** नामक पुस्तक प्रकाशन गर्ने कार्य पनि अधुरो नै रहेको छ ।

मदनमोहन जोशीको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा उनका कृतिहरूको खोजी गर्ने क्रममा माथि उल्लेखित दुईवटा अप्रकाशित कृतिहरू उनकै निवासमा फेला परेका हुन् । सहिद धर्मध्वज नाटक मदनमोहन जोशीको बुक राख्ने दराजमा जीर्ण अवस्थामा फेला पऱ्यो । नाटक लेखिएको कापीको आवरण च्यातिसकेको छ भने नाटक लेखिएका पृष्ठहरू भने सुरक्षित नै छन् । उनको अर्को अप्रकाशित कृति विचारहरूको सङ्कलन हो । उनले जनधारणा राष्ट्रिय साप्ताहिकमा विभिन्न समयमा लेखेका लेखहरूलाई सङ्ग्रह गरी टङ्कन गरेर शुद्धाशुद्धी पनि हेरेका छन् । उनले लेखेका अप्रकाशित कृतिहरूलाई छपाएर उनका विचारलाई बाहिर ल्याउन सकेमा उनीप्रति उच्च सम्मान हुने भएको हुनाले त्यसतर्फ ध्यान जानुपर्ने आवश्यकता देखिन्छ ।

# सन्दर्भसामग्रीसूची


## क) प्रमुख सन्दर्भग्रन्थसूची

जोशी, मदनमोहन, **कम्युनिष्ट पार्टीको घोषणा-पत्र,** चितवन : जोशिलो प्रकाशन, २०२६ ।

—————, **मेरो एउटा प्रेमपत्र,** चितवन : जोशिलो प्रकाशन, २०२६ ।

—————, **स्तालिनबारे,** चितवन : जोशिलो प्रकाशन, २०२८ ।

—————, **जनताको सेवा गर,** चितवन : जोशिलो प्रकाशन, २०३० ।

—————, **हो चि मिन्ह,** चितवन : जोशिलो प्रकाशन, २०३२ ।

—————, **कम्युनिष्ट के चाहन्छन्,** चितवन : जोशिलो प्रकाशन, २०३६ ।

—————, **अतिबुद्धिवादीपना बराबर बेइमानीपना** (सहलेखन), चितवन : जोशिलो प्रकाशन, २०४६ ।

—————, **म मर्दिन** कवितासङ्ग्रह, चितवन : जोशिलो प्रकाशन, २०४६ ।

—————, **संविधानप्रतिको मोहभङ्ग**, चितवन : जोशिलो प्रकाशन, २०४७ ।

—————, **भरियाको कथा** कथासङ्ग्रह, चितवन : जोशिलो प्रकाशन, २०४८ ।

—————, **प्रतिक्रियावादी संविधानको खैलाबैला,** चितवन : जोशिलो प्रकाशन, २०४८ ।

—————, **महिला मुक्ति आन्दोलन,** चितवन : जोशिलो प्रकाशन, २०४९ ।

—————, **जोशी वंशावली,** चितवन : जोशिलो प्रकाशन, २०६१ ।

## ख) सहायक सन्दर्भग्रन्थसूची

अधिकारी, हेमाङ्कराज, र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** दोस्रो संस्करण, काठमाडौं: विद्यार्थी प्रकाशन, २०६३ ।

आचार्य, नरहरि सहित (सम्पा), **नेपाली कथा भाग-१**, सातौं संस्करण, ललितपुर : साझा प्रकाशन, २०६३ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, पाँचौं संस्करण काठमाडौं, साझा प्रकाशन २०४८ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

ज्ञवाली, सूर्यविक्रम (प्र.सम्पा) **नेपाली सङ्क्षिप्त शब्दकोश,** काठमाडौँः ने.रा.प्र.प्र., २०४० ।

त्रिपाठी, बासुदेव, **नेपाली कविता (भाग-४),** तृतीय संस्करण, ललितपुरः साझा प्रकाशन, २०५४ ।

थापा, हिमांशु, **साहित्य परिचय**, काठमाडौँः साझा प्रकाशन, ते.स. २०४७ ।

नेपाल, घनश्याम, **आख्यानको कुरा**, सिलगढी, नेपाली साहित्य प्रचार समिति, सन् १९८७ ।

नेपाल, वसन्तकुमार शर्मा, **नेपाली शब्द सागर**, काठमाडौँः साझा पुस्तक भण्डार, २०५८ ।

पोखरेल, बालकृष्ण (निर्देशक), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँः ने.रा.प्र.प्र. २०५० ।

पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, विराटनगरः श्याम पुस्तक भण्डार, वि.सं. २०४० ।

पौड्याल, कृष्णविलास, **आधुनिक नेपाली कविताकाव्य,** भोटाहिटीः नवीन प्रकाशन, २०६६ **।**

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, मोहनराज, **शब्द रचना वर्ण विन्यास,** भोटाहिटीः नवीन प्रकाशन, २०५६ ।

श्रेष्ठ, दयाराम, (सम्पा), **पच्चीस वर्षका नेपाली कथा**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी ।

## ख) शोधपत्र सूची

घिमिरे, मीनादेवी, **रविकिरण निर्जीवको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र**, चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९ ।

भट्टराई, रामजी, **साहित्यकार रामबाबु घिमिरेको जीवनी व्यक्तित्व र कृ**तित्त्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६२ ।

वाग्ले, श्रीचन्द्र, **चितवनका साहित्यिक संघ संथाहरूको सर्वेक्षण**, *२०६३,* शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।

## ग) पत्रिका सूची


अर्याल, जनकराज (सम्पादक) अग्रज पत्रकार *मदनमोहन जोशीको निधन,* **पारदर्शी दैनिक**, अङ्क १९४, २०६५ ।

अर्याल, धर्मराज (सम्पादक) *मदनमोहन जोशीको निधन,* **चितवनपोष्ट दैनिक**,अङ्क ९८, २०६५ ।

अर्याल, धर्मराज (सम्पा.) *स्वर्गीय मदनमोहन जोशीको देवघाटमा अन्त्येष्टि,* **चितवनपोष्ट दैनिक**, अङ्क ९९, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, *प्रजातन्त्रको पुनर्स्थापनापछिको चितवनको साहित्य,* ***वेणी स्वर्ण स्मारिका*** चितवन माध्यमिक विद्यालय २०६० ।

घिमिरे, सोमनाथ (सम्पादक) *चितवनको साहित्यःअति संक्षिप्त परिचय* ***नौलो राँको,*** अङ्क ४, २०२८ नौलो राँको प्रकाशन चितवन ।

थापा, नरेश, **अनामिका साहितियक लघु पत्रिका** अङ्क २, अनामिका प्रकाशन समूह, नवलपरासी, २०५९ ।

नेपाल, द्वारिका, *भरियाको कथाको भारी केलाउँदा,* **अभियान स्मारिका,** चितवन : नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ, २०६८ ।

**नौलो राँको,** मदनमोहन जोशी विशेषाङ्क, चितवन : साहित्य संगम, वर्ष-४१, अङ्क-९, २०६६ ।

पोखरेल, डी.आर. **साहित्य संगम चितवनको विगत र वर्तमान,** चितवन : साहित्य सङ्गम चितवन, २०६४ ।

पोखरेल, डी.आर., *भरियाको कथा नुनबिनाको तिहुन,* **पारदर्शी दैनिक,** २०६५, कार्तिक ५ ।

पौडेल, भेषराज, *मानिसको हृदय स्पन्दन नै साहित्य हो,* (अन्तर्वार्ता) **सञ्जीवनी साहित्यिक पत्रिका** वर्ष १ अङ्क १, सञ्जीवनी साहित्य सदन, पदमपुर चितवन २०६५ ।

बराली, रणेन्द्र, *मदन दाइको चितासँगै जल्यो मेरो मनको भकारी,* **चितवन पोष्ट दैनिक** अङ्क १०६, २०६५ ।

भट्ट, रुकु, *साहित्यको सिर्जना पाउनको लागि नभएर दिनका लागि गरिन्छ,* (अन्तर्वार्ता) **चितवन पोष्ट दैनिक** अङ्क ९, २०६३ ।

रेग्मी, इन्द्रप्रसाद, *चोलानाथ अर्थात मदनमोहन जोशी,* **चितवन पोष्ट दैनिक** *अङ्क* ११७, २०६२ ।

शर्मा, अनिल, *ताम्सालिङ क्षेत्रका कवि र कविताहरू-३,* **नयाँ अग्रगमन** मासिक, वर्ष २, पूर्णाङ्क १७, २०६५, पृ. ३० ।

सापकोटा, जनकराज, *जोशीको जोश,* **नेपाल साप्ताहिक** २०६३, चैत, काठमाडौं : कान्तिपुर पब्लिकेशन ।

सापकोटा, जनकराज *उज्ज्वल छ पत्रकारिताको भविष्य* **शान्तिकुञ्ज,** *अङ्क २, २०६३, शान्ति एकेडेमी भरतपुर ।*

सापकोटा, जनकराज *ढल्यो एउटा चितवनको इतिहास,* **चितवन पोष्ट दैनिक** अङ्क १००, २०६५ ।

सापकोटा, नारायण*, सम्झनामै रहे अब मदनमोहन जोशी,* **पारदर्शी दैनिक,** अङ्क १९५, २०६५ ।

सुवेदी, विजय *चितवनको कम्युनिष्ट आन्दोलन,* ***नवयुग*** मासिक, वर्ष १६, अङ्क २, पुष २०६२, नेकपा एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, काठमाडौं ।